# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शनिबार, असोज २८, २०७४ | Saturday, October 14, 2017 | www.newsofnepal.com | नेसं ११३७ कौला गाः १० | वर्ष २३, अंक २७१ | पृष्ठ १२ | मूल्य रु. १०/–



२ { कानले डाक्टर बनाए

५ { लाइफटाइम अचिभमेन्ट अवार्ड रानालाई

९ { व्यवसायीको सुरक्षामा सरकार गम्भीर

११ { 'उपभोक्ता आफै होसियार हुन जरूरी छ'


पार्टी कार्यालय सुनसान

# टिकट लिन नेताको घरमा भिड

**मधुसूदन रायमाझी, काठमाडौं**

उम्मेदवार छनोट गर्न भिडभाड हुनुपर्ने राजनीतिक दलका कार्यालय अहिले सुनसान छन्। आगामी मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा उम्मेदवार बन्न देशभरकै सम्भावित उम्मेदवार काठमाडौं आएका छन्।

प्रमुख राजनीतिक दलको पार्टी कार्यालय र संसदीय दलका कार्यालय सुनसान भएका छन् भने पार्टीका शीर्ष नेताहरूको घरमा बिहानदेखि बेलुकासम्म भिडभाड हुने गरेको छ।

सत्तारूढ दल नेकपा कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवार छनोट गर्न पार्टी सभापतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा १७ सदस्यीय संसदीय बोर्ड गठन गरेको छ। बोर्डले १ सय ५६ प्रतिनिधिसभा र ३ सय ३० प्रदेशसभाका उम्मेदवार छनोट गर्नेछ। समितिले समानुपातिकतर्फको उम्मेदवार पनि छनोट गर्नेछ।

कांग्रेसभित्र चारवटा गुट सक्रिय छन्। पार्टीभित्र नेताहरूको योग्यता र क्षमताको आधारमा भन्दा पनि गुटगतरूपमा उम्मेदवार छनोट हुने गरेको भन्दै नेतृत्वको आलोचना हुँदै आएको छ। पार्टीभित्र संस्थापन पक्ष र वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षबीच भागवण्डा हुने गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

मन्त्रिपरिषद् विस्तार

## कमल थापा उपप्रधानमन्त्री

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार छैठौं पटक मन्त्रिपरिषद् विस्तार गर्नुभएको छ। प्रधानमन्त्री देउवाले राप्रपाका नेताहरूलाई मन्त्री नियुक्त गर्दै शुक्रबार मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो।

राप्रपा अध्यक्ष कमल थापा उपप्रधानमन्त्री हुनुभएको छ। सरकारमा सहभागी हुने अन्य नेताहरूमा जयन्त चन्द, दिलनाथ गिरी, विक्रम थापा रहेका छन्। त्यसैगरी कुन्ती शाही, भाष्कर भद्रा, सुशील श्रेष्ठ र कान्ता भट्टराई राज्यमन्त्रीमा नियुक्त भएका छन्। थपिएका नयाँ मन्त्रीहरूलाई मन्त्रालयको नाम अझै तोकिएको छैन। नवनियुक्त मन्त्रीहरूको नाम राष्ट्रपतिसमक्ष पठाइएको छ र शपथ आज शनिबार हुने बताइएको छ।

## वाम गठबन्धनबाट भट्टराई बाहिरिए

काठमाडौं, (नेस)

नयाँ शक्ति नेपाल वाम गठबन्धनबाट बाहिरिएको छ। पार्टीले आफ्नै चुनाव चिह्नमा चुनाव लड्ने भएको छ। उसले चुनाव चिह्न आँखा लिएर चुनाव लड्ने निर्णय गरेको छ।

नयाँ शक्ति नेपाल वाम गठबन्धनमा समाहित भएको थियो। तर सिट बाँडफाँडमा सहमति हुन नसकेपछि गठबन्धनबाट बाहिरिएको थियो। नयाँ शक्तिले १५ प्रतिशत सिट मागेको थियो। माओवादी केन्द्रले नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराईलाई गोरखा क्षेत्र नम्बर २ छोड्न तयार नभएपछि गठबन्धनसँगको सम्बन्धमा चिसोपना आएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## मुख्यमन्त्रीको तलब ६४ हजार

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रदेश प्रमुखहरूले मासिक ६४ हजार तलब पाउने भएका छन् भने मासिक रूपमा ४० हजार अतिथि सत्कारका लागि पाउनेछन्।

व्यवस्थापिका संसद्को शुक्रबारको बैठकले प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक बहुमतले पारित गरेको छ। उक्त विधेयकअनुसार प्रदेश प्रमुखलाई सरकारी आवास र गाडी तथा सचिवालयसहितको सुविधा दिइएको छ। विधेयकमा मासिक ६४ हजार पारिश्रमिक, ४० हजार अतिथिसत्कार खर्च र वार्षिक १८ हजार रुपियाँ पोसाक भत्ता पाउने व्यवस्था गरिएको छ।

प्रदेश प्रमुखलाई १५ लाख रुपियाँको बीमा सुविधा दिइएको छ भने भ्रमण भत्तामा स्वदेशभित्र दैनिक ३ हजार रुपियाँ र विदेशमा ३ सय अमेरिकी डलर दिने व्यवस्था गरिएको छ। प्रदेश प्रमुखले एक दर्जन कर्मचारीसहितको सचिवालय राख्न पाउनेछन् भने निजी चिकित्सक तथा विज्ञ पनि नियुक्त गर्न पाउनेछन्।

यसै गरी शुक्रबारकै बैठकले भाषा आयोग विधेयक सर्वसम्मतिले पारित गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्रनारायण देवले पेस गर्नुभएको सो विधेयकमाथि १४ वटा संशोधन प्रस्ताव परेको थियो। राष्ट्रभाषाको स्पष्ट व्याख्या गर्नुपर्ने, आयोगलाई तीन महिला सदस्यसहित ११ सदस्यीय बनाउनुपर्ने र कावा अध्यक्ष तोक्दा अध्यक्षले तोक्ने व्यवस्था हुनुपर्ने माग गरिएको थियो। आयोग गठन भएको १३ महिनापछि भाषा आयोगको काम, कर्तव्य र क्षेत्राधिकारमाथिको ऐन संसद्ले पारित गरेको छ। यस्तै बैठकमा संविधानसभा निर्वाचन अध्ययन, अनुसन्धान तथा सुझाव संसदीय विशेष समितिको प्रतिवेदन प्रस्तुत भएको छ।

**चालू अधिवेशनमा अनुपस्थित हुने सांसदको सूची**

संसद्को चालू अधिवेशनमा लगातार दश दिनसम्म अनुपस्थित हुने सांसदहरूको नाम सार्वजनिक गरिएको छ। व्यवस्थापिका संसद् नियमावली २०७३ को नियम २२० को उपनियम (४) बमोजिम अनुपस्थित सांसदहरूको सूची सभामुखले प्रस्तुत गर्नुभएको हो।

सभामुखले प्रस्तुत गर्नुभएको सूचीमा विविध कारण लगातार १० दिनभन्दा बढी २३ जना सांसद अनुपस्थित भए। बैठकमा सबभन्दा बढी अनुपस्थित सांसदमध्ये रामकुमार सुब्बा ३१ पटक, दुर्गा पौडेल २८, डा. बाबुराम पोखरेल २७ र सूर्यकुमार शिवाकोटी १९ पटक छन्।

यसै गरी सुजाता परियार १०, भक्तबहादुर विक खपाङ्गी १०, प्रदीप गिरी ११, विष्णुप्रसाद पौडेल ११, बिलनकुमारी राजवंशी ११, रुक्मिणी चौधरी १२, जयन्त चन्द १९, श्रवणकुमार अग्रवाल ११, हरिबहादुर राजवंशी ११, गौरीकुमारी ओली ११, कल्पनादेवी महतो ११, कविताकुमारी सरदार १२, धनबहादुर घले ११, रवीन्द्रप्रताप शाह ११, कुलबहादुर गुरुङ १३, डिल्लीप्रसाद काफ्ले १९, नरहरि आचार्य ११, प्रभुनारायण चौधरी ११, अनिलकुमार यादव १२ पटक संसद् बैठकमा अनुपस्थित हुनुभयो।

संसद्को अन्तिम बैठक शुक्रबार हुने भनिए पनि प्रमुख नेताहरूको सम्बोधनका लागि संसद्को विशेष बैठक शनिबार पनि बोलाइएको छ। सभामुख मगरले संसद्को अन्तिम बैठक शनिबार ३ बजेका लागि बोलाउनुभएको छ। त्यसअघि २ बजे कर्मचारीसहितको फोटो खिच्ने कार्यक्रम रहेको छ। शनिबार नेताहरूको सम्बोधनपछि भोजको आयोजना गरिएको जनाइएको छ।

# मन्त्रीलाई कालोमोसोको डर

**ईश्वरराज ढकाल, काठमाडौं**

उपप्रधान तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठको कार्यकक्षमा शुक्रबार दिउँसो पुगेका ९ विद्यार्थी संगठनका नेताले विभिन्न नाराबाजी गर्दै बहिष्कारको धम्कीसमेत दिए।

दिउँसो १२ बजे शिक्षा मन्त्रालय पुगेका नेविसंघबाहेक ९ विद्यार्थी संगठनलाई शिक्षा मन्त्री श्रेष्ठले भेट्न समय नदिएपछि उनीहरूले मन्त्रीको सचिवालयमै नाराबाजी गरेका थिए। अनेरास्ववियु, अनेरास्ववियु क्रान्तिकारी, वैद्य निकट अखिल क्रान्तिकारी, विप्लव निकट अनेरास्ववियु, अनेरास्ववियु छैठौं, नयाँ शक्ति विद्यार्थी युनियनलगायत विद्यार्थी संगठनले मन्त्रीको सचिवालयमा केही बेर नाराबाजी गरेका थिए।

नाराबाजी गरेर मन्त्रालयको काममा बाधा पुऱ्याएपछि प्रहरी परिचालन गरेर मन्त्रालयबाट ती विद्यार्थी नेताहरूलाई हटाइएको थियो। प्रहरी हस्तक्षेपविरुद्धसमेत विद्यार्थीले नाराबाजी गरेका थिए। सचिवालयमा नाराबाजी गरेपछि कर्मचारी र विद्यार्थी नेताबीच हात हालाहाल भएको थियो। प्रहरीले सचिवालयबाट निकालेपछि विद्यार्थीले मन्त्रालयको मूल गेटमा कोणसभा गरेका थिए।

विप्लव निकट अनेरास्ववियुका अध्यक्ष पूर्णबहादुर सिंहले मन्त्रीलाई करिब एक घण्टा बन्दी बनाएर नाराबाजी गरेको बताउनुभयो। उहाँले मन्त्री र मन्त्रालयका कर्मचारीले अभद्र व्यवहार गरेपछि नाराबाजी गरेको जानकारी दिनुभयो।

नौ विद्यार्थी संगठनले हिजो शुक्रबारबाट मन्त्री बहिष्कारको घोषणा गरेका थिए। मन्त्रीलाई ज्ञापनपत्र बुझाउन जाँदा समय नदिएको कारण बाध्य भएर मन्त्रीविरुद्ध नाराबाजी गरेको जानकारी गराउँदै अनेरास्ववियुका सचिव आरसी लामिछानेले मन्त्रीविरुद्धको कार्यक्रम जारी रहने बताउनुभयो। मन्त्री भेट्न गएका विद्यार्थीले कालोमोसो दल्न सक्ने सूचना पाएपछि सचिवालयका कर्मचारीले मन्त्रीलाई भेट नदिएको एक कर्मचारीले बताए। 'कालोमोसो दल्ने नियत लिएर आएका कारण भेट गर्न नदिएको हो।' -ती कर्मचारीले दाबी गरे।

मन्त्रीको सचिवालयका अधिकृत नेत्रनारायण पौडेलले मन्त्रीसँग समय नलिई आएको कारण भेट नदिएको बताउनुभयो। 'हामीले भेट गर्न दिएनौं। विद्यार्थीले सचिवालयभित्रै नाराबाजी गरे।' -उनले भने।

विद्यार्थी संगठनले सचिवालयभित्रै नाराबाजी गरिरहँदा मन्त्री श्रेष्ठले आफ्नै कार्यकक्षमा चिकित्सा शिक्षा विधेयकको विषयमा सांसदहरूसँग छलफल गरिरहनुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)







# महानगर

डाक्टर भएपछि सक्सेसफुल हुनु जरूरी छ। थ्यौरी भएर मात्र हुँदैन। प्राक्टिकल हुनु जरूरी छ। बिरामीले डाक्टरलाई नलेज दिन्छ। त्यसैले ऊसँग झर्कनेतर्कने हैन मायाले काम गर्नुपर्छ। बिरामीलाई परिवारझैं सम्झनुपर्छ।



Go Ahead

## कानले डाक्टर बनायो



झारफुक गरी भँगेराको रगत र जडिबुटी कुटेर कानमा हालेको देखे जगदीशले। झारफुकको जादुले काम गरेको हो वा समयले। धेरै समय कान दुखेर रुँदा जगदीशको मनमा आगो बल्यो। परिवारको ग्रहदशा पन्छाउन डाक्टर पो बन्नुपर्ने रहेछ उनको दिमागमा यही सोच मडारियो। कहिल्यै अब्बल नबन्ने उनी बीएस्सीमा अब्बल बनेर निस्किए। सोचको त्यो बीउ बिरुवा बन्यो। बिरुवामा फल लाग्यो। वरिष्ठ डाक्टर जगदीशलाल वैद्य बनेर।

कमल ढकाल
dhakal_kamal@hotmail.com

राजधानीका धेरै ठाउँमा उहिलेका कुरा खुइलिए भए। देख्ने मान्छे जिउँदै हुँदाहुँदै पहिलेको स्थान र हावापानी भने मरिसक्यो। अनि अहिलेको मान्छेलाई यो ठाउँ यस्तो थियो भन्यो भने कथाझैं लाग्छ। भानुभक्त आचार्यको अलकापुरी नगरीमा जन सागरको बिस्फोटले पहिलेको परिचय बिलुप भएको छ।

कुरा ग्वार्कोको हो। २० वर्षअघि स्याल कुद्ने ठाउँ हो ग्वार्को। अहिले स्यालभन्दा बढी मान्छे कुद्दै छन्। काँडाघारी फाँडेर बनाएका घर अहिले पनि छँदैछन्। मस्तको फाँटमा लहलहाउँदा बाला झुल्थे। कोटेश्वर अनि सातदोबाटोबीचको हिजोको एकलासको ठाउँ हो ग्वार्को। दिउँसै चोर लाग्थे। चोर कुटेर मारेकोले नै यो ठाउँको नाम ग्वार्को बन्यो।

ग्वार्कोको उकालोमा भव्य बिल्डिङ बन्दा मान्छे अचम्मित पर्दथे ऊ बेलामा। भन्थे पनि किन यत्रो बिल्डिङ बनाएको होला ? दिउँसै स्याल कराउने ठाउँमा। आज कायापलट भएको छ। हिजोको भव्य बिल्डिङमा रहेको बी एण्ड बी अस्पताल आज सानो भइसकेको छ।

दुई डाक्टर बी मध्येका एक बी जगदीशलाल वैद्यलाई भेट्नु छ। अस्पतालको भीड देखेर मुस्किलझैं लाग्छ। न्युरोडका गाडीको भीड जस्तै छ मान्छेको भीड। मान्छे बचाउन चक्कु चलाउने जगदीश अपरेसन थिएटरमा हुने रहेछन् दिउँसो २ बजेसम्म। आफ्ना भन्नेको ज्यान बचाउन बिरामी कुरुवाको कुँदाकुँद देख्दा लाग्छ पीडा बोकेका मान्छे हतारमा हुन्छन्। सबैको अनुहारमा मलीन करुणा देखिन्छ।

जगदीशलाललाई यसअघि भेटेको थिइन। अहिलेसम्म भेटघाट नभएकाले चिन्न गाह्रो छ। गोरो अनुहारका सफा पोसाकको मान्छे हाँस्दै आफ्नो छेउतिर आउँदा थाहा भयो उनै रहेछन् जगदीशलाल वैद्य। कुराकानीका क्रममा आफूलाई लागेको जिज्ञासा सोधें। एउटा डक्टरले सधैं पीडासँग खेल्नुपर्छ तैपनि किन ऊ हँसिलो सुखिलो देखिन्छ ? भनिहाले डक्टरले बिमारीको पीडा कम गर्न गरेको उपचारले ल्याएको खुसी देख्न सक्नुपर्छ त्यसले नै उसलाई खुसी बनाउँछ।

तिहार आउँदै गरेको यो समयमा खुसीले पाला बालिन्छ। त्यस्तै पाला बालेर पढ्ने जगदीशलाल कुनै दिन आफू यति ठूलो डाक्टर बन्छु भन्ने सोचेका थिएनन्। साधारण पढाइ पढ्दै गरेका उनलाई जब डाक्टर बन्छु भन्ने मनमा लाग्यो। तब मात्र उनको पढाइले आश्चर्यजनक प्रगति गर्‍यो।

कुन संयोगले कसलाई छुन्छ र कति बेला को के हुन्छ सायद कसैलाई थाहा हुँदैन। आफ्नै भाइ राघवलालको पाकेको कानमा झारफुकले भँगेराको रगत र जडिबुटी कुटेर कानमा हालेको देखे जगदीशले। झारफुकको जादुले काम गरेको हो वा समयले। धेरै समय कान दुखेर रुँदा जगदीशको मनमा आगो बल्यो। परिवारको ग्रहदशा पन्छाउन डक्टर पो बन्नुपर्ने रहेछ उनको दिमागमा यही सोच मडारियो। कहिल्यै अब्बल नबन्ने उनी बीएस्सीमा अब्बल बनेर निस्किए। सोचको त्यो बीउ बिरुवा बन्यो। बिरुवामा फल लाग्यो। वरिष्ठ डाक्टर जगदीशलाल वैद्य बनेर।

साधारण सरकारी स्कुलमा पढेका उनी डक्टर बनेको आज पाँच दशक छुनै लाग्यो। डाक्टरको पढाइ सक्नेबित्तिकै सन् १९७२ मा शान्तभवन मिसन अस्पतालमा एक वर्ष काम गरे। उनलाई सर्जन बन्ने इच्छा भयो। लन्डनमा पढ्न गए। आफू भलो त जगत भलो। यही भयो उनलाई। लन्डनमा राम्रै गरे। उनलाई त्यहीं बस्न मन लागेन। १९८२ मा १३ अप्रिलमा नेपाल फर्के।

लन्डनमा राम्रै गरेकाले फर्कंदा उनका हातमा दुई अफर टिकट थियो। नाइजेरीया र ब्रुनाइको। आफ्नै देश जान्छु भनेर आएका उनी आकर्षक तलब नभए पनि ती दुवै देश गएनन्। आफ्नै देशमा बसे। फेरि पाटन अस्पताल ज्वाइन गरे। साढे १९ वर्ष त्यहाँ काम गरे। हेड अफ सर्जन भएर। वर्षमा १३०० जनाबाट ७००० जनासम्मको अप्रेसन गर्न सक्षम टिम बनाए।

डाक्टर सधैं हतारमा हुन्छ। उसलाई परिवारभन्दा पनि बिरामीको बढी याद आउँछ। संवेदनशील काम भएकाले यसमा प्रेस्टिज र रिस्क दुवै छ। १५ घन्टा काम गर्दा पनि उसले थाकें भन्न पाउँदैन। हप्ताको ७ दिन दशैं तिहार जतिबेला पनि स्टयान्डबाइ हुनुपर्ने। गजबको पेसा छ यो। आफू बिरामी भएर जान नसके फोनबाट भए पनि उपचार गर्नुपर्ने। बिरामी भएर बस्न नपाइने।

डाक्टरको लागि रिग्रेट भनेकै फेमेलीसँग टाइम दिन नपाउनु हो। जुन जगदीशको जीवनमा पनि भएको छ। अरू त अरू उनले छोराको ब्रतवन्ध र पास्नी नै छुटाएका रहेछन्। काठमाडौं नर्सिङ होममा काम गर्दाताकाको कुरा हो। शहरका एक प्रतिष्ठित मान्छेको ब्लिडिङ भयो। तत्काल अप्रेसन गर्नुपर्ने थियो। उनले रातभर चक्कु चलाउँदा बिहान साढे ८ बजे मात्र अप्रेसन सफल भयो। छोराको ब्रतवन्धको साइत पनि त्यही समयमा थियो। फेरि मंगलराज ज्योतिषलाई भनेर त्यही दिन साढे दश बजे ब्रतवन्ध गराएका छन्। त्यसै गरी लन्डनमा छोराको पास्नी थियो। रोड एक्सिडेन्ट भएर ३ दिन विदा नै बस्न नमिल्ने भयो। छोराको भात खुवाइ उनको लागि कुलेलाम भयो।

आजकल डाक्टर निकै सस्तो हुँदैछ। ३० / ४० लाखका ईंटाजस्तै भइसक्यो। पैसा भएर डाक्टर बन्ने हैन। इच्छा भएर मात्र बन्ने हो। यो कुरा बुझ्नैपर्ने भएको छ। एमबीबीएस सक्नेबित्तिकै पैसाका लागि कुद्ने चलन बढ्दो छ। त्यस्ता डाक्टरलाई जगदीशको सल्लाह छ- 'एमबीबीएसपछि एमएस् र त्यसपछि स्पेसल गर्नुपर्छ। २० वर्ष लाग्छ एउटा राम्रो डाक्टर बन्न। पैसाको पछि लागेर हिडने हैन पैसालाई पछि लगाउने हो।

डाक्टर भएपछि सक्सेसफुल हुनु जरुरी छ। थ्यौरी भएर मात्र हुँदैन। प्राक्टिकल हुनु जरुरी छ। बिरामीले डाक्टरलाई नलेज दिन्छ। त्यसैले ऊसँग झर्कनेतर्कने हैन मायाले काम गर्नुपर्छ। बिरामीलाई परिवारझैं सम्झनुपर्छ। सिन्सयरीटी हुनुपर्छ। डेडिकेसन अप टु डेट हुनुपर्छ। ट्रेनिङ सेमिनारमा जानुपर्छ। नयाँ टेक्नोलोजीसँग जानकार हुनुपर्छ।

यिनै कुरामा पारगंत भएर होला आज जगदीशसँग नाम, दाम र इनाम टन्न छ। कुपण्डोलको एउटै कोठामा कच्याककुचुक भएर बस्ने उनी आज ढोलाहिटीमा बस्छन्। घर होटेलजस्तो छ। ८ रोपनी जग्गामा स्वीमिङ पुल पनि छ। भौतिक रुपमा उनले धेरै उन्नति गरेका छन्। उनीसँग बिटल्सलगायत ५ वटा गाडी छन्। यी सबै हुन उनलाई दशकौं लागेको छ। सायद पैसाको पछि-पछि कुँदेर लन्डनमै बसेको भए नामरहित दामका मान्छे हुन्थे होलान्। आज उनी नामसहितका मान्छे बनेका छन्।

जति सुविख्यात बन्दै गए पनि उनी अभिमानी बनेका छैनन्। उस युगमा ढुंगाले किचेको हात अहिले देखाउँदै भन्छन्- 'दुःखको चिनो अहिले पनि छ। सुखको चिनो हुँदैन। दुःखको चिनो शरीरमै हुन्छ। त्यसैले मलाई कहिल्यै घमण्ड आउँदैन।

## प्रोडक्सनमा रमाउँदै कृष्ण



एउटा फिल्म निर्माण भएर रिलिजमा आउनका लागि दर्जनौं हातले पछाडि बसेर सघाइरहेका हुन्छन्। त्यसमध्येको एउटा महत्त्वपूर्ण हात हुने गर्दछ प्रोडक्सन कन्ट्रोलर तथा प्रोडक्सन डिजाइनरको। फिल्मको निर्माण कार्यको शुरूआतदेखि रिलिजसम्म पनि हर तरहले फिल्म निर्माणलाई अगाडि बढाउन कुनै पनि फिल्म निर्माण कम्पनीमा प्रोडक्सन डिजाइनरको काम महत्त्वपूर्ण हुने गर्दछ। फिल्म निर्माणको लागि सुटिङस्थल र त्यसलाई आवश्यक सामग्रीको व्यवस्था गर्ने, कलाकारहरूलाई स्पटसम्म ल्याउने पुर्‍याउने, सुटिङ, गीत रेकर्ड, डबिङ गराउने, भान्छा र खानेकुराको व्यवस्था मिलाउने, सुटिङ सेड्युल मिलाउने, फिल्मको निर्मातादेखि, निर्देशकसम्म वा सम्पूर्ण कलाकार र प्राविधिक जुटाइ उनीहरूलाई सघाउनेदेखि व्यवस्थापन गर्नेसम्मको काम प्रोडक्सन डिजाइनरको जिम्मेवारी हुने गर्दछ।

विगत एक दशकदेखि यस्तै जिम्मेवारी पूरा गर्दै आएका छन् भरतपुर चितवनका ३४ वर्षीय कृष्ण कोइराला। एक दशकअघि *दिलमा सजाएँ तिमीलाई*बाट प्रोडक्सन डिजाइनरका रुपमा नेपाली फिल्म क्षेत्रमा सक्रिय रहँदै आएका कृष्णले यस अवधिमा ४ दर्जन बढी फिल्मको प्रोडक्सनको काम गरिसकेका छन्। 'फिल्मलाई जतिसक्दो कम बजेटमा व्यवस्थित र सुचारु हिसाबले निर्माण गर्नु हाम्रो जिम्मेवारी हुन्छ', कृष्ण भन्छन्- 'यो विधाको काम गर्दा सबैलाई खुसी पार्नुपर्छ। सँगसँगै चुनौती र व्यवधान पनि भोग्नुपर्छ। व्यवधान आइपर्‍यो भन्दैमा हामीले आत्तिनचाहिँ मिल्दैन। जस्तै चुनौतीलाई पनि चिर्दै सुटिङदेखि रिलिजको अवधिसम्म खटिनुपर्छ।'

*ब्रह्मा, च्याम्पियन, रंग बैजनी, जय परशुराम, सुब्बा साव, भुल भुलैयाल*गायतका फिल्ममा प्रोडक्सन डिजाइनरका रुपमा काम गरिसकेका कृष्णको अनुभवमा केही पहिले फिल्म निर्माण गर्दा प्रोडक्सन डिजाइनर राखिँदैनथ्यो। त्यसैले पनि निर्माता निर्देशकलाई फिल्म निर्माणका लागि प्रोप्रर्टी जुटाउनदेखि अन्य व्यवस्थापन गर्न कठिनाइ पर्थ्यो। 'निर्माता निर्देशकले नै सबैतिर हेर्नुपर्दा कामको तनाव उनीहरूले बेहोर्नु पर्थ्यो। तर अहिले प्रोडक्सन डिजाइनले नै सबै मिलाइदिने भएकाले निर्माता निर्देशकलाई धेरै सजिलो भएको छ', -उनी भन्छन्।



कथा तयार भएपछि त्यसको निर्माणदेखि प्रदर्शनसम्मको डिजाइन गर्ने काम आफूहरूको हुने उनले बताए। 'प्रोडक्सन डिजाइनरले फिल्म निर्माता निर्देशकलाई अन्य विभिन्न सहयोग पनि गर्नुपर्ने हुन्छ। 'पर्दापछाडि रहेर काम गर्ने प्राविधिकमध्ये प्रोडक्सन डिजाइनर पनि एक प्रमुख अंग हो', उनी भन्छन्- 'तर कलाकार र निर्माता निर्देशकको तुलनामा फिल्मको नाममा प्रोडक्सन डिजाइनरको नाम भने त्यति आउँदैन। प्रोडक्सनप्रतिको बुझाइ फराकिलो बन्दै गएकाले अगामी दिनमा कामजस्तै नाम पनि प्राथमिकतामा पर्ला कि?'

## प्रयोगको अभ्यासमा बीबी


नेपाली चलचित्रको क्षेत्रमा फरक विषयमा फिल्म बनाउने अभ्यास अहिले आएर आएर ह्वात्तै बढेको छ। तर युवा निर्देशक बीबी (भानुभक्त) फुयाँलले भने यस्तो अभ्यास पहिले नै थालनी गरे।

मोरङका ३१ वर्षीय यी ठिटाले १२ वर्षको दौरानमा *द लास्ट किस, लभ यु म्यान, रोमान्स, रक्तभोग, च्याम्पियन* र स्पर्श गरी आधादर्जन फिल्म निर्देशन गरेका छन्। तर थोरै फिल्मको निर्देशन गरे पनि निर्माता निर्देशक बीबी यस्ता अभ्यास लागि माहिर मानिएका छन्। समलिंगीको कथामा फिल्म बनाउनु चुनौती मानिएका बेला उनले यस्तो कथा बुनेर *लभ यु म्यान* नामक फिल्म बनाइ निकै ठूलो चुनौती प्रस्तुत गरेका थिए। उनले सो फिल्ममा केटा-केटाबीचको प्रेमलाई प्रस्तुत गरेर नेपाली चलचित्र क्षेत्रमा एउटा नौलो प्रयोग गरेका थिए।

त्यसै गरी उनले चितवनको माडीमा २०६९ सालमा बोक्सीको आरोप लगाएर निर्मम तरिकाले कुटपिट गरी जिउँदै जलाएर हत्या गरिएकी महिला ढोगनीदेवी महतोको सत्य घटनामा आधारित फिल्म *रक्तभोग* बनाएका थिए। नेपालमा क्रिकेटको सम्भावना राम्रो भए पनि खेलसम्बन्धी धेरै फिल्म फ्लप भएका कारणले क्रिकेटसम्बन्धी फिल्म बनाउने साहस नगरेका बेला यस विषयमा फिल्म बनाउने हिम्मत उनले देखाएका थिए।

हाल एक नयाँ प्रोजेक्टका लागि गृहकार्य गरिरहेका फुयाँल भन्छन्- 'अरुले गरिरहेकोभन्दा भिन्दै विषयमा काम गर्न मज्जा लाग्छ। यसमा मज्जा पनि छ, चुनौती पनि।'

त्यसो त बीबी फिल्म निर्माण र निर्देशनबाहेक पछिल्लो समयमा फिल्म स्टुडियो सञ्चालन पनि गरिरहेका छन्। उनले आफ्नै लगानीमा भक्तपुरमा फुयाँल स्टुडियो सञ्चालनमा ल्याएपछि फिल्म निर्माणमा जुटेका निर्माता निर्देशकलाई समेत सजिलो भएको छ। जसका कारण पछिल्लो समयमा निर्माण भइरहेका फिल्म सुटिङका लागि उनको स्टुडियोमा पुगिरहेका छन्। 'फिल्मको सुटिङका लागि स्पट खोज्न कति कठिन छ भन्ने मैले राम्ररी भोगेको छु। त्यसैले सबै फिल्म निर्माता निर्देशकलाई सजिलो होस् भन्नका लागि स्टुडियो सञ्चालन गरेको हुँ', -उनी भन्छन्। उनको यो स्टुडियो फिल्म, टेलिफिल्म र विज्ञापनको सुटिङका लागि निर्माताहरूको पहिलो छनोट बन्न पुगेको छ। छायांकनका लागि अत्यावश्यक भौतिक पूर्वाधार के-के चाहिन्छ भन्ने अनुभव गरेकै कारण आफूले निकै सोच विचार गरेर स्टुडियो निर्माण गरेकाले फिल्मकर्मीले मन पराएको उनले बताए। उनले मध्यपुर थिमीको राधेराधेनजिकै स्टुडियो सञ्चालनमा ल्याएका हुन्। जहाँ बेडरुम, लिभिङरुम, डाइनिङ हल, जेल, हस्पिटल, अफिस, रेस्टुराँ, बार, क्रोमा सेटसहितका सुविधा उपलब्ध छन्।







### १९औं ईमेज अवार्ड

# कर्मा र अञ्जु अब्बल
# जंगमलाई लाइफटाइम अचिभमेन्ट









दामोदर न्यौपाने
रंगराज आचार्य

१९औं संस्करणको ईमेज अवार्ड भव्य समारोहका बीच सम्पन्न भएको छ। नेपाली सांगीतिक क्षेत्रमा प्रतिष्ठित मानिएको अवार्ड समारोहमा २३ विधामा पुरस्कार प्रदान गरिएको थियो।

विभिन्न मनोरञ्जनात्मक गीत, संगीत र आकर्षक नृत्यका साथ सोल्टी क्राउन प्लाजामा सम्पन्न समारोहमा *राष्ट्रिय भावनाले ओतप्रोत गीत* विधामा कर्णदासले *हाम्रो नेपाल* बोलको गीतबाट अवार्ड चुमे भने *वर्षकै उत्कृष्ट शब्द* विधामा *चिसो शहर*बाट शीतल कादम्बिनीले अवार्ड उचालिन्।

ढिलो गरी शुरू भएको समारोहमा *वर्षकै उत्कृष्ट संगीत*को अवार्ड *आज फेरि*बाट हरि लम्सालले बाजी मारे भने *वर्षकै उत्कृष्ट संगीत संयोजन*को अवार्ड *तस्बिर तिम्रो*बाट गोपाल रसाइलीले जिते। *वर्षकै उत्कृष्ट मुद्रण*को अवार्ड *कुटुमा कुटु* बोलको फिल्मी गीतबाट श्यामश्वेत रसाइलीले पाए भने *उत्कृष्ट नवकलाकार*को अवार्ड *म हाँसेको हुन्छु*बाट सुरेश लामाले लगे। त्यस्तै *युगल तथा सामूहिक गायन*को अवार्ड मुर्कुसदास र मेलिना राईले चुम्दा *फिल्मी गीत*को अवार्ड *पुरानो ढुंगाको निर जहिले रिसाउनी*को पोल्टामा पर्‍यो। *वर्षकै उत्कृष्ट गीत*को अवार्ड *साइँली*बाट हेमन्त रानाले चुमे भने *एल्बम*को अवार्ड *क्यानभास*बाट सुरजकुमार थापालाई गयो।

त्यस्तै लोकगीत विधाअन्तर्गत गायनको अवार्ड *आमा*बाट पशुपति शर्माले जिते भने *लोकदोहोरी गायन*को अवार्ड कृष्ण रेउले र जुनु रिजालले जिते। *लोकदोहोरी संकलन*को अवार्ड *शिरफूल*बाट खड्ग गर्बुजाको हातमा पर्‍यो भने *लोकदोहोरी गीत*को अवार्ड *उही खोलीमा पानी*बाट राजन गुरुङले जिते।

चमकदमकका साथ साढे ३ घण्टासम्म चलेको कार्यक्रममा नेपाली संगीत क्षेत्रमा योगदान पुर्‍याएवापत संगीतकार दीपक जंगमलाई नगद १ लाख रुपियाँसहित *लाइफटाइम अचिभमेन्टको अवार्ड* प्रदान गरियो। 'एउटा स्रष्टाको मूल्यांकनलाई सम्मान प्रदान गरेर मलाई ठूलो ऊर्जा थपिदिनुभएको छ। यसले सांगीतिक क्षेत्रमा मेरो जिम्मेवारी थपिदिएको छ।' -अवार्ड ग्रहण गरेपछि जंगमले भने।

कार्यक्रममा *म्युजिक भिडियो*को अवार्ड *म हो*बाट जीवन थापाले जिते भने *भिडियो छायाकार*को अवार्ड *मनको दाग*बाट धिरजजंग शाहले जिते। *भिडियो निर्देशन*को अवार्ड *तिलहरी*बाट निकेश खड्काले चुमे भने *वर्षकै उत्कृष्ट म्युजिक भिडियो*को अवार्ड *साइँली*बाट जीआरएफले हात पार्‍यो।


त्यसै गरी *पुरुष गायन*को अवार्ड *सताऊ या मताऊ*बाट कर्मा ग्याल्जेन बोम्जन गुरुङ पुरस्कृत हुँदा *महिला गायन*मा *म रुँदा हास्ने*बाट अञ्जु पन्तले अवार्ड चुमिन्। *पप गीत*अन्तर्गत पुरुष गायनमा *एइयो रैयो सइयो*बाट धर्मेन्द सेवानले बाजी मारे भने *महिला पप गायन*को अवार्ड *तिम्रो र मेरो सम्बन्ध*बाट सोना अमात्यले जितिन्।

कार्यक्रममा दीपक वज्राचार्य र हेमन्त रानाले गायन प्रस्तुत गर्दा माहोल थप सांगीतिक बन्न पुगेको थियो भने हास्य अभिनेता जितु नेपालको प्रहसन पनि दर्शकलाई मज्जाले हँसाउन सफल भएको थियो।










३३ वर्षे कामनाको गौरवपूर्ण
३०० विशेषांक

पहिलोपटक ३०२ पृष्ठमा नेपाली चलचित्र क्षेत्रमा रुचि राख्नु हुने, यस विषयमा अनुसन्धान र अन्वेषण गर्नुहुने तथा संलग्न सम्पूर्णका लागि उपयोगी एवम् संग्रहणीय दस्तावेज

नेपाली गीतको विकास
बलिउडको सफलता
चलचित्रमा पत्रकार
सिनेमाका ३० हस्ती
चलचित्र : मैले छोडेको बाटो
एउटा अमर गीतको गायिका र गीतकारको ३८ वर्षपछि पहिलो भेट
नेपालको फिल्म यात्रा
फिल्ममा बढ्दै छ महिला सहभागिता
नेपालभाषाका चलचित्रको यात्रा र उपलब्धि
६७ वर्षमा ९ महिला निर्देशक
चलचित्रको 'च' चर्चा
नेपाली चलचित्रमा जुनेली
हलिउडलाई पछ्याउन किन सकिँदैन !
सिनेमासँगै सुध्रिँदै हल फाइभ स्टारदेखि थोत्रासम्म कायमै
निर्यात, मौलिक निर्माण र व्यावसायिकतामा कमी
नेपालमा फेसन शो हिजोदेखि आजसम्म
प्रविधिको खोजीमा बलिउडमा नौ दिन
नेपाली सिनेमाका मुख्य कालखण्ड
कलाकर्मीको नजरमा फिल्ममा देखिएको परिवर्तन



चलचित्र विवरण

पछिल्लोपटक २०६७ सालमा प्रकाशित कामनाको २५० विशेषांकमा २०६६ सालमा प्रदर्शनमा आएका नेपाली चलचित्रको विवरणपश्चात् २०७३ सालको चैत मसान्तसम्म सार्वजनिक प्रदर्शनमा आएका १०० पृष्ठ लामो ५६७ चलचित्रको पूर्ण विवरण ।



नेपाली चलचित्रका पिता डीबी परिहारबारे नौला तथ्य

सत्य हरिश्चन्द्रका निर्देशक डीबी परिहार (परियार) का सम्बन्धमा अहिलेसम्म बाहिर नआएको विशेष सामग्री ।

कामना ३ अंकमै बन्द हुन्छ भन्थे
३ सय अंकका लागि लेखिरहेको छु

कामनाको जन्मदेखि ३०० विषेशांकबारे प्रधान सम्पादक पुष्करलाल श्रेष्ठबाट रमाइला तथ्य ।

नबोल्नेदेखि उड्नेसम्मका फिल्मको इतिहास

विश्व सिनेमाको पूर्ण जानकारी

फेरिंदै फिल्म

पुरातन शैलीलाई छोडेर नेपाली फिल्म आधुनिक र नयाँ जमानामा फेरिएको छ । उपयोगी रिपोर्ट ।

302 PAGES







सर्वत्र बजारमा उपलब्ध छ

# साहित्य

किताबहरुले जिन्दगीभर मलाई पथप्रदर्शन गर्दछन् भन्ने कुरा मलाई राम्रैसित थाहा छ।
- म्याक्सिम गोर्की

जनभाषालाई कवितामा कसरी प्रवेश गर्न दिने र जनभाषाबाट कवितालाई कसरी निकाल्ने ? यो समस्या आजको हो।
- भ्लादिमिर मायाकोबस्की

# शाकुन्तलसँग लक्ष्मीप्रसाद देवकोटा

केशव अधिकारी



महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महान् प्रतिभा हुन्। कविता विधामा उनको ख्याति धेरै चुलिएकाले सरकारले उनलाई महाकविको उपाधि दिएर सम्मान गरेको थियो। वि.सं. १९६६ मा जन्मेका उनको साहित्य सृजना शक्ति यति प्रबल थियो कि तीन महिनाको अवधिमा त्यो पनि जागिर खाएर बचेको समयमा उनी विशाल महाकाव्य शाकुन्तल रचना गर्न सफल भए। स्वयम् लक्ष्मीप्रसाद देवकोटाले आफ्नो यो प्रयासलाई राजा भगीरथको गङ्गासँग तुलना गरेका छन्।

शाकुन्तल महाकाव्यमा जम्मा २४ सर्ग छन्। पहिलो सर्ग सामान्य देवस्तुति, मङ्गलाचरणबाट आरम्भ गरिएको छ। प्रथम सर्गका ४० श्लोकसम्म शार्दूलविक्रीडित छन्द र बाँकी ४१ देखि ५० सर्गका श्लोकहरू वियोगिनी छन्दमा रहेका छन्। शाकुन्तलको दोस्रो सर्ग मालिनी छन्दबाट आरम्भ भएको पाइन्छ। दोस्रो सर्गका १६ श्लोकसम्म मालिनी र १७ औंदेखि ४९ सम्मका श्लोकमा प्रकृतिको वर्णन ज्यादै रोचक तरिकाले गरिएको छ। कवि देवकोटा मग्न भएर स्वर्गको बगैंचामा चियाउँदै कण्व ऋषिको आश्रमतिरको वातावरणको बयान गर्न थालेका छन्। तेस्रो सर्गमा स्वर्गकी अप्सरा मेनकाको आगमन भएको छ। चौथो सर्गमा आइपुग्दा अप्सरा मेनकाले अनन्त तपमा बसेका विश्वामित्र ऋषिको तप भङ्ग गर्न विभिन्न अभिनयका साथ नृत्य गर्न थाल्छिन्। मेनकाले नृत्य गर्दै ऋषिलाई यसो भन्छिन्-

*हे साधु सुन ! मूर्ख छौ सब तिमी फुस्रा कुरामा पऱ्यौ*
*ढुङ्गा आसन भो हठै व्यसन भो झन् स्वर्गबाटै झऱ्यौ।*
*शय्या एक बनाउनु मखमली बुट्टा भरी सुन्दर*
*यौटा राख त अप्सरा मृदुमुखी देखिन्छ है ईश्वर।'*

यस्ता कामुक भावका श्लोकले ऋषिको मनमा भुइँचालो जान्छ र उनको तप भङ्ग हुनपुग्छ। भुजङ्गप्रयात छन्दमा रचना गरिएको यो सर्गमा जम्मा ९८ श्लोकहरू रहेका छन्। महाकाव्यको पाँचौं सर्ग केवल ४६ श्लोकमा मात्र फैलिएको छ। यस सर्गमा मेनकासँग ऋषि विश्वामित्रको प्रेम भएर चन्द्रमुखी शिशु बालिका (शकुन्तला) को जन्म भएको र मेनकाले शकुन्तलालाई त्यही वनमा छोडेर स्वर्गतिर प्रस्थान गरेकी कुरा वर्णन गरिएको छ।

त्यस्तै महाकाव्यको छैटौं सर्गमा मेनकाले वनमा फूलको सिरान बनाएर सुताएकी शकुन्तलालाई एउटा बाजले झम्टेर लिन खोज्छ, स्वर्गबाट मेनकाले बचाउँछिन् र केही समयपछि बालिका शकुन्तलालाई कण्व ऋषिले फेला पार्दछन् अनि आफ्नो आश्रममा लगेर पोष्य पुत्रीका रूपमा पाल्न थाल्छन्। स्रग्विणी छन्दमा रचना गरिएको छैटौं सर्गमा जम्मा ५३ श्लोक रहेका छन्। महाकाव्यको सातौं सर्ग उपजाति, वसन्ततिलका, अनुष्टुप, मालिनी र स्रग्धरा छन्दमा रहेको छ। यस सर्गमा वनमा भेटिएकी अप्सरा मेनकापुत्री शकुन्तलालाई नवजात शिशुको रूपमा कण्व ऋषिले आफ्ना आश्रममा ल्याएर नामकर्मका साथै अन्य कर्मसमेत दिन्छन् र ज्यादै जतनका साथ पालनपोषण गर्न थाल्छन्। शकुन्तला पनि रुप र गुणले भरिपूर्ण हुँदै हुर्कन थाल्छिन्। यस सर्गको अन्त्यमा कवि स्वयंले लेख्दै गएर यो सर्गसम्म आउँदा कुनै गल्ती भएको रहेछ भने मलाई माफ गरिदिनुहोस् भनेर माफ मागेका छन्-

*'भाषा तोते छ मेरो अधखिल अधरा अन्कारै भित्र*
*त्यस्ती मिठी, उज्याली, विहगशिशुसँगै दाँजिदा आज भित्र*
*जो जो लेखैं सकेको कनिकुथिसँगको यो विषे क्यै विचित्र*
*झल्का पाए उज्यालो नजर दुई त्यसै चिम्लिनोस् भुलभित्र।'*

शाकुन्तल महाकाव्यको आठौं सर्गमा शिशुवस्थाबाट बाल्यकालमा प्रवेश गर्दै गरेकी शकुन्तलाले गरेका विभिन्न नखराहरूका बारेमा रोचक तरिकाले वर्णन गरिएको छ। मालिनी र अन्य छन्दमा समेत रचना गरिएको यो आठौं सर्गमा केवल ४० श्लोक मात्र रहेका छन्। यस सर्गमा पनि कवि देवकोटाले सर्गको अन्तमा आफ्नो सपना केवल सिर्जनाको मात्र हुनाले कि कालिदास स्वयम् आएर अथवा व्यासजी आफैं आएर सबै पदको सफाइ गरुन् भन्ने चाहेका छन्।

यस महाकाव्यको ९ औं सर्ग पृथ्वी छन्दमा रचना गरेर ४३ श्लोकमा सकिएको छ। यस सर्गमा पनि धेरैजसो वर्णन भनेको बालिका शकुन्तलाकै बारेमा गरिएको पाइन्छ। १० औं सर्गमा पनि शकुन्तलाकै विषयमा श्लोक रचना भएका छन्। यस सर्गमा जम्मा ४३ श्लोक रहेका छन्। यस सर्गमा राजा दुष्यन्त सिकार खेल्नका खातिर निस्केका कुराको वर्णन पाइन्छ। उनैको रूप, गुण आदिको चर्चाका खातिर धेरै शब्दहरू प्रयोग भएका छन्। कति शब्दहरू कवि आफैंले निर्माण गरेर पनि मनभित्रको समुद्रलाई बगाउनमै उनी तल्लीन रहेका देखिन्छन्। शाकुन्तल महाकाव्यको ११ औं सर्ग पञ्चमचामर छन्दबाट आरम्भ भएका ४० श्लोकले ढाकिएका र यी श्लोकमा नायक राजा दुष्यन्तको घोडाको चाल र अन्य विविध विषयको बारेमा वर्णन गरिएको छ। यस सर्गमा राजा दुष्यन्तको सिकार गर्ने कला आदिका बारेमा वर्णन गर्दै लगेर रातको बास बस्न उनी कण्व ऋषिको आश्रममा गएका हुन्छन्। महाकाव्यको १२ औं सर्ग ९२ अनुच्छेदमा फैलिएको छ। यस सर्गमा कण्व ऋषिको आश्रमको वर्णनका साथै शकुन्तला र दुष्यन्तको प्रेम प्रसङ्ग पनि परेको पाइन्छ। यसै सर्गको अन्त्यमा राजा दुष्यन्त शकुन्तलाको प्रेममा रमाइरहेकै बेला उनका मान्छेहरू आएर उनी शकुन्तलासँग बिदा भएर गएको महत्वपूर्ण प्रसङ्ग रहेको छ।

१३ औं सर्ग मालिनी छन्दमा रचिएको छ। यस सर्गमा राजा दुष्यन्तले शकुन्तललाई एक्लै छोडेर गएपछि उनी राजासँगको विछोडको विरहमा जल्न लागेकी छन्। उनका साथीहरूले उनलाई निकै जिस्क्याउँछन् र उनी केही रिसाउँछिन् पनि। सबै साथीहरूलाई छोडेर उनी वन घुम्न निस्किन्छिन् र वनमा रमाउँदै, मृगका पाठालाई माया गर्दै गरेको रोचक प्रसङ्ग छ। संयुता छन्दमा रचना गरिएको १४ औं सर्गमा शकुन्तला राजाको विछोडको विरहमा कष्टमय दिन बिताउँदै छन्। गौतमीले शकुन्तलाका साथीलाई अलि गाली गरेजस्तो गरी उनलाई खुशी पार्न अराउँछिन् र उनको खास परिचयसमेत दिन्छिन्। यो सर्ग ६६ औं अनुच्छेदसम्म फैलिएर विश्राम लिन पुगेको र प्रकृतिको वर्णन गरिएको छ। १५ औं सर्गमा पनि विरहमा डुबेकी शकुन्तलाको चित्रण भएको छ। यो सर्ग १८४ अनुच्छेदमा विस्तार भएको छ।

यस्तै १६ औं सर्ग प्रहर्षिणी छन्दमा रचना भएको र यस सर्गमा शकुन्तलाको विवाह राजा दुष्यन्तसँग भएको महत्वपूर्ण प्रसङ्ग आएको छ। जम्मा ५७ सर्गमा फैलिएको यस सर्गमा विवाहको प्रसङ्ग नै मुख्य छ। १७ औं सर्ग मन्दाक्रान्ता छन्दमा रचना भएको र राजा दुष्यन्तले शकुन्तलालाई एक्लै छोडी आफू युद्धमा गएकाले वियोगको पीडा खेपाएको छ। राजाको प्रेममा पागल भएकी शकुन्तलालाई दुर्वासा ऋषिले श्राप दिएर अझै पीडा थपिदिएको महत्वपूर्ण प्रसङ्ग पनि छ। यो सर्ग ४८ औं अनुच्छेदमा विस्तार भएको छ। १८ औं सर्ग वसन्ततिलका छन्दमा रचना भएको छ। यस सर्गमा राजा दुष्यन्तले युद्धमा जितेको खबर शकुन्तलाले सुन्न पाउँछिन् तर राजाले कुनै सन्देश नपठाउँदा उनलाई ज्यादै चिन्ता लाग्छ। शकुन्तलालाई पोष्यपिता कण्वले राजाको दरबारमा पठाएको प्रसङ्ग र पठाउने बेलामा दिएका अर्ति निकै घत लाग्दा छन्। यी श्लोकहरू आजका समेत सबै छोरीलाई काम लाग्ने छन्। घर जान लागेकी शकुन्तलाले दुष्यन्तले चिनो दिएको औंठी धारण गर्छिन् र आश्रमबाट बिदा हुन्छिन्।

२० औं सर्गमा यानमा चढेर उनी राजमहलतिर जाँदै छन् र उनका मनमा विभिन्न कुरा खेल्दै छन्। ७२ अनुच्छेदमा फैलिएको यो सर्ग शकुन्तलाले बाल्यकालको स्मृतिलाई मनमा खेलाइरहेको क्षणमा बिट मरेको छ। २१ औं सर्ग २३० अनुच्छेदमा फैलिएकाले सबैभन्दा लामो सर्ग रहेको छ। यसमा धेरै प्रसङ्गहरू जोडिएर आएका छन्। शकुन्तला अघिल्लो दिन बास बसेको ठाउँको पोखरीमा औंठी हराएर दरबारमा पुगेकी हुन्छिन्। दुर्वासा ऋषिले तेरो प्रेमीले तलाईं भुलेछ भने पनि उसले दिएको चिनो देखाइस् भने तुरुन्तै सम्झनेछ भनेर दिएको श्रापका कारण उनलाई राजाले चिन्दैनन् र इन्कार गर्छन्। अनि वनमा एक्लै रुँदै बसेको समयमा उनकी आमा मेनका आएर स्वर्गमै लिएर जान्छिन्। जब मेनका पृथ्वीमा शकुन्तलालाई लिन आइन्, त्यति बेला चट्याङ परेर पृथ्वी नै कामेकी थिइन्।

२२ औं सर्गमा आकाश राम्ररी खुलेर उज्यालो भयो। कण्वको आश्रममा भएको मृगको एउटा पाठो उफ्रिएर दौड्यो। त्यसलाई खेद्दै शकुन्तलाकी साथी श्यामा गएकी थिइन्। पाठोले गौतमी नुहाउने पोखरीमा पुऱ्यायो। त्यस पोखरीमा दुष्यन्तको औंठी भेटियो। आश्रामममा भएको किसानले राजाको औंठी चिनेर राजाप्रासादमा लिएर गयो। औंठी भेटिएपछि शकुन्तलालाई सम्झन पुगेका दुष्यन्तले आफूलाई धिक्कारे पनि शकुन्तलालाई पाउन सकेनन्। त्यसपछि उनी शकुन्तलाको वियोगको पीडा सहन थाले। केही समयपछि देवराज इन्द्रले राजालाई युद्ध गरेर जित्नको लागि स्वर्गमा बोलाउँदा उनी इन्द्रको आज्ञा पालना गर्छु भनी युद्ध गर्न स्वर्गतर्फ लागे। ५६ अनुछेदमा समेटिएको यो सर्ग पनि निकै कारुणिक छ।

यसै गरी २३ औं सर्गमा राजा दुष्यन्तको स्वर्ग प्रस्थान, स्वर्गको बयान, दुष्यन्तको युद्धकलाको वर्णन अनि विजयबारे वर्णन गरिएको छ। शाकुन्तलको २४ औं अर्थात् अन्तिम सर्गमा सवर्ग विजय गरेर फर्केका राजा दुष्यन्त खुशी हुँदै आफ्नो राज्यमा फर्कने क्रममा उनलाई कश्यप ऋषिको दर्शन गर्न मन लाग्छ र उनी कश्यपको आश्रममा जाँदा एउटा तेजिलो बालकले सिंहको बच्चाको दाँत गन्दै र उसैसँग खेल्दै गरेको दृश्यले उनलाई चकित बनाउँछ। बुझ्दै जाँदा त उक्त बालक उनकै छोरा भरत हुन्छन्। यसरी शकुन्तलासँग राजा दुष्यन्तको सुखद मिलन हुन्छ। उनी छोरा भरत र शकुन्तलालाई लिएर दरबारमा जान्छन्। यसरी शाकुन्तल महाकाव्य समाप्त हुन्छ। यसमा कवि देवकोटाले राज्य कस्तो हुनुपर्ने, नारीले कस्ता काम गर्नुपर्ने, हाम्रा धर्म-कर्म के हुन् ? आदि विषयमा गहन तरिकाले विश्लेषण गरेका छन्। अहिलेका राजनेताहरुले यसबाट पाठ सिक्नुपर्ने देखिन्छ।

कविता

## डाक्टरको व्यथा

डा. तोशिमा कार्की

मैले जीवनभर आर्जेको पढाइ, ज्ञान अनि सीप लगाएर म तिम्रा आफन्तको उपचार गर्छु। उपचार गरिरहँदा तिम्रो आफन्तमा मैले आफ्नै आफन्त देख्छु। जति चाँडो निको होस् भन्ने तिमीलाई हुन्छ त्यति नै राम्ररी मैले हेरेको बिरामी निको होस् भन्ने चिन्ता मलाई हुन्छ। तर विज्ञानले पनि धान्न नसक्ने केही भवितव्य पर्दा तिमी मलाई तिम्रो आफन्तको हत्यारा बनाइदिन्छौ।

*लौ भन अब म कसरी उपचार गरुँ ?*
*तड्पिरहेको तिम्रो आफन्तलाई विनाउपचार मर्दै गरेको म कसरी हेरुँ ?*
*छोएर अब छोइपासो बनूँ कि सीधै नहेरी रिफर गरुँ ?*
*'हत्यारा' नै हुनु थियो त बन्दुक बोक्थें, बारुद खेल्थें होला।*
*साथीभाइ खेलिरहँदा म किताबमा मुन्टो किन जोत्थें होला ?*
*यत्रो वर्ष, चाडपर्व, बिदा, दिन या रात नभनी किन पढ्थें होला ?*
*हत्यारा बन्नकै लागि यत्रो महनत किन गर्थें होला ?*

*चाहे मलाई अस्पतालको कर्मचारी भन या देशकै सेवक*
*मेरो पेसा-धर्म छ एक र म हुँ यसकै नैतिक सेवक।*

*खुशी हुन्छु म,*
*जब मैले हेरेको बिरामी स्वस्थ मुस्कानसहित घर फर्किन्छ,*
*त्यही मुस्कानको लागि उपलब्ध स्रोत-साधनमा इमानदार परिश्रम गर्छु।*
*तर केही रोग, केही समस्या यति जटिल हुन्छन् कि*
*विज्ञान पनि नतमस्तक हुन्छ,*
*सयौं कोशिशका बाबजुद पनि मृत्यु रोक्न सकिँदैन।*

*म त तिम्री आमामा आफ्नी आमा देख्थें,*
*म त तिम्रो बुबामा आफ्नै बुबा देख्थें,*
*भए त मसँग अमरत्व बुटी, मेरा बा-आमा शायद अमर हुन्थे।*
*भए त मसँग अमरत्व बुटी, म आफू नै शायद अमर हुन्थें।*
*तर मलाई डर लाग्छ मृत्युसँग,*
*हो, मलाई डर लाग्छ तिमीले ल्याउने आक्रोशित भीडसँग*
*सबसे बढी ,मलाई डर लाग्छ आफैंसँग।*
*किनकि मभित्र एक नेक मानव छ,*
*जो दु:खी, दरिद्री बिरामीको उपचार गर्न चाहन्छ।*
*त्यसैले डर लाग्छ मलाई आफैंसँग*
*किनकि अहिले मभित्रको डाक्टर डराइरहेको छ,*
*डर लाग्छ मलाई मभित्रको डाक्टरको मृत्युसँग।*

*आग्रह छ मेरो,*
*मैले बिरामी हेर्ने ठाउँ शान्तिक्षेत्र बनाइदेऊ,*
*अस्पतालमा हुलदङ्गा तोडफोड निषेध गराइदेऊ,*
*बरु गल्ती नै भए मेरो, छानबिन गरी सजाय सुनाइदेऊ,*
*तर बिन्ती उपचाररत मेरा अन्य बिरामीलाई नतर्साइदेऊ।*

*हो, बरु गल्ती नै भए मेरो, छानबिन गरी सजाय सुनाइदेऊ,*
*तर बिन्ती विनाप्रमाण मलाई 'हत्यारा' नबनाइदेऊ।*

*याद राख,*
*जुन दिन साँच्चै नै मभित्रको डाक्टर मर्नेछ,*
*शायद म कुनै बिरामी नै हेर्ने छैन।*
*शायद म कुनै बिरामी नै छुने छैन,*
*त्यस बेला तिम्रो भीडले त मलाई माफी देला !*
*त्यस दिन म त बाँचुला, तिम्रो भीडदेखि बाचुँला,*
*तर उपचार भए बाँच्न सक्ने तिम्रो आफन्त*
*विनाउपचार मऱ्यो भने कसले फर्काइदेला ?*

*त्यस दिन म त बाँचुला, तिम्रो भीडदेखि बाचुँला,*
*तर आफ्नो पेसा धर्मबाट हात धोएर*
*मभित्र मरिसकेको डाक्टर कसले ब्युँताइदेला ?*

*अनि,*
*अनि जुन दिन मजस्ता 'म'हरुभित्रका डाक्टरहरु एकाएक मर्नेछन्,*
*हे देश, मलाई डर लाग्छ यहाँ कति बिरामी विनाउपचार मर्नेछन्...।*

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

# साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असोज २८ देखि कार्तिक ३ गतेसम्म

**मेष**
तपाईंका लागि यो साताका शुरुका दिनहरु शुभ फलदायक छैनन्। स्वास्थ्यमा समस्या आउन सक्छ। व्यापार व्यवसायमा अनेक बाधा-व्यवधान आउन सक्छ। चिताएभन्दा बढी खर्च हुनाले आर्थिक सन्तुलन मिलाउन गाह्रो पर्ला। मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट पुग्ने सम्भावना छ। तर अन्तिमका तीन दिनमा भने राम्रो छ। शारीरिक स्वस्थता, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ।

**वृष**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। आज शनिबार समय अनुकूल देखिँदैन भने आइतबारदेखि तीन दिनसम्म समय बलियो छ। गरेका काम सफल हुनेछन्। भोजभतेरमा सहभागी भइएला। कतैबाट थोरै भए पनि आम्दानी होला। तर बुधबार र बिहीबार स्वास्थ्यमा समस्या आउन सक्छ। हुन लागेको काममा बाधा आइपर्न सक्छ। सजगता अपनाउनुपर्ला।

**मिथुन**
तपाईंका लागि यो सातामा के गरौं र कसो गरौंको स्थिति आउला। कुनै दिन भाग्य नै चम्किनेछ भने कुनै दिन अनेक झमेला र दु:ख आइपर्ला। आज शनिबार, बुधबार र बिहीबार तपाईंका लागि अनुकूल समय छैन। यी दिनहरुमा सफलता हासिल गर्न कठिन होला। तर बाँकी दिनहरुमा भने सुख-शान्ति, शुभ खबर प्राप्ति, उन्नति-प्रगति, आम्दानीको सम्भावना छ।

**कर्कट**
यो साता तपाईंका लागि त्यति फलदायक देखिँदैन। हुन लागेका काम पनि रोकिने सम्भावना छ। आफन्तजनबाट धोका मिल्न सक्छ। आर्थिक भारले गर्दा तनाव झेल्नुपर्ला। स्वास्थ्यले समेत साथ नदिन सक्छ। तर आइतबार, बुधबार र बिहीबार भने तपाईंले सफलता हासिल गर्न सक्नुहुनेछ। प्रयास गरेमा कतैबाट केही आम्दानी हुनसक्छ। सम्मान एवम् पुरस्कार प्राप्तिको सम्भावना छ।

**सिंह**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। आज समय परिस्थितिले तपाईंलाई पछाडि पार्नेछ भने भोलि आइतबारदेखि तपाईंका लागि समय अनुकूल देखिन्छ। कार्यहरु सफल हुनेछन्। आम्दानीमा बढोत्तरी होला। इज्जत-प्रतिष्ठा बढ्ला। तर बुधबारबाट स्वास्थ्यमा समस्या आउला। खानपानमा सजग हुनुपर्ने देखिन्छ। अँटेका काममा बाधा-व्यवधान आइपर्ला। आर्थिक अभाव होला।

**कन्या**
तपाईंका लागि साताको अन्त्यका तीन दिन धेरै फलदायी देखिन्छन्। आर्थिक लाभ हुनुका साथै खाद्यान्न प्राप्ति होला। भाग्योदय, उपहारादि वस्तु प्राप्ति, शुभ खबर प्राप्ति, मित्रजनबाट सहयोग हुनेछ। कतैबाट स्वागत-सत्कार हुनाले हर्षविभोर, आत्मसन्तुष्टि होला। तर भोलि आइतबारबाट मंगलबारसम्म निरर्थक खर्च, आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका नहोला भन्न सकिन्न।

**तुला**
यस हप्ताका बढीजसो दिन तपाईंका लागि शुभ छन्। गरेका कार्यहरु सफल हुँदा सुखानुभूति हुनेछ। कतैबाट खाद्यान्न लाभ होला। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। उपहारस्वरुप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्नेछ। धन हानि, मान हानिको सम्भावना छ। धैर्य गर्नुहोला।

**वृश्चिक**
तपाईंका लागि यो साता सुख-समृद्धिदायक छ। बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुने, सुख-सन्तोष हुनेछ। राज्यको सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियतासमेत बढ्नेछ। आफ्नो गरिरहेको व्यवसायबाट यथेष्ट फाइदा हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने आर्थिक नोक्सानी, अस्वस्थता एवम् तनाव होला।

**धनु**
साताको मध्य अवधिसम्म दिनहरु हितकर छैनन्। पारिवारिक विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप, हुन लागेको काममा रोकावट हुने सम्भावना छ। तर बुधबारबाट भने दिनहरु शुभ छन्। सबै समस्या समाधान हुनेछन्। आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, शत्रुमाथि विजय, लेखाइ-पढाइमा सफलता, वाहनको इच्छा हुनेहरुलाई वाहन लाभको सम्भावना छ।

**मकर**
तपाईंका लागि यो साता त्यति शुभ फलदायक देखिँदैन। मान-सम्मानमा आघात पर्ने सम्भावना छ। गरेका कार्यहरु सफल हुन कठिन होला। निरर्थक खर्च, अनावश्यक हैरानी बेहोर्नुपर्ला। रुघाखोकीले सताउन सक्छ। परिश्रम धेरै तर प्रतिफल कम प्राप्त हुनेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने सुख-सन्तोष हुने, स्वास्थ्य तन्दुरुस्त हुने, आर्थिक लाभ हुने सम्भावना छ।

**कुम्भ**
तपाईंका लागि यो साताका सबैजसो दिनहरु उत्तम फलदायक नै देखिन्छन्। पुरस्कार-सम्मान प्राप्ति हुने सम्भावना छ। धनलाभ हुने, राम्रो कामको थालनी हुने देखिन्छ। सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता होला। परीक्षा, खेलकुद, मुद्दामामिला अदिमा विजयको सम्भावना छ। तर बुधबारचाहिँ समय प्रतिकूल छ। आर्थिक क्षति, स्वास्थ्य समस्या हुने देखिन्छ।

**मीन**
तपाईंका लागि यो साताको शुरु र अन्त्यका गरी दुई दिनबाहेक सबै दिनहरु उपलब्धिमूलक देखिन्छन्। व्यापार व्यवसाय गरेको भए मनग्य फाइदा होला। जागिरे भए पदोन्नतिको सम्भावना, विद्यार्थी भए पठनपाठनमा सफलता हुने देखिन्छ। साथै सामान्य परिश्रमबाट पनि नचिताएको धन वा पैसा प्राप्तिको सम्भावना छ। तर आज शनिबार र शुक्रबारको दिन भने अनुकूल देखिँदैन।

{ १ सय रुपियाँमा विद्यार्थी पढाउँदै आएको समताले १ सय रुपियाँमै नर्स पढाउने योजनाअनुसार अस्पताल विस्तार गर्न लागेको जनाएको छ। १ सय रुपियाँमै पीसीएल र बीएस्सी नर्सिङ कार्यक्रम चलाउने योजनाअनुसार जग्गा भाडामा लिई अस्तपाल विस्तारका लागि सरकारसँग अनुमति मागेको समता अस्पतालले बताएको छ।

## प्रहरी दिवस सम्पन्न

# यस वर्षको लाइफ टाइम अचिभमेन्ट अवार्ड रानालाई

नेपाल समाचारपत्र
काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्यमा ६२औं प्रहरी दिवस शुक्रबार सम्पन्न भएको छ।

प्रधानमन्त्री देउवाले यस वर्ष अमरत्व प्राप्त गर्नुभएका प्रहरी जवान तथा अधिकृतका परिवारलाई कदरपत्र प्रदान गर्नुभएको थियो।

सो अवसरमा प्रधानमन्त्री देउवाले 'प्रहरी दर्पण २०७४' को लोकार्पण गर्नुका साथै पूर्वप्रहरी महानिरीक्षक कुबेरसिंह रानालाई लाइफ टाइम अचिभमेन्ट अवार्डसमेत प्रदान गर्नुभयो।



प्रधानमन्त्री देउवाले इतिहासका विभिन्न कालखण्डमा अनेकन चुनौतिहरू सामना गर्दै नागरिकहरूलाई सुरक्षाको अनुभूति दिलाउन संगठनका कर्मठ सदस्यहरूले निर्वाह गरेको भूमिका उल्लेखनीय रहेको र इतिहासका पानाहरू हरेक नागरिकको हृदयमा कहिल्यै नमेटिने गरी अंकित भएको बताउनुभयो।

प्रधानमन्त्री देउवाले संयुक्त राष्ट्र संघको अनुरोधमा विदेश स्थित विभिन्न मुलुकहरूमा शान्ति स्थापनार्थ सञ्चालित मिसनहरूमा उत्कृष्ट प्रदर्शन गर्दै नेपाल प्रहरीले अन्तर्राष्ट्रिय स्तरमा समेत राष्ट्रको पहिचानलाई स्थापित गर्न सशक्त भूमिका निर्वाह गरेको बताउनुभयो।

प्रधानमन्त्री देउवाले दुई दशकपछि भएको स्थानीय तहको निर्वाचन सम्पन्न गर्न नेपाल प्रहरीले पुऱ्याएको योग्दान महत्त्वपूर्ण रहेको बताउँदै प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन पनि शान्तपूर्ण रूपमा सम्पन्न गर्न नेपाल प्रहरीको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गर्नुभयो।

गृहमन्त्री जर्नादन शर्माले ६२औं प्रहरी दिवस २०७४ को शुभअवसरमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षकलगायत सकल प्रहरी कर्मचारीहरू तथा सेवा निवृत्त हुनुभएका पूर्वप्रहरी कर्मचारीहरूलाई बधाई तथा शुभकामना दिनहुँदै आजको यस विशेष दिनमा देश र जनताको सेवामा आफ्नो जीवन न्यौछावर गर्नुहुने सम्पूर्ण अमर प्रहरीहरूप्रति विशेष सम्मानभाव एवं कर्तव्यपालनाका दौरानमा घाइते हुनुभएका सम्पूर्ण प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो। गृहप्रशासन सुधार मार्गचित्र २०७४ अनुसारका कार्यहरू गर्न र नेपाल प्रहरी संगठनको सुदृढीकरणका लागि राज्यको क्षमताले भ्याएसम्म नेपाल प्रहरीलाई साधनश्रोत सम्पन्न बनाउन आफूप्रतिबद्ध रहेको समेत उहाँले बताउनुभयो।

उक्त अवसरमा लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मानित पूर्वप्रहरी महानिरीक्षक कुबेरसिंह रानाले आफू सम्मानित भएकोमा हर्षविभोर प्रकट गर्दै सम्मान व्यक्तिगत र व्यवसायिक जीवनको एउटा अत्यन्त अमूल्य निधिका रूपमा लिएको बताउनुभयो।

कार्यक्रममा प्रहरी महानिरीक्षक प्रकाश अर्यालले धन्यवाद ज्ञापन गर्नुहुँदै प्रहरी दिवस नेपाल प्रहरी संगठनले कानुनी हैंसियत ग्रहण गरेको दिनको सम्झनामा प्रत्येक वर्ष आयोजना गरिने समारोहमा नेपाल प्रहरीका तर्फबाट बिगत र यस वर्षमा व्यवसायिकताको बलिवेदीमा प्राण आहुती गर्ने अमर तथा वीर प्रहरी कर्मचारीहरूप्रति श्रद्धासुमन अर्पण गर्नुभयो।

## समतालाई एक सय बेडको अस्पताल सञ्चालन गर्न स्वीकृत

काठमाडौं, (नेस)

सरकारले समता अस्पताललाई ५० वर्षका लागि जग्गा भाडामा लिई १ सय बेडको अस्पताल सञ्चालन गर्न स्वीकृति दिएको छ।

मन्त्रिपरिषद् बैठकले ५० बेडको सो अस्पताल गैरनाफामुखी र विशेष प्रकृतिको भन्दै भाडाको जग्गामा स्तरोन्नति गर्न स्वीकृति दिएको हो। समताले काठमाडौंको बौद्धमा १० रोपनी जग्गा भाडामा लिएर गत वर्षदेखि ५० बेडको अस्पताल सञ्चालन गर्दै आएको थियो। सो अस्पतालमा १ सय रुपियाँमै महँगा भनिएका भिडियो एक्सरे, थाइराइडलगायतको परीक्षण गर्ने तथा विशेषज्ञ उपचार सेवा दिने गरिएको छ।

१ सय रुपियाँमा विद्यार्थी पढाउँदै आएको समताले १ सय रुपियाँमै नर्स पढाउने योजनाअनुसार अस्पताल विस्तार गर्न लागेको जनाएको छ। १ सय रुपियाँमै पीसीएल र बीएस्सी नर्सिङ कार्यक्रम चलाउने योजनाअनुसार जग्गा भाडामा लिई अस्तपाल विस्तारका लागि सरकारसँग अनुमति मागेको समता अस्पतालले बताएको छ।

स्वास्थ्य मन्त्री गिरिराजमणि पोखरेलले १ सय रुपियाँमै स्तरीय उपचार सेवासहित पीसीएल तथा बीएस्सी नर्सिङ सञ्चालन गर्ने उद्देश्यका साथ प्रस्ताव आएपछि विशेष प्रकृतिको अस्पतालका रूपमा जग्गा भाडामा लिई सञ्चालन गर्न स्वीकृति दिएको बताउनुभयो। समताले यसै शैक्षिक वर्षदेखि १ सय रुपियाँमा पीसीएल र बीएस्सी नर्सिङ कक्षा सञ्चालन गर्ने तयारीमा रहेको छ।

## गठबन्धन नेपालको आवश्यकता : भुसाल

नेपाल समाचारपत्र
भक्तपुर

नेकपा माओवादी केन्द्रका प्रवक्ता पम्फा भूसालले बाम गठबन्धन विदेसीको इसारामा नबनेको बताउनुभएको छ।

रफत सञ्चार क्लबले आयोजना गरेको साक्षात्कार कार्यक्रममा बाम गठबन्धन नेपालका बामपन्थीका साथै नेपालको आवश्यकतालाई ध्यान दिँदै निर्माण गरेको र विदेसीको इसारामा नबनेको बताउनुभएको छ।

उहाँले निर्वाचनलाई लक्षित गरेर बनेको बाम गठबन्धमा आवद्ध भएका राजनीति दलहरूले आ-आफ्नो चुनाव चिन्ह लिएर चुनवमा जान सक्नेसमेत प्रष्ट्याउनुभयो।

वर्तमान सरकारको जिम्मेवारी जसरी पनि निर्वाचन सम्पन्न गर्ने रहेकाले आफ्नो पाटीले निर्वाचनअघि सरकार नछाड्ने बताउनुभयो।

तोकिएकै समयमा निर्वाचन सफल हुने बताउँदै उहाँले बाम गठबन्धनमा निर्वाचन क्षेत्रका विषयलाई लिएर बाहिर आएको हल्लाजस्तो नभई छलफल जारी रहेको बताउनुभयो। उहाँले निर्वाचन नजिकिँदै गर्दा सुरक्षा अवस्थाका बारे उठेका प्रश्नहरूमा सरकारले पूर्णरुपमा सुरक्षा प्रदान गर्न सफलसमेत रहेको बताउनुभयो।

उहाँले बामपन्थी र प्रजातान्त्रिक शक्ति दुई पक्ष मात्र हुने भन्दै अबको निर्वाचनमा बाम गठबन्धनले दुई तिहाइ मत ल्याएर देशलाई आर्थिक सम्बृद्धि र स्थिर सरकार बन्ने बताउनुभयो।

आफ्नो पाटीले बिगतदेखि नै प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको विषयमा आवाज उठाउँदै आएको र निर्वाचनपश्चात दुई तिहाइ मत प्राप्तसँगै त्यसले समेत पूर्णता पाउने बताउनुभयो।

वर्तमान सरकार नेपालका दुई छिमेकीसँग सफल कूटनीतिक पाटो निर्वाह गरिरहेको समेत उहाँले प्रष्ट्याउनुभयो। केही दिनअघि राजधानीमा भएको हत्या प्रकरण निन्दनीय भएको बताउनुभयो।

**ग्लोबल आइएमई बैंक लि.**

शाखा कार्यालय, डडेलधुराको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **श्री बिर बहादुर भाट**को मिति २०७४/०२/२९ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकका छोरा मान सिँह भाटले यस बैंकको शाखा कार्यालयमा मिति २०७४/०४/११ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय डडेलधुरामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियम अनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुरको**
**विज्ञप्ति**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सम्बन्धमा हालैका दिनहरुमा विभिन्न दैनिक पत्र पत्रीका एवं संचार माध्यमबाट प्रकाशित तथा प्रशारित समाचारहरुका सम्बन्धमा परिषद् कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

परिषद मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको सेवा प्रदान गर्ने क्रममा निजी क्षेत्रलाई समेत सहभागी गराई प्राविधिक शिक्षाको विकास र विस्तारमा महत्वपूर्ण योगदान रहेको कुरा जानकारी गराउदछौं । हाल परिषद्बाट प्रदान गरिएको सेवाको ८० प्रतिशत भन्दा वढी निजी क्षेत्रको योगदान रहेको र देश भित्र प्राविधिक शिक्षाको विभिन्न कार्यक्रमहरुमध्ये स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुमा अध्ययन गर्न चाहाने विद्यार्थीहरुलाई अध्ययनको अवसर दिन नसकेको कारण देशबाट नेपाली मुद्रा वाहिरीनुका साथै युवाहरुले अध्ययनको लागि देश छाड्नु परेको अवस्था जगजाहेरनै छ । यस्तो समस्यालाई समाधान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले राष्ट्रिय पूजी परिचालन स्वरुप निजी क्षेत्रलाई सहभागी गराई कार्यक्रम विस्तार गर्न समय समयमा सूचना प्रकाशन गरी इच्छुक संस्थाहरुबाट प्रस्तावना आव्हान गर्ने गरेको व्यहोरा जानकारी गराउदछौं ।

यसै सन्र्दभमा लामो समय अगाडि प्रस्तावना सहितको निवेदन पेश गरी सम्बन्धन स्वीकृतिको प्रक्रियामा रहेका संस्थाहरुको परिषद्ले तोकेको प्रक्रिया अवलम्बन गरी परिषद् वैठकमा छलफल गरी भएका निर्णयको सम्बन्धमा विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिका एवं केही संचार माध्यमहरुमा माननीय उप प्रधानमन्त्री तथा शिक्षा मन्त्री एवं परिषद्का अध्यक्ष तथा परिषद्का पदाधिकारी/ कर्मचारीहरु माथि अतिरन्जीत तवरले सम्प्रेषण भएका समाचारहरु आधारहीन, कपोलकल्पित र निन्दनीय भएको जानकारी गराउदछौं । साथै विभिन्न समयमा राष्ट्रसेवक कर्मचारीहरु माथि भएका दुर्ब्यावहार प्रति समेत परिषद् कार्यालय खेद प्रकट गर्दछ । माननीय उप-प्रधानमन्त्रीज्यूको अध्यक्षतामा वसेको परिषद्को वैठकमा वि.सं.२०६८ साल भन्दा अगाडि प्रस्तावना पेश गरेका संस्थाहरुका सम्बन्धमा श्रब्य दृश्य सहितको प्रतिवेदनमा छलफल गर्ने क्रममा वैठकको अध्यक्षता गरिरहनु भएका माननिय उप-प्रधानमन्त्रीज्यूबाट उपस्थित सदस्य एवं आमन्त्रित सदस्यहरु समेतको सुझावको आधारमा सर्वसम्मत निर्णय भएको व्यहोरा सम्पूर्ण सवैलाई जानकारी गराउदछौं । परिषद्को मिति २०७४।०६।२० मा वसेको वैठकको निर्देशन अनुसार गठित कार्यदलले दिएको सुझाव वमोजिम शैक्षिक सत्र २०७४।०७५ को लागि डिप्लोमा तथा प्रमाणपत्र तहमा नयां सम्बन्धन स्वीकृति नदिने र सम्बन्धन स्वीकृति दिने सम्बन्धमा निर्वाचन आयोगमा सहमतिको लागि लेखि पठाउने गरी निर्णय भएको व्यहोरा पून: जानकारी गराउदछौं ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको सम्बन्धमा वर्तमान संविधानमा भएको व्यवस्था वमोजिम कसरी गुणस्तरयुक्त सेवा विभिन्न कार्यक्रम मार्फत देशको दुरदराजमा पुऱ्याउन सकिन्छ भनी चिन्ता गरी आफ्नै प्रयासमा एक उच्चस्तरीय समिति समेत गठन गर्ने माननिय उप-प्रधानमन्त्री तथा शिक्षामन्त्रीज्यू प्रति पत्रपत्रीकामा व्यक्तिगत आरोप सहितका टिका टिप्पणी प्रकाशित भएको हुदा उक्त भ्रमपूर्ण समाचार प्रति परिषद् कार्यालय खेद प्रकट गर्दै त्यस्ता तथ्यहिन समाचारको भ्रममा नपर्न सम्बन्धित सवैमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालय यो विज्ञप्ती मार्फत हार्दिक अपिल गर्दछ ।

**नेपाल सरकार**
**शिक्षा मन्त्रालयको**
**विज्ञप्ति**

आज मिति २०७४ आश्विन २७ गतेका दिन माननीय उपप्रधानमन्त्री एवं शिक्षा मन्त्रीज्यूको कार्यकक्ष बाहिर कार्यालय समयमा केहि विद्यार्थी संगठनको नाममा आएका व्यक्तिहरुले नारावाजी जस्ता अशोभनीय कार्यहरु गरेकाले यसप्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । मन्त्रालयले संवाद र छलफलको माध्यमबाट समस्याको समाधान गर्दा गर्दै पनि यस्ता अवान्छित गतिविधी गरेकोमा सो प्रति मन्त्रालय खेद प्रकट गर्दछ ।

मिति २०७४।०६।२७

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
**प्रस्थान दिउँसो २ बजे**
**केन्द्रीय कार्यालय, कलंकी**
**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पेट गडबड, परिवारमा विवाद, अनिद्रा, तनाव।
**वृष** : आर्थिक लाभ, कार्य सफलता, इज्जत-प्रतिष्ठा बढ्नेछ।
**मिथुन** : धन हानि, मानसिक तनाव, आखामा समस्या, काममा अरुचि।
**कर्कट** : कार्य सफल, मान-सम्मान, उपहार प्राप्ति, सुख-सन्तोष।
**सिंह** : धन हानि, विवाद, स्वास्थ्य समस्या निम्तिन सक्छ।
**कन्या** : विविध लाभ, खाद्यपदार्थ प्राप्ति, पारिवारिक सुख।
**तुला** : कार्य सिद्धि, लाभ, प्रसन्नता, पैसा प्राप्ति, सुख।
**वृश्चिक** : राज्यका तर्फबाट भय, अपयश, व्यापारिक झमेला।
**धनु** : रोग, कष्ट, धन हानि, अस्वस्थता, कार्यबाधा।
**मकर** : धनलाभ, यश, समस्या समाधान, जीवनसाथीबाट सहयोग।
**कुम्भ** : आर्थिक लाभ, शत्रु विजय, पारिवारिक सुख।
**मीन** : कार्यबाधा, धन हानि, शोक-सन्ताप, पेटको स्वास्थ्य समस्या।

# नेपाल

मुस्लिम समुदायकी महिला भएका कारण पत्रकारिता पेसामा पनि उनले धेरै चुनौतीको सामान गर्नुपरेको थियो। राजनीतिमा त झन् छोटो अवधिमा नै उनले कयौं संघर्ष झेल्नुपरेको उनको अनुभव छ यद्यपि पोखरिया नगरपालिकाका जनताले उनलाई विजय गराइ छाडे।

## २५ दृष्टिविहीन बालबालिकालाई ब्रेललिपी तालिम

**अर्जुन बोहरा, हुम्ला**

'स्वास्थ्य सबैका लागि, दृष्टिको महत्त्व बुझौं' भन्ने नाराका साथ विश्व दृष्टि दिवस मनाइएको छ। हिमाली जिल्ला हुम्लामा पनि हेड नेपाल नामक गैर-सरकारी संस्थाले पूर्ण दृष्टिविहीन भएका २५ जान बालबालिकालाई आवसीयरूपमा ब्रेललिपिद्वारा शिक्षा, कमलशिलता कम्युटर तालिमलगायतका आयआर्जनसम्बन्धी तालिम दिएको छ। लामो समयदेखि हुम्लालगायतका जिल्लाहरूका दृष्टिविहीन बालबालिका राज्यको पहुँच बाहिर रहेका छन्।

हुम्लामा अधिकांश गाउँघरमा अझै दृष्टिविहीन तथा शारीरिक रूपमा अपांगता भएकाहरू अझै शिक्षाबाट वञ्चित भएका छन्। केही वर्षदेखि हुम्लाको सदरमुकाम सिमिकोटमा न्यून दृष्टि, पूर्ण दृष्टि र शारीरिक रुपमा अपांगता भएका बालबालिकालाई लक्षित गर्दै विभिन्न चेतानामूलक कार्यक्रम स्वास्थ्य शिक्षालगायत हेडगृह पनि सञ्चालन गर्दै आइरहेको छ।।

हेड नेपालले सञ्चालन गरेको हेड गृहमा ब्रेललिपीबाट अक्षर चिनेर अहिले कक्षा ८ मा अध्ययन गरेको सिमिकोट गाउँपालिका वडा नं २ निबासी गौगरा बोहराले बताइन्। दुबै आँखाका दृष्टि गुमाएकी बोहरा अहिले छडीको साहयताले नजिकैको बजारमा रहेको बालमन्दिर माविमा पढ्न जाने गरेको हेड नेपालका हुम्लाका कार्यकारी निर्देशक छिटुप लामाले बताउनुभयो। अहिले हेड नेपालले सञ्चालन गरेको हेड भिजन गृहमा २५ जना पूर्णदृष्टिविहीन बालबालिकालाई आवासको व्यवस्था गरेको छ।

हेड नेपालले हुम्लाले दृष्टिविहीन लागि समस्या भएको विमल विष्टले बताए। उनले अहिलेसम्म हुम्ला मात्र नभई नेपालभरि ब्रेल बुकहरू समयमै नपाउने भएकाले पनि दृष्टिविहीन विद्यार्थीहरूले अध्ययनमा गाह्रो हुने भएको बताए।

पनि पूर्णदृष्टिविहीन भएकाले पनि अन्य दृष्टिविहीन बालबालिकालाई सरकारले पाठ्यपुस्तकलगायतको शैक्षिक, आवास, विद्यालय सर्वशुलभ बनाएमा आफूले पढाउने वातावरण मिल्ने उनको भनाइ थियो।



भएका बालबालिकालाई आवासीय रूपमा शिक्षा दिइरहेको सञ्चालक समिति सदस्य कलम बुढाले बताए। अन्य क्षेत्रभन्दा हुम्लामा दृष्टिविहीन भएका बालबालिकालाई पठनपाठनका लागि ब्रेललिपीलगायतका सामग्री ल्याउनका

नेपालको संविधानमा राष्ट्रिय लिपीका रूपमा घोषणा भइसकेकाले पनि हुम्लामा दृष्टिविहीन भएका बालबालिका ब्रेललिपीको फरमुलाअनुसार सिकाउने गरेको दृष्टिविहीन शिक्षक रामबहादुर ऐरीले बताए। आफू

अहिले आफ्नै आवासमा ब्रेल बुकको पुस्तकालयसमेत स्थापना गरेको छ। हुम्लामा पूर्णदृष्टिविहीन भएका २५ जना बालबालिकालाई आफ्नै आवासमा राखेको समेत हेड नेपालका लेखापाल छोमु लामाले बताउनुभयो

## संघर्ष पत्रकारितामा अवसर राजनीतिमा

वीरगन्ज, (नेस)

पर्साको पुरानो सदरमुकाम पोखरिया नगरपालिकाको उपमेयरमा निर्वाचित सलमा खातुन संघीय समाजवादी फोरमका तर्फबाट निर्वाचित भएकी हुन्। असोज २ गतेको स्थानीय तहको मतदान गर्ने दिन आउँदै गर्दा त्यसको एक महिनाअघिसम्म सलमा स्थानीय एक रेडियोमा समाचार वाचन गर्थिन् अनि अन्य समाचारजन्य कार्यक्रम पनि प्रस्तुत गर्थिन्।

उनी विचारका हिसाबले माओवादी केन्द्र निकटको पत्रकार संगठन प्रेस सेन्टरसँग नजिक थिइन्। एकाएक फोरमले उनलाई पोखरिया नगरपालिकाको उपमेयरमा उठाउने निर्णय गरेपछि प्रेस सेन्टरपछि छाडिन र रेडियो पनि छाड्दै चुनावी मैदानमा होमिइन् उनी। मुस्लिम समुदायकी महिला भएका कारण पत्रकारिता पेसामा पनि उनले धेरै चुनौतीको सामान गर्नुपरेको थियो। राजनीतिमा त झन् छोटो अवधिमा नै उनले कयौं संघर्ष झेल्नुपरेको उनको अनुभव छ यद्यपि पोखरिया नगरपालिकाका जनताले उनलाई विजय गराइ छाडे।

सँगै मेयरमा उठेका फोरमका उम्मेदवार भने पराजित भए तर सलमा खातुन भने विजयी भइन्। सलमाको व्यक्तिगत छवीका कारण उनलाई मत खसाल्नेको संख्या बढी रहेको स्थानीय युवा हरेन्द्र पटेलले बताए। पत्रकारितामा जसरी नै राजनीतिमा पनि इमान्दारितापूर्वक अगाडि बढ्ने सलमा बताउँछिन्। मधेसमा व्यप्त अशिक्षा, अन्धकार तथा अज्ञानता हटाउने आफ्नो मुख्य उद्देश्य रहने उनी बताउँछिन्। उनलाई पत्रकारिताले पनि सफलता प्रदान गरेको स्थानीयहरू बताउँछन्।

करिब एक महिनासम्म पत्रकारितामा नै कृयाशील सलमाका लागि उपमेयरमा अगाडि बढ्न यसले पनि साथ दिएको हो। सामाजिक घटनाक्रमलाई आफू काम गर्ने संचारमाध्याममार्फत् प्रस्तुत गर्न उनी सक्षम भएकाले पनि उनलाई सफलता मिलेको तर्क उनीसँगै काम गरेका उनका सहकर्मी पत्रकार सुरेश बिडारीले बताए। विकाससँगसँगै महिलाहरूको जीवनस्तर विकासका लागि आफू ५ वर्षसम्म तल्लिन रहने उनी बताउँछिन् ।

## दुई मिनेट

### डोटीका ४ प्रहरी पुरस्कृत

डोटी, (नेस)

प्रहरी सेवामा रहेर उत्कृष्ट कार्य गर्ने ३ जना जुनियर प्रहरी अधिकृत तथा १ जना प्रहरी हवल्दारलाई ७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलले शुक्रबार पुरस्कृत गरेको छ। ७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलले शुक्रबार आयोजना गरेको ६२औं प्रहरी दिवसको कार्यक्रममा वर्षभरिमा उत्कृष्ट कार्य गरेको भन्दै प्रहरी नायब निरीक्षकहरू गगनसिंह भाट, गणेशप्रशाद भट्ट, वीरभान रावल तथा प्रहरी हवल्दार भोजबहादुर पाललाई ७ नम्बर प्रदेश प्रहरी प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक विजयकुमार भट्टले नगद पुरस्कारसहित सम्मान गर्नुभएको हो।

### पूर्व गृहराज्यमन्त्रीको शुभकामना

हेटौंडा, (नेस)

६२औं प्रहरी दिवसको अवसरमा पूर्वगृहराज्यमन्त्री इन्द्रबहादुर बानियाँले शुभकामना व्यक्त गरेका छन्। उनले शुक्रबार विज्ञप्ति प्रकाशन गरी सम्पूर्ण नेपाल प्रहरी परिवारमा हार्दिक शुभकामना व्यक्त गरेका हुन्। देशमा शान्ति सुरक्षा बहाल गर्न राज्यले सुम्पिएको जिम्मेवारी पूरा गर्ने क्रममा आफ्नो जीवन अर्पण गर्ने अमर प्रहरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उनले नेपाल प्रहरी, नागरिकसँग प्रत्यक्ष सहकार्यमा रही देशमा शान्तिसुरक्षा, अमनचयन कायम गराउने काममा खटिएको नेपालको पुरानो सुरक्षा संगठन रहेको स्मरण गरेका छन्।

### बढी भाडा असुल्ने चालक कारबाहीमा

लमजुङ, (नेस)

वडादशैं पर्वमा विभिन्न क्षेत्रमा चल्ने अनियमित सवारीसाधनहरूले यात्रुसँग बढी भाडा असुल गर्ने चालकलाई जिल्ला ट्राफिक प्रहरी कार्यालयले कारबाही गरी यात्रुसँग बढी लिएको भाडा फिर्ता गरेको छ। वडादशैं तथा दिपावलीजस्ता महान पर्वका अवसरमा विभिन्न सवारीसाधनले विगतका वर्षहरूमा जस्तै यात्रुसँग चर्को भाडा असुल गरेको गुनासो चौतर्फी आएपछि ट्राफिक प्रहरीले त्यसतर्फ ध्यान दिएको छ। जाँचका क्रममा ८६ सवारी साधनका चालकलाई कारबाही गरिएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख निरबहादुर अधिकारीले बताउनुभयो।

### प्रहरी दिवसमा प्रशंसापत्र

काभ्रे, (नेस)

६२औं प्रहरी दिवसको अवसर पारी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले प्रहरी कार्यालयलाई विभिन्न समयमा विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउने व्यक्ति तथा संघसंस्थाहरूलाई सम्मान गरेको छ। प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाले सोही अवसरमा जिल्लाका शान्ति सुरक्षालाई मजबुत बनाउन प्रहरी चौकी तथा कार्यालयहरूलाई भएको स्रोतसाधनको भरपुर उपयोग गरेर नागरिकहरूलाई साथ लिनुपर्ने बताए।

### प्रहरी दिवसमा सात पुरस्कृत

गुल्मी, (नेस)

नेपाल प्रहरीको ६२औं स्थापना दिवस देशभर मनाइएको छ। प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय गुलमीले उत्कृष्ट कार्यसम्पादन गर्ने र विभिन्न प्रतियोगितामा उत्कृष्ट हुने प्रहरी अधिकृत तथा जवानहरूलाई सम्मान गरेको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक शिव थापा साथै हवल्दार ओम प्रकाश यादव, तेजबहादुर कुँवर, यमबहादुर खत्री, गोमा सेन ठकुरी, सूर्यप्रसाद अधिकारी र नेत्र कार्की उत्कृष्ट भएका छन्। उत्कृष्ट सात जनालाई प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याल र निमित्त प्रहरीप्रमुख प्रहरी नायब उपरीक्षक गंगाबहादुर थापाले सम्मान गरेका थिए।

### ६२औं प्रहरी दिवस मनाइयो

म्याग्दी, (नेस)

जिल्ला प्रहरी कार्यालय म्याग्दीको आयोजनामा शुक्रबार सदरमुकाम बेनीमा ६२औं प्रहरी दिवस-२०७४ मनाइएको छ। प्रहरी कार्यालयको प्रांगणमा आयोजित कार्यक्रममा कार्यालय परिसरमा निर्मित प्रहरी स्मारकमा माल्यार्पण गरी दिवस मनाइएको हो। प्रहरी स्मारकमा माल्यार्पण गर्दै म्याग्दीका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारीले समाजलाई शान्तिपूर्ण बनाउन, शान्तिसुरक्षा दिन र अमनचयन कायम गर्न प्रहरीको भूमिका आवश्यक रहेको बताएका थिए ।

## सिँचाइको गाडी नियन्त्रणमा

**दीपेन्द्र शर्मा, जाजरकोट**

जिल्लान्तर सरुवा भइसकेका सिँचाइ विकास सब डिभिजन कार्यालय जाजरकोटका डिभिजन प्रमुख थलबहादुर तामाङले अनुमतिबिना लिएको कार्यालयको गाडी स्थानीय प्रशासनले बिहीबार नियन्त्रणमा लिएको छ। जिल्ला प्रशासन कार्यालय बाँकेको सहयोगमा कोहलपुर चिसापानीबाट उक्त गाडी नियन्त्रणमा लिइएको जाजरकोटका प्रमुख जिल्ला अधिकारी पुष्पराज शाहीले बताउनुभयो।

डिभिजन प्रमुख तामाङको रामेछाप सरुवा भएको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले सिँचाइ विकास सब-डिभिजन कार्यालय जाजरकोटलाई गत वैशाखमै गाडी उपलब्ध गराएको थियो। तर कार्यालय प्रमुख रहेका तामाङले चिठी लुकाएर हालसम्म कार्यालयमा गाडी दाखिला नगरेर निजी प्रयोजनमा प्रयोग गर्दै आएका थिए। बा२ भ्र २५९८ नम्बरको गाडी नेपालगन्जबाट शुक्रबार नै फिर्ता गर्ने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी शाहीले जानकारी दिनुभयो।

'कार्यालय प्रमुखको नियत खराब देखियो। गाडी ल्याएको ६ महिना बितिसक्दा पनि कार्यालयमा दाखिला नगरेको र सरुवा भएर जाँदा पनि स्थानीय प्रशासनको अनुमति नलिएर आफू सरुवा भएको कार्यालयमै गाडी लैजान खोजेकाले गाडी नियन्त्रणमा लिएका हौं' प्रजिअ शाहीले भने 'गाडी रामेछाप नै लैजाने र सोर्सफोर्स लगाएर उतै गाडी राख्ने नियत देखियो।' जाजरकोट रहँदा अनियमितताको आरोपमा चौतर्फी आलोचना खेपेका तामाङले आफू सरुवा भएको कार्यालयमै उक्त गाडीलाई दाखिला गराउने उद्देश्यले जाजरकोटमा दाखिला नगरेर लिएको हुन सक्ने सिँचाइ विकास सब-डिभिजनका नायव सुब्बा वीरबहादुरले बताउनुभयो। हालसम्म कार्यालयमा गाडी दाखिला गरिएको छैन।

## समय अगावै उत्पादन भएको बोतलको पानी फेला

**रविन भट्टराई, ताप्लेजुङ,**

ताप्लेजुङमा समय अगावै उत्पादन भएको बोतलको पानी फेला परेको छ। बजार अनुगमनका क्रममा एचएमएन फुड एन्ड बेभिरेज इन्डस्ट्रिज बिर्तामोड झापाद्वारा उत्पादित तृष्णा नाम गरेको पिउने पानीको उत्पादन मिति सन् २०१८ जनवरी उल्लेख भएको भेटिएको हो।

यस्तो भेटिएपछि जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले उत्पादक कम्पनीलाई कानुनी कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय झापालाई पानीको नमुनासहित पत्रचार गरेको छ। आपूर्ति मन्त्रालयका उपसचिव नोखबहादुर बस्यालको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङमा शुक्रबार बसेको बैठकमा प्रमुख जिल्ला अधिकारी मोहन जीसीले उत्पादन गर्ने कम्पनी झापामा रहेकाले झापा प्रशासनलाई नै कारबाहीका लागि पत्रचार गरिएको र अनुगमनका क्रममा फेला परेको पानीको नमुनासमेत पठाइएको जानकारी दिनुभयो।




पिउने पानीको बोतलमा उल्लेख गरिएको उत्पादन मिति आउनलाई तीन महिना अझै बाँकी नै रहेको अनुगमनका क्रममा पाइएपछि पानी नियन्त्रणमा लिएर प्रशासन कार्यालयले अनुसन्धान शुरू गरेको थियो। ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी मोहन जीसीले सन् २०१८ को जनवरी महिना आउन ३ महिनाबढी समय बाँकी छँदै उक्त मितिमा उत्पादन भएको पानीका बोतल बिक्रीबितरणमा आउनु ठूलो समस्याका रूपमा रहेको बताउनुभयो।

अखाद्य वस्तुको बिक्रीबितरण नियन्त्रण गरी व्यवसायलाई मादण्डअनुसार सञ्चालित गराउने उद्देश्यसहित ताप्लेजुङका बजार तथा पसलको नियमित अनुगमन भइरहँदा जिल्ला अनुगमन समितिले यस्तो फेला पारेपछि सबै पक्ष थप सचेत हुनुपर्ने जनाएको छ।

अनुगमन समितिका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारी भगिमान मादेनले म्याद गुज्रेका अन्य अखाद्य वस्तु नियन्त्रणमा लिएर नष्ट गरिएको र मिति नै फरक पर्ने गरी बजारमा आएको पानीका बोतल जफत गरी अनुसन्धान थालिएको जानकारी दिए।

उत्पादन मिति सन् २०१८ जनवरी महिना उल्लेख गरिएको पानीको बोतलमा प्रयोग अवधि भने ६ महिनाको उल्लेख छ। सहायक प्रजिअ मादेनले दसैं अगाडिदेखि नियमित बजार अनुगमन गर्दै आएको र यस्तो त्रुटि भएको उपभोग्य वस्तु पहिलोपटक फेला परेको बताए।

## अति विपन्नका लागि आठ सय घर बन्दै

**शिवहरिप्रसाद भट्टराई, राजविराज**

सप्तरी जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकाका दलित तथा अतिविपन्न परिवारका लागि ८ सय पक्की घर निर्माण गरिने भएको छ। सरकारले सञ्चालन गरेको जनता आवास कार्यक्रमअन्तर्गत आव २०७४/७५ मा आवास निर्माण गर्न लागिएको हो।

जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसद, राजनीतिक दलका प्रतिनिधिलगायतको सदरमुकाम राजविराजमा हालै सम्पन्न बैठकले घर निर्माण हुने नगरपालिका र गाउँपालिका तथा घर संख्याको विषयमा टुंगो लगाएको शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय राजविराजका प्रमुख रमेश थिङले जानकारी दिए।

जनता आवास कार्यक्रम केन्द्रीय समन्वय समितिको २०७४ साउन २२ गतेको निर्णयअनुसार आव २०७४/७५ का लागि प्राप्त स्वीकृत आवास संख्यामध्ये ५० प्रतिशत आव २०७३/०७४ मा कार्यक्रम सञ्चालन भएकै नगर/गाउँपालिका र ५० प्रतिशत नयाँ नगर/गाउँपालिकामा निर्माण गर्नुपर्ने भएकाले सोहीअनुसार




जिल्ला समन्वय समितिले निर्णय गरी काम अघि बढाइएको थिङले बताए।

सरकारले यस आवमा आवास निर्माणका लागि करिब १ लाख रुपियाँ थप गरी निर्माणमा प्रयोग हुने सामग्रीको पनि गुणस्तर वृद्धि गरेको कार्यालयले जनाएको छ। शौचालय निर्माणका लागि २ लाख १५ हजार २ सय ३७ रुपियाँ उपलब्ध हुँदै आएकोमा यस आवदेखि कूल ३ लाख ५० हजार रुपियाँ उपलब्ध हुने प्रमुख थिङले बताए। जसमा १ नम्बर इँटा प्रयोग हुने र झ्याल/ढोका र छानामा प्रयोग गरिने कोरासमेत गुणस्तरीय काठको प्रयोग गरिने उनको भनाइ छ। आव २०७३/०७४ सम्म निर्माण भएका आवासमा २ नम्बर इँटाको प्रयोग भएको थियो भने बाँसको फ्रेममा जस्तापाताका झ्याल तथा छानामा बाँसकै कोरा प्रयोग भएका थिए।

### यस्तो पनि विद्यालय
## चार विद्यार्थी, दुई शिक्षक

लमजुङ, (नेस)

लमजुङको एक प्राविमा दुई विद्यार्थी, चार शिक्षक रहेका छन्। जिल्लाको उत्तरी क्षेत्रमा रहेको मर्स्याङ्दी गाउँपालिका- ७ भुलभुलेको छिनखोला स्थित सिर्जना प्राविमा विद्यार्थी ४ जना र शिक्षक २ जना रहेका छन्।

गाउँमा रहेका विद्यार्थीहरू सबै शहरबजारमा रहेको बोर्डिङ स्कुलमा गएका कारणले गर्दा विद्यार्थीको संख्यामा घटेको हो। सो विद्यालयको शिशुदेखि कक्षा- ३ सम्म पठन पाठन हुने गर्दछ। उक्त विद्यालयमा विगत ७ वर्षयता विद्यार्थीको संख्यामा घट्दै गई अहिलेको अवस्थामा आएको विद्यालयका प्रधानाध्यापक नौ जङ गुरुङले बताउनुभयो। उहाँका अनुसार अभिभावकले आफ्ना छोराछोरीलाई शहरबजारमा रहेका बोडिङ स्कुल पढाउन लैजाने गरेका कारणले विद्यार्थी संख्या न्यून भएको हो। उहाँले भन्नुभयो- 'हामी हरेक वर्ष भर्नाका लागि घरदैलो अभियान चलाउँछौं।' चालु शैक्षिक सत्रमा विद्यालयमा शिशुदेखि कक्षा ३ सम्म ५ जना विद्यार्थी भर्ना भएका थिए। तर पछिल्ला दिनमा २ कक्षामा २ जना विद्यार्थी मात्र विद्यालयमा निरन्तर आउँने गर्छन्। शिशुमा एक र कक्षा एकमा भर्ना भएका २ जना विद्यार्थी विद्यालय आउँदैनन्। तिहारपछि पाँचैजना आउने आशामा छौं' प्रधानाध्यापक भन्नुहुन्छ।

उहाँका अनुसार कक्षा- ३ मा भने विद्यार्थीको संख्या शून्य छ। विद्यालयले प्रत्येक अभिभावकको घरमा पुगेर आफ्ना बालबालिकलाई विद्यालयमा पठाउन निकै आग्रह गरेको तर आफूहरूको अनुरोध काम नलागेको शिक्षक चन्द्रकान्त घिमिरे बताउनुहुन्छ। उहाँका अनुसार ०७२ को वैशाखमा गएको भूकम्पले विद्यालयको ५ कोठे भवनमा पूर्णक्षति भएको हुँदा एउटा कक्षाकोठा मर्मत गरेर सबै विद्यार्थीलाई त्यही कक्षाकोठामा राखेर पढाउने गरिएको छ। विद्यालयको पुनर्निर्माणमा कसैले ध्यान दिँदैनन् विद्यालयको भौतिक अवस्था सन्तोषजनक नहुँदा पनि विद्यार्थी विद्यालय नआएको उहाँ बताउनुहुन्छ।

जिल्ला शिक्षा कार्यालयले विद्यालयको शैक्षिक गुणस्तर बढाउने कार्यक्रम ल्याएको भए पनि शहरबजार गएका विद्यार्थीलाई गाउँमा फर्काउने प्रभावकारी कार्यक्रम दिन नसकेको शिक्षक घिमिरेको गुनासो छ।


२०७४, असोज
शनिबार
२८

‘वडा सदस्य नहुँदा दिनभर कतै नगई गिटी कुट्ने काममै व्यस्त हुन्थेँ, त्यसबाट राम्रै आम्दानी हुन्थ्यो’, उहाँले भन्नुभयो- ‘गिटी कुटेर पहिले महिनामा १५/१६ हजार कमाइ हुन्थ्यो त्यो पनि वडा सदस्य भएदेखि घटेर ८/१० हजारमा झर्‍यो, बिहान ९ बजेसम्म गिटी कुट्छु, १० बजेबाट वडा कार्यालयमा गएर गाउँलेको काम गर्छु, साँझ फर्केर फेरि गिटी कुट्छु,

# नेपाल

# गिटी कुट्दै जनप्रतिनिधि

**नरेन्द्र केसी, घोराही, दाङ**



उहाँ लामो समयदेखि यही काममा सक्रिय हुनुहुन्थ्यो तर जनप्रतिनिधिमा निर्वाचित भएपछि पेसा परिवर्तन हुन्छ कि भनेको भएन। बरू जनप्रतिनिधिको रूपमा विभिन्न कामकाजमा सक्रिय हुँदा पहिलेको काममा केही कमी आएको छ तर अन्य आयआर्जनका स्रोत नभएकाले पूरै रोकिएको छैन।

पश्चिम नेपालकै महत्त्वपूर्ण क्षेत्र मानिन्छ दाङको घोराही। घोराही अहिले उपमहानगरपालिका बनेको छ। घोराही बजारमा मुख्य भाग समेटेको वडा हो वडा नम्बर-१४। गत स्थानीय तह निर्वाचनमा यही वडाकी फूलमती नेपाली सदस्यमा विजयी हुनुभयो। नेकपा माओवादी केन्द्रका तर्फबाट चुनाव लडेकी उहाँ प्यानलसहित वडामा विजयी हुनुभयो। केही समय चुनाव प्रचार र केही समय स्वागत सम्मान आएपछि उहाँ अहिले फेरि पुरानै गिटी कुट्ने पेसामा फर्कनुभएको छ।

कटुवा खोलाको डीलमा गिटी कुटेर दिन, रातको छाक टार्दै आएकी फूलमतीबाट अभावका दिन कहिल्यै पराइ बनेनन्, बरू त्यही दिनले पछ्याइरहे। दलित भएका कारण अपमान खेप्दै आउनुभएकी उहाँले पटक-पटक माथिल्लो जातका घरभित्र पसेको भन्दै धेरैका घरबाट समेत निकालिनुभयो। वर्षले ५० काटेकी फूलमती गाउँमा दलितमाथि हुने विभेदको अन्त्य गर्न भन्दै धेरै आन्दोलनमा लाग्नुभयो तर दलितमाथिको विभेद अन्त्य गर्ने उहाँको केवल सपना मात्र बन्यो। खोलामा टहरोमुनि गुजारा गर्दै आएकी फूलमति गत असार १४ गते भएको स्थानीय तहको निर्वाचनमा घोराही उपमहानगरपालिका-१४ बाट माओवादी केन्द्रका तर्फबाट वडा सदस्यका रूपमा विजयी हुनुभयो। त्यतिबेला उहाँलाई संसार जितेझैं लाग्यो।

‘चुनाव जितेपछि बल्ल हाम्रा दिन पनि फर्किएको जस्तो लाग्यो’, उहाँले भन्नुभयो- ‘अब चुनाव जितेपछि मेरा दु:खका सबै दिन गएजस्तो अनुभूति भयो। अब त गिटी कुट्नु पर्दैन होला, सरकारले घर खर्च चलाउनलाई दुई-चार पैसा दिन्छ होला भन्ने सोचें तर रै’नछ।’ बरू फूलमती वडा सदस्यमा निर्वाचित भएदेखि धेरै गिटी कुट्न नपाएको गुनासो व्यक्त गर्नुभयो। ‘परिवारको आम्दानीको स्रोत भनेकै खोलाको गिटी कुट्ने हो, त्यहाँबाट आएको दुई/चार पैसाले घरमा नुन, तेलको जोहो गर्थें त्यो हरायो’, उहाँले भन्नुभयो- ‘जनप्रतिनिधि भएपछि त्यहाँ गाउँलेको काम गर्नुपर्ने रै’छ, त्यो पहिले थाहा थिएन।’

‘वडा सदस्य नहुँदा दिनभर कतै नगई गिटी कुट्ने काममै व्यस्त हुन्थेँ, त्यसबाट राम्रै आम्दानी हुन्थ्यो’, उहाँले भन्नुभयो- ‘गिटी कुटेर पहिले महिनामा १५/१६ हजार कमाइ हुन्थ्यो त्यो पनि वडा सदस्य भएदेखि घटेर ८/१० हजारमा झर्‍यो, बिहान ९ बजेसम्म गिटी कुट्छु, १० बजेबाट वडा कार्यालयमा गएर गाउँलेको काम गर्छु, साँझ फर्केर फेरि गिटी कुट्छु, यसरी दिन बिताउँदै छु।’ ‘एउटा बैठकको १ हजार भत्ता पाउने खबर सुनेकी छु अहिलेसम्म पाएकी छैन, वडा सदस्यमा निर्वाचित भएपछि गाउँलेको काम गर्न पाएकी छु’, उहाँले भन्नुभयो- ‘जीवन धान्नु पर्‍यो मेरो खेतीबारी भनेकै गिटी कुट्ने काम हो गाउँलेको काम र गिटी कुट्ने काम सँगसँगै गरेको छु।’

# सीमावर्ती बजारमा चोरको बिगबिगी

**नेपाल समाचारपत्र**

भद्रपुर

झापाको सीमावर्ती बजार क्षेत्रमा चोरी घटनामा संलग्न गिरोह अझै सक्रिय रहेको पाइएको छ। झापाको भद्रपुर र भारतको गलगलिया आसपास बस्ने गिरोहमा आवद्ध केही युवा अझै फरार रहेको प्रहरी अनुसन्धानले देखाएको छ।

चोरी घटनामा संलग्न २ जना भारतीय युवकलाई चोरी गरी भाग्दै गरेको अवस्थामा प्रहरीले पक्राउ गरिसकेको छ। भारतको किसनगन्ज जिल्लास्थित भातगाँउग्राम पञ्चायत (गलगलिया) निवासी २२ वर्षीय मोहम्मद सद्दाम र २३ वर्षीय सञ्जित सहनी पक्राउ परेका हुन्। असोज १९ गते भद्रपुर-६ भानुनगरस्थित कमला उपाध्यायको घरबाट सुन, चाँदी र नगद चोरी गरी भाग्दै गरेको अवस्थामा वडा प्रहरीले पक्राउ गरेको हो। २ जना चोर प्रहरीको फन्दामा परेपछि उनीहरूले गिरोहमा आवद्ध केही युवाको नाम बयानमा दिएका छन्।

प्रहरीले उनीहरूको बयानका आधारमा चोरी घटनामा संलग्न भद्रपुरका १ युवकलाई पनि पक्राउ गरेको छ। भद्रपुर-३ स्थित आँपगाछी बस्ने २२ वर्षीय पूर्ण विश्वकर्मा भन्ने कान्छालाई पक्राउ गरेको हो। २ जना साथी पक्राउ परेपछि गलगलियामा गएर लुकेर बसेका विश्वकर्मालाई भारतीय प्रहरीको सहयोगमा पक्राउ गरिएको वडा प्रहरी कार्यालय भद्रपुरले जनाएको छ। पक्राउ परेका विश्वकर्मालाई गलगलिया प्रहरी थानाबाट लिएर आएको प्रहरीले जनाएको छ। पक्राउ परेका तीनै जनालाई जिल्ला प्रहरी कार्यालय झापामा राखिएको छ। प्रहरीले उनीहरूमाथि अनुसन्धान गरिरहेको छ। उनीहरूको गिरोहमा अरू पनि केही युवक संलग्न रहेको अनुसन्धानबाट खुलेको प्रहरी कार्यालय झापाका डीएसपी जितेन्द्र बस्नेतले जानकारी दिए।

उनीहरूमाथि सोधपुछ जारी छ, प्रहरीलाई दिएको नामका आधारमा युवकको खोजी कार्य भइरहेको डीएसपी बस्नेतले बताए। भारतमा रहेका युवकलाई पक्राउ गर्न भारतीय प्रहरीसँग पनि सहकार्य भइरहेको छ। सीमावर्ती क्षेत्रमा हुने गरेको शृंखलावद्ध चोरीका सरसामान उनीहरूले भारतको ठाकुरगन्जमा लगेर बेच्ने गरेको अनुसन्धानबाट खुलिसकेको उनले बताए। पक्राउ परेका तीनै जनालाई चोरीसम्बन्धी मुद्दा दर्ता भइसकेको छ। महिना दिनअघि भद्रपुर-६ नेपाल बैंकअगाडि वृजकिशोर गुप्ताको घरबाट साढे ३ लाखभन्दा बढीको धनमाल चोरी भएको थियो। गुप्ताको घरबाट ६ तोला सुन, २ किलोचाँदीका गरगहना, एउटा एलईडीटिभी र नगद ५ हजार चोरी भएको थियो।

त्यस्तै सोही दिन राती भानुनगरमा एकै पटक चार वटा घरमा चोरी भएको थियो। त्यसैगरी केही दिन अघि भद्रपुरमा दिउँसै एउटा मोटरसाइकल बिच बजारबाटै चोरी भएको थियो। भद्रपुर ५ निवासी पुण्यप्रसाद रिजालको मे ५ प ३२६३ नम्बरको होण्डा कम्पनीको कालो रंग साइन मोटरसाइकल चोरी भएको थियो।

# खेतीयोग्य जमिन अलपत्र

बझाङ, (नेस)

हिमाली जिल्ला बझाङमा यतिखेर ३० प्रतिशत खेतीयोग्य जमिन अलपत्र अवस्थामा रहेको छ। जिल्लाको ग्रामीण भेगमा सिँचाईको निकै अभाव तथा स्थानीय कृषकले अन्य पेसा व्यवसाय अंगालेपछि हजारौं हेक्टरको खेतीयोग्य जमिन अलपत्र परेको बताइन्छ। जिल्लामा कृषि पेसा गर्नेको संख्यामा कमी आएपछि भोगचलन हुँदै आएको अधिकांश खेतीयोग्य जमिनसमेत बाँझो रहँदा घाँसे मैदानमा परिणत भएको देखिन्छ। सिँचाईको अभाव तथा कृषि व्यवसाय गर्नेको संख्यामा दिन प्रतिदिन कमी आएपछि बझाङका ग्रामीण भेगमा रहेको अधिकांश खेतीयोग्य जमिनमा पशुचौपाया छाडा छाड्ने गरिन्छ।

जिल्लाको खप्तड छान्ना गाउपालिका-७ गडराय अन्तर्गतको गोर्खाली, बुंगल नगरपालिकाको देउलीकोट, दर्गाथली गाउँपालिका, जिल्लाकै विकट मानिने काँडा गाउँपालिकालगायतका ग्रामीण क्षेत्रमा रहेको खेतीयोग्य जमिन अलपत्र पर्दै गएको छ। बझाङका अधिकांश युवा तथा कृषि पेसा गर्नेहरू रोजगारीका निम्ति विदेसिन थालेपछि उनीहरूको खेतीयोग्य जमिन अलपत्र परेको स्थानीय बताउँछन्।

बूढापाका र महिलाले कृषि व्यवसाय गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो रहने गरेकाले बझाङमा भोकमारी हुनसक्ने सम्भावना देखिन्छ। कृषि व्यवसाय गर्नेको कमीले खेतीयोग्य जमिन खेर गएपछि ग्रामीण भेगका बासिन्दाले नजिकैको बजारबाट महँगो भाउमा खाद्यान्न खरिद गरी जीविको चलाउने गरेका छन्।

‘जमिन बाँझो रहँदा आफ्नो परिवारलाई २ महिनासमेत खान पुग्दैन’, स्थानीय हरिभान आग्रीले भने- ‘खेतीपाती गर्ने कोही छैन, २ वटा छोरा नोकरी गर्न भारत पुगेका छन्।’

# निरक्षरता उन्मूलनको अभ्यासमा मुगु

**वीरबहादुर बम, मुगु**

जिल्लाका ग्रामीण भेगमा निरक्षरता उन्मूलनका लागि लागू गर्दै आइरहेको छ। सामुदायिक विकास कार्यक्रमको लक्ष्यअनुरूप नागरिक सचेतना केन्द्रमार्फत् महिला तथा पिछडिएका वर्ग



अन्तरक्रिया कार्यक्रम र साक्षरता कक्षामा सहभागी हुनेको संख्या अधिक छ। मोबाइल, व्यापार र सहिछाप गर्नका लागि भन्दै निरक्षरका रूपमा रहेका बूढाबूढी पनि साक्षरता कक्षा लिँदै अक्षर चिन्नसम्म सक्ने भएका छन् भने युवायुवती र वयस्क अवस्थाका निरक्षरसमेत साथी र साक्षरता कक्षामा सहभागी हुँदा निरक्षरता अन्मूलनका लागि थप सहयोग हुँदै गएको छ।

मानव विकास सूचांकमा ७५औं स्थानमा रहेको कर्णाली अञ्चलको मुगु जिल्ला रोग, भोग, अशिक्षा, गरिबी र राजनीतिक खिचातानीमा अग्रस्थानमा रहेको छ। यसै समस्यालाई मध्यनजर गर्दै नेपाल सरकार र बेलायत सरकारको सहयोग, तथा नेपाल ग्रामीण पुन:निर्माण संस्थाद्वारा सञ्चालित सामुदायिक विकास कार्यक्रम मुगुका १३ वटा गाविसमा पनि सन् २०१५ देखि समुदायलाई सशक्तिकरण गर्दै लैजाने उद्देश्यले गाउँमा स्थापित सचेतना केन्द्रमार्फत् साक्षरतका कक्षा वडैपिच्छे सञ्चालनमा छन्।

समाज सुधार नागरिक सचेतना केन्द्रकी महिला सदस्य चल्ली बूढा वर्ष ६२ की छन्। उनी भन्छिन्- ‘मेरो घरपरिवरमा ५ जना सदस्यमध्ये ३ जना पुरुष र २ जना महिला छौं। रिफ्लेक्ट ३१औं कक्षामा विभिन्न विषयसम्बन्धी छलफल चल्यो त्यसपछि आफूले चाहेमा सफल भइँदोरहेछ, म बूढी महिला भत्ता खाने मान्छे पहिला ल्याप्चे लगाउँथे, अहिले आएर यस सामुदायिक विकास कार्यक्रम संस्थाले जनचेतनासम्बन्धी छलफल गर्दै जाँदा अहिले आएर आफ्नो नाम लेख्नेसम्म भएकी छु, आजभोलि भत्ता बुझ्न जाँदा सचिवले सोध्दा सामुदायिक विकास कार्यक्रम संस्थाले परिवर्तन गरेको हो भन्दा आफूमा गौरव लाग्दछ।’ ‘पहिला आफू सफल हुनुपर्‍यो आफ्नो घर परिवार छरछिमेकी सबैलाई तब अरूलाई सफल बन भन्नु पर्‍यो र कहाँबाट के सेवा सुविधा पाइँदोरहेछ त्यो थाहा पाउनुपर्‍यो र अरूलाई पनि भन्नुपर्‍यो’, यसरी व्यक्तिगत विकास नभइकन छरछिमेक तथा समुदायको विकास हुँदैन भन्ने मान्यता रहेको उनको भनाइ थियो।

श्रीकोट गाविस वडा नं.४ तलिर्खकमा गठित समाज सुधार नासकेकी महिला पहिलेभन्दा अहिले आफूमा आएको परिवर्तन देखेर खसी छन्। स्थानीय सहजकर्ता शर्मिला रावत भन्छिन्- ‘महिलालाई परिवर्तन गर्नु पनि साक्षर बन्नु हो भन्ने मान्यताका साथ हामीले शुरूमा आफ्नो व्यक्तिगत परिवर्तनमा शुरूआत गर्नुपर्दछ, लेख्न नजान्ने महिलालाई लेख्न सिकाउने बोल्न नजान्ने महिलालाई बोल्न सिकाउने र जनचेतना जगाउने यही नै हाम्रो कर्तव्य हो ।’

नेपाल नागरिक उड्डयन प्राधिकरण
**नेपालगंज नागरिक उड्डयन कार्यालय**
नेपालगंज, बांके ।

**शिलवन्दी बोलकवोल पत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७४।०६।२८**

यस विमानस्थलमा निम्नानुसारका जग्गाहरु कृषि प्रयोजनका लागी ठेक्का प्रथाद्धारा बहालमा दिइने भएकाले निम्न ठेक अंकमा नघट्ने गरि तपसील अनुसारका शर्तहरुको अधिनमा रही काम गर्न नियमानुसार करमा दर्ता भै कारोवारको इजाजत प्राप्त इच्छुक फर्महरुबाट तपसीलका शीर्षकहरुमा प्रत्येक कार्यका लागि अलग अलग रीत पुर्वकको शीलवन्दी बोल कबोलपत्र आव्हन गरिन्छ ।

शर्तहरुः

१) सूचना प्रकाशित भएका मितिले ३०औं दिनको कार्यालय समय सम्म प्रत्येक कार्यको लागी नगद रु. १,१३०।०० (रु.एक हजार एक सय तीस मात्र) (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट बोलकबोलपत्र खरीद गरी सोह्रौं दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ ।
२) आफुले ठेक्कामा संचालन गर्ने कार्यको कुल कबोल अंक (मु.अ.क.सहित) को ५% ले हुन आउने रकम सिद्धार्थ वैंक लि., नेपालगज स्थित यस कार्यालयको हि.नं.०१५१५०८०४४३ मा जम्मा गरी सक्कल भौचर सहित बोलकवोल पत्र पेश गर्नु पर्ने छ । धरौटी रकम नगदमा स्वीकार गरिने छैन ।
३) प्राप्त वोलकवोलपत्र ३१ (एकतीसौं) दिनको २:०० बजे ठेकेदार वा नीजको प्रतिनिधिको रोहवरमा यस कार्यायलमा खोलिने छ । ठेकेदार वा नीजको प्रतिनिधि उपस्थित नभए पनि बोल कवोल पत्र खोल्न बाधा पर्ने छैन ।
४) बोलकवोल पत्र खरीद, दाखिला र खोल्ने अन्तिम दिन बिदा परेमा उक्त कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय अनुसार गरिनेछ ।
५) बोलकबोल पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६) गत विगत आ.व.को यस कार्यालयलाई भुक्तानी गर्न बांकी बक्यौता रकम भुक्तानी नभए सम्म त्यस्ता व्यक्ति संस्था संग ठेक्का सम्झौता गरिने छैन । बोलपत्र फारम खरीद गर्न आउंदा बक्यौता चुक्ता पेश गर्नु पर्ने छ ।
७) स्वीकृत बोलपत्रदाताले कबोल रकम भुक्तानी गर्ने प्रकृया, छुट तथा तोकिएको समयमा रकम भुक्तानी नगरेमा हुने जरिवाना सम्बन्धि व्यवस्था लगायत अन्य शर्तहरु बोलकबोल पत्र (विषेश शर्त) तथा ने.ना.उ.प्रा सम्बन्धि ऐन नियम बमोजिम हुनेछ ।
८) बोलकबोल पत्र सूचना प्रकाशित भए पछि कार्यालय खुलेको जुनसुकै दिनमा पनि खरीद गरी कार्यालय समयमा दर्ता गराउन सकिने छ ।
९) कबोल रकम एकमुष्ट वा विभिन्न किस्तामा बांडिने र प्रथम किस्ता अग्रीम रुपमा बुझाए पछि मात्र सम्झौता गरिने छ ।
१०) बोलकवोलपत्र फाराम खरीद गर्दा फर्म दर्ता प्रमाण पत्र र सोको नविवरण समेत, कर दर्ता प्रमाणपत्र, आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
११) बोल कवोल पत्र फाराममा अंक र अक्षरमा दररेट स्पष्ट संग बुझिने गरी शिलवन्दी गरी बुझाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ । रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त राखी पेश गरेको बोलकवोल पत्र माथि कारवाही गरिने छैन ।
१२) स्वीकृत बोलकबोल पत्र दाताले कवोल अंक (मु.अ.क.सहित) को २५ प्रतिशतले हुन आउने जमानत रकम सिद्धार्थ वैंक लि., नेपालगंज स्थित यस कार्यालयको हि.नं.०१५१५०८०४४३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयका नाममा जारी भएको कबुलियतनामा को अवधि भन्दा ६ महिना बढी म्याद भएको बैंक जमानत पेश गरी सम्झौता गर्न आउनु पर्ने छ ।
१३) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
१४) बोलकबोल पत्र खरिद गर्ने अन्तिम म्याद : २०७४।०७।२६ (कार्यालय समय भित्र)
१५) बोलकबोल पत्र दर्ता गर्ने र बोलकबोल पत्र खोल्ने म्याद क्रमशः : २०७४।०७।२७ मध्याहन्न १२:०० र दिउंसो २:००
१६) यो सूचना यस कार्यालयको Website www.nepalgunjairport.com.np मा समेत हेर्न सकिने छ ।

| ठेक्का नं. | ठेक्काको नाम | अवधि | ठेक्का मिति | न्यूनतम कवोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०३/ २०७४/०७५ | भि.ओ.आर./डि.एम.ई. परिसरको जग्गा | ३ वर्ष | २०७४ पौष १ | २२,२९,०००।०० (अक्षरुपी रु. बाईश लाख उनानतीस हजार मात्र ।) | मू. अ. कर नलाग्ने |
| ०४/ २०७४/०७५ | ट्रान्समिटिङ्ग परिसरको जग्गा | ३ वर्ष | २०७४ पौष १ | १०,०५,०००।०० (अक्षरुपी रु.दश लाख पांच हजार मात्र ।) | मू. अ. कर नलाग्ने |

नेपाल नागरिक उड्डयन प्राधिकरण
**नेपालगंज नागरिक उड्डयन कार्यालय**
नेपालगंज, बांके ।

**विमानस्थल परिसरको रहेको मालसामान दावी गर्न आउने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७४।०६।२८**

यस नेपालगंज विमानस्थल परिसरमा राखिएको विभिन्न व्यक्ति, संघ संस्थाहरुको सामानहरु राखिएको जग्गा मिति २०७४ मंसिर १ गते देखि बहालमा लगाईने भएको हुंदा उक्त सर सामानहरु यो सुचना प्रकाशित भएको १५ दिन भित्र प्रमाण सहित दाबि गर्न आउन हुन यो सूचना प्रकाशित गरिएको गरिन्छ । तोकिएको समयावधि भित्र सामान दावी गर्न नआएमा उक्त सामान कार्यालयले जफत गर्ने व्यहोरा समेत यही सुचना मार्फत जानकारी गराईन्छ । यो सूचना यस कार्यालयको Website www.nepalgunjairport.com.np मा समेत हेर्न सकिने छ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान**
सातदोबाटो, टुटेपानीचोक, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७४/०६/२८

यस प्रतिष्ठानको मिति २०७४/०५/०९ को नेपाल समाचारपत्र दैनिकमा प्रकाशित सूचना अनुसार Invitation for Bids for the Upgrading Access Road at Mountain Training Center Garma Solukhumbu (NPPP-NCB-Cw 01/074/75, Package II) सम्बन्धि कार्यका लागि रितपूर्वक पर्न आएका बोलपत्रहरुको परीक्षण तथा विस्तृत मूल्यांकनबाट निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु (भ्याट सहित) |
|---|---|---|
| NPPP-NCB-Cw 01/074/75 (Package II) | त्रिशक्ती-इन्जिनियरिङ जेभी, सिनामंगल, काठमाडौं | ३९,४७,९७१।९४ |

कार्यकारी निर्देशक

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म
वि.सं. १९९३/९/२२

स्वर्गारोहण
वि.सं. २०७४/५/१५

**स्व. नजर माया महर्जन**

यस संस्थाका निवर्तमान अध्यक्ष श्री चन्द्र लाल महर्जन तथा संचालक समितिका सचिव श्री मधुर महर्जनका पुजनिय, ममतामयी आमा **स्व. नजर माया महर्जन**को असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

उत्तम महर्जन (अध्यक्ष)
तथा
**छाबहा: बचत तथा ऋण सहकारी संस्था लि., परिवार**
छायबहाल-२०, ललितपुर, फोन: ५००४५१२

# विश्व



**भोक**

एन्टार्टिकामा भोकले कराइरहेका पेन्गुइनको बच्चा।



**विरोध**

लन्डनमा मुस्लिम पुरुष र महिलाका लागि छुट्टाछुट्टै विद्यालयको व्यवस्था गरिनु गैरकानुनी लैंगिक विभेद कार्य भएको भन्दै विरोध गरिरहेका विद्यार्थीहरू।



**विश्व २ मिनेट**

**फिलिपिन्स**

### डुटेर्टेको चेतावनी

मनिला, (एजेन्सी)

अत्यन्त कडा स्वभावका फिलिपिनो राष्ट्रपति डुटेर्टेले लागूपदार्थ विरुद्धको आफ्नो संघर्षलाई लिएर हस्तक्षेप जारी रहेमा युरोपेली संघ र राष्ट्र संघका राजदूतहरूलाई २४ घण्टाभित्र निस्काशन गर्न सक्ने चेतावनी दिएका छन्। तिमीहरूको विचारमा हामी यहाँ सबै मूर्ख छौं। ती देशका राजदूतहरूले अब पाठ सिक्नुपर्नेछ। किनभने हामी भोलि नै कूटनीतिक च्यानलहरू रोक्न सक्छौं, तपाईंहरू मेरो देश २४ घण्टामा छोड्नुपर्नेछ, तपाईंहरू सबैले।' राजधानी मनिलामा उपनिवेसीकरण विरुद्धको एक कार्यक्रममा डुटेर्टेले बताए। लागूपदार्थ दुर्व्यसनी तथा तस्करहरू विरुद्ध डुटेर्टेको डरलाग्दो दमनलाई लिएर चौतर्फी विरोध भइरहेको छ।

**भारत**

### भोकमरी स्थिति खराब

नयाँदिल्ली, (एजेन्सी)

विश्व भोकमरी मानकमा नेपालको स्थिति भारतको भन्दा राम्रो रहेको छ। भारतको स्थिति उत्तर कोरिया (९३), म्यान्मार (७७), श्रीलंका (८४), चीन २९) नेपाल (७२) र बंगलादेश (८८)को भन्दा खराब रहेको देखाइएको छ। भोकमरीको समस्यालाई लिएर इन्टरनेसनल फुड पोलिसी रिसर्च इन्स्टिच्युटको तर्फबाट प्रत्यक वर्ष जारी गरिने १ सय १९ देशको उक्त सूचीमा भारत १ सयौं स्थानमा परेको छ। एसियामा अफगानिस्तान र पाकिस्तान (१०६) भन्दा मात्र भारत अगाडि हो। प्रतिवेदनमा बाल कुपोषणले भोकमरीको स्थितिमा बृद्धी भएको उल्लेख गरिएको छ। दक्षिण एसियामा भुटानको स्थति सबैभन्दा राम्रो रहेको प्रतिवेदनले देखाएको छ।

**अस्ट्रेलिया**

### स्काइडाइभरको मृत्यु

सिडनी, (एजेन्सी)

अस्ट्रेलियाको क्विन्सल्यान्डको आकासमा एकआपसमा अचानक ठोकिन पुग्दा तीनजना स्काइडाइभरको मृत्यु भएको शुक्रबार प्रहरीले जनाएको छ। कायन्र्सदेखि करिब १ सय ४० किमि दक्षिणमा पर्ने लोकप्रिय स्काइडाइभिंग स्पटको रूपमा चिनिने मिसन समुद्री तटमा तत्काल स्वास्थकर्मी र प्रहरी उद्धारका लागि पुगेका थिए। क्विन्सल्यान्ड प्रहरीले एक विज्ञप्ति जारी गर्दै २ जना करिब ३० वर्षीय पुरुष र १ जना ५० वर्षीया महिला मृत अवस्थामा भेटिएको जनाएको छ। प्रहरीले आपसमा ठोकिंदा तिनीहरूको प्यारासुट खुल्न नसकेको अनुमान गरेको छ।

**अमेरिका**

### सम्झौता तोडिने संकेत

वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार इरानसँग भएको आणविक सम्झौताप्रतिको समर्थन फिर्ता लिन सक्ने सम्भावना रहेको अमेरिकी सरकारी सूत्रले संकेत गरेको छ। ट्रम्पको यस कदमअनुसार अमेरिकाले सो सम्झौताबाट हात झिक्ने नै नभई इरानमाथि पुन: नाकावन्दी लगाउने निर्णय गर्ने कि नगर्ने भन्ने तय गर्न अमेरिकी कंग्रेसलाई ६० दिन दिन सकिनेछ। अमेरिकी विदेशमन्त्री रेक्स टिल्लर्सनले यसबारे आफ्ना युरोप र चीनका समकक्षीहरूसँग सरसल्लाह गरिरहेको अधिकारीहरूले बताएका छन्। तर ट्रम्पमाथि उक्त सम्झौताबाट पछि नहट्न आन्तरिक र बाह्य दबाब परिरहेको छ।

# अमेरिकापछि युनेस्कोबाट हट्ने इजरायलको तयारी

जेरुसलम, (एजेन्सी)

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले विदेश मन्त्रालयलाई युनेस्कोबाट अलग्ग हुने तयारी गर्न आफूले भनेको बताएका छन्। यसअघि संयुक्त राष्ट्र संघको सास्कृतिक संगठन युनेस्कोबाट अमेरिकाले आफू हटेको घोषणा गरेको थियो।

अमेरिकाले युनेस्कोमाथि इजरायल विरोधी नीति अख्तियार गरेको ओरोप लगाउँदै संगठन छोडेको हो। अमेरिकाले युनेस्कोमाथि पक्षपातको आरोपसँगै संगठनको बढ्दो आर्थिक बोझलाई लिएर चिन्ता व्यक्त गर्दै यसमा सुधार हुनुपर्ने बताएका थिए। इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले एक विज्ञप्ती जारी गर्दै अमेरिकाको उक्त निर्णयलाई बहादुरी र नैतिकताले भरिएको संज्ञा दिएका थिए।






युनेस्कोलाई विश्वभरिबाट विश्वसम्पदा स्थल चयन गर्ने संस्थाका रूपमा चिनिन्छ। हाल उक्त विश्व संस्थामा नयाँ नेताको चुनाव प्रक्रिया अगाडि बढिरहेको छ। यतिबेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि युनेस्को सजिलो निसाना भएको विज्ञहरूले बताए।

बीबीसीका कूटनीतिक संवाददाता जोनथन मार्कसले भने- 'यो एउटा बहुपक्षीय संस्था हो। जसले शिक्षा र विकाससँग जोडिएका लक्ष्यहरू, जस्तो यौन शिक्षा, साक्षरता र महिला समानता अधिकारका लागि काम गर्दै आइरहेको छ।'

अमेरिकाको युनेस्कोबाट अलग्ग हुने कदमलाई धेरैले ट्रम्पको अमेरिका फस्ट र बुहपक्षीय संगठन विरोधी नीतिको नतिजाका रूपमा हेरेका छन्। तर यस मामिलामा विवादको वास्तविक कारण संगठनको कथित इजरायल विरोधी नीति हो।

**निर्णयप्रति असन्तुष्ट**

अमेरिका र इजरायलको यो फैसला युनेस्कोद्वारा लगातार उठाइरहेको केही कदमलाई लिएर आएको हो। जसलाई ती दुबै देशले आलोचना गर्दै आइरहेका छन्। हालै मात्र युनेस्कोले वेस्ट बैंक र पूर्वी जेरुसलममा गतिविधिहरूलाई लिएर इजरायलको आलोचना गरेको थियो। यसअघि यसैवर्ष युनेस्कोले पुरानो हिब्रु शहरलाई प्यालेस्टिनी विश्वसम्पदा स्थलका रूपमा मान्यता दिएको थियो। इजरायलले उक्त कदमबाट यहुदीहरूको इतिहास खारेज भएको प्रतिक्रिया दिएको थियो।

गत वर्षदेखि नै इजरायलले युनेस्कोलाई सहयोग दिन बन्द गरेको थियो। संगठनले जेरुसलमको एक महत्त्वपूर्ण पवित्र स्थललाई लिएर यहुदीहरूको कुनै उल्लेख गरेका थिएनन्। उक्त प्रस्तावमा जेरुसलमको पवित्र स्थल र अधिनष्थ वेस्ट बैंकमाथि इजरायलको गतिविधिहरूको पनि आलोचना गरिएको थियो।

यसअघि सन् २०११ मा युनेस्कोले प्यालेस्टाइनलाई पूर्ण सदस्यता दिने फैसला गरेको थियो। त्यतिबेला अमेरिकाले आफ्नो कोष योगदानमा २२ प्रतिशत कटौती गरेको थियो।

अमेरिका युनेस्कोको संस्थापक सदस्य थियो। तर सन् १९८४ मा रेगन प्रशासनले उसमाथि भ्रष्टाचार र सोभियत संघप्रति झुकाव राखेको आरोप लगाउँदै सम्बन्ध तोडेको थियो। अमेरिका सन् २००२ मा पुन: उक्त संगठनमा आबद्ध भएको थियो।

यसअघि राष्ट्रपति डोनाल्ड ट्रम्प अमेरिकाको तर्फबाट संयुक्त राष्ट्रलाई दिँदै आइरहेको मद्दतमा असन्तोष व्यक्त गरेका थिए। उनको धारणामा अमेरिकाको योगदान असंगत हो। अमेरिकाले संयुक्त राष्ट्रको सामान्य बजेटको २२ प्रतिशत र शान्ति सेनाको २८ प्रतिशत बजेट ब्यहोर्दै आइरहेको छ। युनेस्कोका प्रमुख इरिना बोकावाले अमेरिकाको फैसलालाई 'अत्यन्त अफसोचजनक' भएको बताएकी छिन्। उनले विगत केही वर्षमा संगठनमा राजनीतिकरण बढेको बताएकी थिइन्। युनेस्को प्रमुखले अमेरिका हट्नुलाई 'संयुक्त राष्ट्र परिवार' र बहुआयामिकताका लागि क्षति भएको बताइन्।

अमेरिकाको युनेस्कोबाट हट्ने फैसला सन् २०१८ मा कार्यन्वयन हुनेछ। त्यतिबेलासम्म ऊ यसको पूर्ण सदस्य नै रहनेछ।

## नरभक्षी बघिनी मार्ने अदालती आदेशी

नयाँ दिल्ली, (एजेन्सी)

पश्चिमी भारतीय राज्य महाराष्ट्रको एक अदालतले चारजना मानिस मारिसकेकी एउटी बघिनीलाई गोली हानी मार्ने आदेशको समर्थन गरेको छ।

गत २३ जुनमा राज्यको वन विभागले ती बघिनीलाई गोली हानी मार्न दिएको आदेशलाई वन्यजन्तु संरक्षण अभियन्ताहरूले कानुनी चुनौती दिएका थिए। महाराष्ट्रको ब्रह्मपुरी शहरमा दुईजना व्यक्तिको ज्यान लिनुका साथ अन्य दुई जनालाई घाइते बनाएपछि गत जुलाईमा पहिलो पटक यस बघिनीलाई नियन्त्रणमा लिइएको थियो। बोर बाघ आरक्षण केन्द्रमा छोडिएपछि त्यसले फेरि दुईजना मानिसको ज्यान लिएको थियो। ती बघिनीको हत्याको विरोध गर्ने अभियन्ता डा. जेरील बानिटले अदालतको यस निर्णयविरुद्ध आफूले भारतको सर्वोच्च अदालतमा अपिल गर्ने बीबीसीलाई जानकारी गराएका छन्। यसैगरी जनावर अधिकारवादीहरूले पनि तिनलाई लठ्याउने औषधि प्रयोग गरी अर्को स्थानमा लगिनुपर्ने उपाय सुझाएका छन्।



वन अधिकारीहरूले गत २१ जुलाईमा आरक्षणमा प्रवेश गरेयता काला नामक उक्त बघिनी ५ सय किमिभन्दा लामो भागमा विचरण गर्ने गरेको पाइएको जानकारी दिएका छन्। विश्वकै कुल बाघको ६० प्रतिशत संख्या भारतमै रहेको छ। परम्परागत चिनियाँ औषधि उपचार प्रविधिमा बाघको शरीरका भागहरू प्रयोग गरिने हुनाले शिकारीहरूले तिनीहरूलाई मार्ने गरेका छन्। पछिल्ला वर्षहरूमा भारतमा बाघको मृत्युदर बढ्दै गएको छ।

भारतीय अधिकारीहरूले सन् २०१५ मा ८० वटा बाघ मरेको जानकारी दिएका थिए भने त्यसको अघिल्लो वर्षमा ७८ वटा बाघ मरेका थिए।

**ग्लोबल आइएमई बैंक लि.**

शाखा कार्यालय, डडेलधुराको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **श्री लाल सिंह मडै**को मिति २०७४/०४/०२ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतककी श्रीमती द्रोपति मडैले यस बैंकको शाखा कार्यालयमा मिति २०७४/०४/२४ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय डडेलधुरामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियम अनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## नियमित एचआईभी तथा एड्स परीक्षण आवश्यक : ह्यारी

लन्डन, (एजेन्सी)

बेलायतका राजकुमार ह्यारीले आफ्नी दिवंगत आमा युवराज्ञी डायनाले एचआईभी तथा एड्स सम्बन्धमा चेतना जगाउन दिएको योगदानको सम्मान गर्दै सबै मानिसलाई नियमित शारीरिक परीक्षण गराउन आग्रह गरेका छन्।

एटिच्युड म्यागजिन अवार्ड वितरण कार्यक्रममा ह्यारीले सो आह्वान गरेका हुन्। त्यहाँ युवराज्ञी डायनालाई मृत्युपर्यन्त यस क्षेत्रमा उनले निभाएको योगदानको सम्मान स्वरूप लेगेसी अवार्ड प्रदान गरिएको थियो। ह्यारीले अझै आफ्नी आमा जीवित भएको भए एचआईभी पीडितहरू माझ उभिरहेको हुने बताएका छन्।

बिहीबार राति आयोजित उक्त विशेष कार्यक्रममा उनले आमाको तर्फबाट अवार्ड थापेका थिए। सन् १९८७ को अप्रिलमा डायनाले लन्डन मिडिलसेक्स हस्पिटलमा एचआईभी तथा एड्स पीडितहरूको विशेष हेरचाहका लागि संयुक्त अधिराज्यकै पहिलो एचआईभी तथा एड्स इकाइ स्थापना गरेकी थिइन्।

डायनाले अन्तर्राष्ट्रिय सञ्चार माध्यमसामू एकजना एचआईभी पीडित पुरुषसंग हात मिलाएकी थिइन्। त्यतिबेला विश्वमा एचआईभी तथा एड्स पीडितहरूमाथि निकै पूर्वाग्रह राखिने गरिएको थियो। स्पर्श गर्दा पनि एक व्यक्तिबाट अर्को व्यक्तिमा एचआईभी तथा एड्स सर्न सक्ने भन्ने तत्कालीन सोचाइलाई चुनौती दिँदै डायनाले हातमा पन्जा नलगाइ त्यसरी हात मिलाउँदा निकै चर्चा भएको थियो। बेलायतको राजधानी लन्डनमा आयोजित पुरस्कार वितरण समारोहमा ह्यारीले भनेका छन्- 'मेरी आमालाई त्यतिबेला एड्स जस्तो प्राणघातक रोगलाई धेरैले वेवास्ता गर्ने गरेको थाहा थियो।'

साथै उनलाई गलत अवधारणाको कारण सो रोगबाट पीडितहरू समाजमा अपहेलित र तिरस्कृत हुने गरेको पनि थाहा थियो। म र मेरा दाजु ड्युक अफ क्याम्ब्रिज हाम्री आमाले प्राप्त गरेको सम्मानप्रति निकै गौरान्वित छौं। सोही समारोहमा उक्त म्यागजिनले डायनाले प्याट्रिक डिमाचेलियरसँग हात मिलाउँदै गरेको श्यामश्वेत तस्वीरसहितको मुखपृष्ठको विमोचन गरिएको थियो।



डायनाको फ्रान्सको राजधानी पेरिसमा भएको एक भयाभह कार दुर्घटनामा निधन भएको थियो। सो दुर्घटनामा उनका मित्र तथा लन्डनमा डिपार्टमेन्ट भएका करोडपति फ्रायडको पनि मृत्यु भएको थियो।

सरकारले नेपाल निर्माण व्यावसायी महासंघका दिवंगत अध्यक्ष शरद्कुमार गौचनलाई शहीद घोषणा गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले गौचनलाई शहीद घोषणा गरेको हो।

# तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता

नेपाल समाचारपत्र
काठमाडौं

प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताले तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। बढ्दो राजनीतिक धुव्रीकरणँगै मंसिर १० र २१ गते तय गरिएको प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सार्ने खेल भइरहेको भन्दै आशंका गरिएको बेला राजनीतिक दलहरूबाट यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन्। निर्वाचन आयोगले शुक्रबार आयोजना गरेको छलफलमा उनीहरूले सो प्रतिबद्धता व्यक्त गरेका थिए।

आयोगले निर्वाचन आचारसंहिता, २०७२ तथा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन आचारसंहिता, २०७४ मा उल्लेख भएका आचारसंहिताका बुँदाको अक्षरशः पालना गर्न सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको थियो।

सो अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवाले तोकिएको मितिमै स्वतन्त्र र निष्पक्ष तरिकाबाट निर्वाचन सञ्चालन गरी ऐतिहासिक रूपले सफल बनाउन सरकार र आफ्नो पार्टी नेपाली कांग्रेसको तर्फबाट पूरापूर सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यसै गरी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आसन्न निर्वाचनलाई तोकिएकै मितिमा सम्पन्न गर्न तथा कानुनले निर्दिष्ट गरेका तथा निर्वाचन आयोगले तयार गरेका नियम, कार्यविधि तथा आचारसंहिता आफ्ना दलको तर्फबाट पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आसन्न निर्वाचन सञ्चालन प्रक्रिया गम्भीर ढंगले अघि बढेको बताउँदै संविधान जारी भएपछि देशलाई निर्वाचनमा लैजान आफू प्रधानमन्त्री हुँदा गरेको प्रयासको स्मरण गर्नुभयो।

उहाँले तोकिएको मितिमा स्वच्छ र स्वतन्त्र तरिकाबाट निर्वाचन सम्पन्न गर्न आफ्नो पार्टीका तर्फबाट पूरा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्वाचन आचारसंहिता सरकारका तर्फबाट बढी उल्लंघन हुने देखिएको बताउँदै निर्वाचन आयोगलाई आचारसंहिता कार्यान्वयनमा कडाइ गर्न सुझाव दिनुभयो।

छलफलमा नेताहरू बुद्धिमान तामाङ, रामजनम चौधरी तथा प्रेम सुवालले निर्वाचन आचारसंहिता सरकार र ठूला दलसमेत सबैले पालना गर्नुपर्ने र आचारसंहिता उल्लंघन गर्नेलाई कानुनअनुसार कारबाही गर्नबाट पछि नहट्न निर्वाचन आयोगलाई सुझाव दिनुभयो।

छलफलमा राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर पनि सहभागी हुनुहुन्थ्यो। छलफलमा सहभागी सबै पार्टीका नेताहरूले निर्वाचन आचारसंहिता पूर्णरूपमा गर्ने गराउने छौं भन्ने प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुभएको थियो।

कार्यक्रमको शुरूमा निर्वाचन आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन तोकिएको मितिमा सम्पन्न गर्नका लागि आयोगको तर्फबाट गरिएका तयारीबारे आयोगका सहसचिव एवं प्रवक्ता नवराज ढकालले प्रस्तुत गर्नुभएको थियो।

## गौचन शहीद घोषित

काठमाडौं, (नेस)

सरकारले नेपाल निर्माण व्यावसायी महासंघका दिवंगत अध्यक्ष शरद्कुमार गौचनलाई शहीद घोषणा गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले गौचनलाई शहीद घोषणा गरेको हो।

अज्ञात समूहले २३ असोजमा गोली हानेर गौचनको हत्या गरेको थियो। सरकारले तर हालसम्म पनि गौचनको हत्यामा संलग्नलाई पहिचान गर्न र पक्रन सकेको छैन।

त्यसै गरी सरकारले भारतीय कम्पनीले निर्माण गरेको काठमाडौं तराई फास्ट ट्र्याकको डीपीआर किन्न स्वीकृति प्रदान गरेको छ। भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर लिजिङ एन्ड फाइनान्सियल सर्भिसेस (आईएल एन्ड एफएस) ले डीपीआर बनाएको थियो।

बैठकले डीपीआर अध्ययन गरी मूल्य सिफारिस गर्ने जिम्मा निर्देशक समितिलाई भनेको छ। सरकारले मूल्य तय गर्न वार्ता प्रक्रिया अगाडि बढाउन समेत स्वीकृति प्रदान गरेको छ।

## डा. केसीको अनशन जारी

काठमाडौ, (नेस)। संसद्बाट संशोधनसहित चिकित्सा शिक्षा विधेयक पेस नभएपछि प्राध्यापक डा. गोविन्द केसीले अनशनलाई जारी राख्नुभएको छ। अनशनरत डा. केसीले विधेयक पेस नभएकोमा दुःख व्यक्त गर्दै आफ्नो अनशन जारी रहने बताउनुभएको छ।

यस्तै डा. केसीको स्वास्थ्य अवस्था बिग्रिदै गएको छ। डा. केसीले अनशन जारी राख्ने भएपछि उनका समर्थकले आज शुक्रबार ऱ्याली निकाल्ने भएका छन्। ऱ्याली मध्याहन १२ बजे माइतीघरबाट शुरू हुने बताइएको छ।

### कालोमोसोको...

शिक्षा विधेयकको नवौं संशोधन फिर्ता गर्नुपर्ने, सीटीईभीटीले १३ वटा कलेजलाई दिएको सम्बन्धन खारेज गर्नुपर्ने, मेडिकल शिक्षामा गरिएको शुल्क वृद्धि फिर्ता गर्नुपर्ने लगायत ५ सुत्रीय माग राख्दै मन्त्री श्रेष्ठलाई ज्ञापनपत्र दिन विद्यार्थी नेता मन्त्रालय पुगेका थिए। अनेरास्ववियुकी अध्यक्ष नविना लामा, अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष रञ्जित तामाङ, विप्लव निकट अनेरास्ववियुका अध्यक्ष पूर्णबहादुर सिंह, नया शक्ति निकट विद्यार्थी युनियनका अध्यक्ष श्यामबाबु गौतम, अनेरास्ववियु छैठौंका अध्यक्ष विमल पोखरेललगायत करिब तीन दर्जन विद्यार्थी नेता मन्त्रालय पुगेका थिए।

**विद्यार्थीले नाराबाजी गर्नु सामान्य हो : *शिक्षामन्त्री***

उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले राजनिति गर्ने विद्यार्थीले नाराबाजी गर्नु सामान्य भएको बताउनुभएको छ। विद्यार्थीले आफ्नै सचिवालयभित्र नाराबाजी गरेको विषयलाई सामान्य रूपमा लिँदै उहाले भन्नुभयो- 'उनीहरूले जहाँ पनि नाराबाजी गर्न सक्छन्। समय लिएर आएको भए भेट्थें, भेट गर्न आएको मलाई जानकारी नै छैन।'

शिक्षा ऐनको नवौं विधेयक पारित गर्नुमा आफ्नो कुनै गल्ती नभएको बताउँदै उहाँले भन्नुभयो- 'संसदले गरेको हो, मेरो कुनै गल्ती छैन। सीटीईभीटीका कलेजलाई सम्बन्धन दिएको विषयमा उहाँले प्राविधिक शिक्षामा आइस ब्रेक भएको बताउनुभयो। '१५ वर्षदेखि जाम भएको सम्बन्धनलाई मैले सबै विधि र प्रक्रिया पुऱ्याएको छु। यो विषय विद्यार्थी संगठनका नेताले बुझ्नुपर्ने थियो।' उहाँले वार्षिक करोडौं रुपियाँ तिरेर बाहिर पढ्न जाने विद्यार्थीले अब नेपालमै पढ्न पाउने भएर ठूलो राहत मिलेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'मैले सम्बन्धन दिँदा कुनै गल्ती गरेका छैन, सबै कलेजको अनुगमन गरिएको छ, सबैको रिपोर्ट लिएर मात्रै स्वीकृति दिएका छौं।'

### टिकट...

नेपाली कांग्रेसका नेतासमेत रहनुभएका संसदीय बोर्ड सदस्य पूर्णबहादुर खड्काले निर्वाचन आयोगको कार्यतालिकाअनुसार असोज २९ गतेसम्म समानुपातिकतर्फका उम्मेदवारको सूची तयार गरेर बुझाउने बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'देशभरबाट सिफारिस भएर आएका उम्मेदवारमध्ये समानुपातिकतर्फका उम्मेदवारको टुंगो लगाउने गृहकार्य भइरहेको छ, प्रत्यक्षतर्फ पनि छलफल शुरू भएको छ, केही समय लाग्छ।'

पार्टी कार्यालयमा लाग्नुपर्ने भीड नेताका घर-घरमा लाग्ने गरेको छ नि भन्ने *नेपाल समाचारपत्र*को जिज्ञासामा खड्काले भन्नुभयो- 'यो नेतालाई सोध्ने प्रश्न होइन, देशभरबाट काठमाडौं टिकट लिन आएका उम्मेदवारलाई सोध्ने कुरा हो।'

सभापतिसमेत रहनुभएका प्रधानमन्त्रीको सरकारी निवास वालुवाटारमा भीड व्यवस्थापन गर्न नै गाह्रो हुने गरेको छ। 'बिहानदेखि नै गेटमा लाइन लाग्छ, समूह-समूह बनाएर आउनेको भीड भनिसाध्य नै छैन', प्रधानमन्त्री निवासका एक कर्मचारीले भने- 'वालुवाटारमा नेताहरूको घुइँचो भनिसाध्य नै छैन, दिनहुँ भीड बढेको बढ्यै छ। त्यसै त भीडभाड हुने वालुवाटारमा अहिले निर्वाचनमा टिकट लिनको लागि देशभरबाट सिफारिस भएर आएका सम्भावित उम्मेदवारको ठूलो भीड लाग्ने गरेको छ।'

त्यसै गरी वरिष्ठ नेता रामचन्द्र पौडलको निवास बोहोराटार, महामन्त्री डा. शशांक कोइरालालगायत बोर्डमा सहभागी नेताहरूको घरमा बिहानदेखि बेलुकासम्म नै भीड लाग्ने गरेको छ।

नेकपा एमालेको पार्टी केन्द्रीय कार्यालय, धुम्बाराही पनि सुनसान बनेको छ।

एमालेभित्र पनि पार्टी कार्यालयबाट भन्दा पनि नेताका घरघर टिकट लिनको धाउनेको भीड लागेको छ। पार्टीका अध्यक्ष केपी शर्मा ओली निवास बालकोटमा बिहानदेखि नै भीड लाग्ने गरेको छ।

समूह-समूहमा आउने भीड व्यवस्थापन गर्दै भेटघाटको समय मिलाउन सचिवालयलाई हम्मे-हम्मे परेको छ। सचिवालयका एक सदस्यले भने- 'सबै पार्टीका नेता कार्यकर्ता आउनुहुन्छ, कसैलाई पनि भेटन मिल्दैन भन्ने कुरा भएन।' एमालेभित्र वरिष्ठ नेता झलनाथ खनाल निवास डल्लु, नेता माधवकुमार नेपाल निवास कोटेश्वरमा पनि सिफारिस भएर आएका सम्भावित उम्मेदवारको भीड लाग्ने गरेको छ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवासमा पनि निकै भीड लाग्ने गरेको छ। केही दिनअघि सम्पन्न पोलिटव्युरोको प्रशिक्षण कार्यक्रममा काठमाडौं आएका सबै नेता राजधानीमा केन्द्रित भएका छन्। देशभरबाट उम्मेदवार सिफारिस भएपछि अध्यक्ष प्रचण्डलाई भेटेर टिकट पाउनका लागि दबाब दिनेहरूको भीड लाग्ने गरेको छ। त्यसै गरी नेता नारायणकाजी श्रेष्ठ, रामबहादुर थापा, उपप्रधान एवं पराराष्ट्रमन्त्रीसमेत रहनुभएका कृष्णबुहादर महरा निवासमा पनि नेताको घुइँचो लाग्ने गरेको छ।

नेकपा माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले उम्मेदवार छनोट गर्नका लागि शीर्ष तहमा गृहकार्य भइरहेको बताउनुभयो। कार्यदलले टुंगो लगाएपछि मात्र को कहाँ उम्मेदवार हुने भन्ने विषयको टुंगो लाग्छ', उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'चुनावको बेलामा टिकटको लागि नेताको निवासमा जानु परम्परा नै बनिसक्यो।'

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच चुनाव तालमेलसँगै पार्टी एकता गर्ने ६ बुँदे सहमति भएसँगै दुई पार्टीबीच ६०/४० को भागबण्डा गर्न कार्यदललाई तीन दिनको समय दिए पनि एक साता बितिसक्दा समेत टुंगो लाग्न सकेको छैन। देशभरबाट दुवै पार्टीले प्रतिनिधिसभा र प्रदेशसभाको उम्मेदवार सिफारिस गरेका छन्।

### वाम...

माओवादी केन्द्रका नेता नारायकाजी श्रेष्ठ त्यस क्षेत्रबाट चुनाव लड्ने तयारीमा रहेका छन्। नेता श्रेष्ठले उक्त क्षेत्र छोड्न तयार नभएपछि नयाँ शक्ति आफ्नै चुनाव चिह्न लिएर चुनावमा भाग लिने तयारीमा लागेको छ। वाम गठबन्धनबाट बाहिरिंदै नयाँ शक्तिले उम्मेदवारसमेत घोषणा गरेको छ। पार्टीका संयोजक डा. बाबुराम भट्टराई गोरखा क्षेत्र नम्बर २ बाट चुनाव लड्ने भएका छन्।

## 'मन्त्रिपरिषद् विस्तारको निर्णय नसच्याए आयोगको औचित्य छैन'

काठमाडौं, (नेस)

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन आचारसंहिताविपरीत गरेको मन्त्रिपरिषद् विस्तारको निर्णय निर्वाचन आयोगले सच्याउनुपर्ने बताएको छ। प्रधानमन्त्रीले निर्वाचन आचारसंहिताप्रति हस्ताक्षरण गरेको मसी सुक्न नपाउँदै मन्त्रिपरिषद् विस्तार गर्ने निर्णय पराकाष्ठा भएको बताएको हो।

नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङले प्रधानमन्त्रीको निर्णय आचारसंहिताविपरीत भएको बताउँदै यसभन्दा अघि पटकपटक निर्वाचन आयोगले मन्त्रिपरिषद् विस्तार नगर्न सचेत गराउँदा पनि अहिले आएर अटेर गरेको प्रक्रिया दिनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'निर्वाचन आयोगले पछिल्लो चरणमा दुई जना राज्यमन्त्री थप्ने निर्णय पनि सच्याउने निर्देशन दिएको छ, तीन दलको बैठकमा आचारसंहिताविपरीतको कुनै पनि काम नगर्ने सहमति भएको थियो, प्रधानमन्त्रीले शुक्रबार निर्वाचन आयोगमा पुगेरै प्रतिबद्धता जनाउँदै हस्ताक्षर पनि गर्नुभएको हो।'

प्रधानमन्त्रीले लिएको निर्णय पराकाष्ठा भएको उल्लेख गर्दै उहाँले अब निर्वाचन आयोगले मन्त्रिपरिषद् विस्तारलाई बदर गर्नुपर्ने आफूहरूको माग रहेको बताउनुभयो। 'निर्वाचन आयोगले आचारसंहिताविपरीत काम हो भनेर भनी नै सक्यो, आदेश दिँदादिँदै सरकार विस्तार भएको छ, तुरुन्तै निर्वाचन अयोगले बदर गरिदिनुपर्छ, यसमा कुनै विवाद छैन, गलत कदमलाई बदर गर्ने निर्वाचन आयोगको अधिकार हो', नेम्वाङले भन्नुभयो- 'निर्वाचन आयोगले कदम चाल्नुपर्छ, निर्वाचन आयोगले हेरेर बस्नुहुँदैन, होइन भने निर्वाचन आयोग निरीह सावित हुन्छ, आयोगले निर्वाचन पनि गराउन सक्दैन।'

**माओवादीले आज धारणा सार्वजनिक गर्ने**

प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो पार्टीका मन्त्रीलाई हटाउने उद्देश्यको साथ निर्वाचन आचारसंहिताविपरीत मन्त्रिपरिषद् विस्तार गरेकोप्रति नेकपा माओवादी केन्द्रले आपत्ति जनाएको छ। आफ्नो पार्टीसँग कुनै परामर्श नै नगरी निर्वाचन आचारसंहिता विपरीत मन्त्रीपरिषद् विस्तार गरेकोप्रति माओवादी केन्द्रले आपत्ति जनाएको हो।

## कांग्रेसले समानुपातिकको नाम टुंगायो

काठमाडौं, (नेस)

आगामी मंसिर १० र २१ हुने प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली कांग्रेसले समानुपातिकतर्फको उम्मेदवार तय गरिसकेको जनाएको छ।

कांग्रेस संसदीय समितिले प्रत्यक्षतर्फको उम्मेदवारको चयन भने अझै केही दिन पछि मात्र गरिने बताइएको छ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले नेपाल समाचारपत्रलाई जानकारी दिएका थिए। निर्वाचन आयोगमा बुझाउनका लागि समानुपातिकतर्फको उम्मेदवारको टुंगो लगाइसकिएको छ। प्रत्यक्षतर्फको उम्मेदवारको टुंगो भने निर्वाचन आयोगमा समानुपातिकको लिस्ट बुझाएपछि लगाइने भएको छ। प्रत्यक्षतर्फको उम्मेदवारका लागि पनि जिल्लाबाट सिफारिससहित नाम लिस्ट प्राप्त भइसकेको पनि मुख्य सचिव पौडेलले बताउनुभयो।

हालै बसेको कांग्रेस केन्द्रीय समितिको बैठकले हिजो शुक्रबारसम्म प्रत्यक्ष र समानुपातिक तर्फको उम्मेदवार टुंगो लगाउने निर्णय गरेको थियो। कांग्रेसले उम्मेदवार तय गर्न तीन दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा १७ सदस्यीय संसदीय समिति पनि गठन गरेको थियो।

## एनआरएनए विश्व सम्मेलन आजदेखि

काठमाडौं, (नेस)

गैर आवासिय नेपाली संघ (एनआरएनए)को ८औं विश्व सम्मेलन काठमाडौंमा आजदेखि शुरू हुँदैछ। राष्ट्रपति विद्यादेवी भण्डारीले एक समारोहका बीच उद्घाटन गर्नुहुनेछ। सम्मेलनले आगामी दुई वर्षका लागि नयाँ कार्यसमिति चयन गर्नेछ।

## व्यावसायीहरूको सुरक्षामा सरकार गम्भीर : *उद्योगमन्त्री थापा*

नेपाल समाचारपत्र
ललितपुर

उद्योग मन्त्री सुनील बहादुर थापाले व्यावसायीहरूलाई सुरक्षा प्रदान गर्न सरकार गम्भीर रहेको बताउनुभएको छ।

ललितपुर उद्योग वाणिज्य संघको शुक्रबार ललितपुरको बालिफमा आयोजित ३८ औं वार्षिक साधारण सभामा सो कुरा बताउनुभएको हो। उहाँले सुरक्षाको प्रत्याभूति गराइदिन भन्दै हरेक दिन सयौं व्यावसायीले फोन गर्ने गरेको बताउँदै यसबारे गृहमन्त्री जर्नादन शर्मासँग कुराकानी गरेको जानकारी दिनुभयो। कुराकानीका क्रममा गृहमन्त्री शर्माले व्यावसायीहरूको सुरक्षा संवेदनशीलतालाई बुझेर योजना बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको पनि मन्त्री थापाले सुनाउनुभयो।

'व्यवसायी गौचनको हत्यापछि बैंकका कार्यकारी, उद्योगी र व्यवसायीले सुरक्षा प्रत्याभूति गर्न माग गर्दै आएको छ। व्यावसायीहरूको सुरक्षा थ्रेटलाई विश्लेषण गर्दै सुरक्षा योजना बनाउन गृह मन्त्रीलाई भनेको छु। ढुक्क हुनुहोस्, व्यवसायीको सुरक्षा हुन्छ', -मन्त्री थापाले भन्नुभयो। कुल ग्राहस्थ उत्पादन बढाउन देशका निजी क्षेत्र सक्रिय हुन पनि मन्त्री थापाले आग्रह गर्नुभयो।

सो अवसरमा अर्थराज्य मन्त्री उदयशमशेर राणाले आर्थिक समृद्धि र गरिबी निवारण गर्न निजी क्षेत्रको विकल्प नभएको धारणा राख्नुभयो। उहाँले अहिले लगानी गर्ने उचित समय रहेको पनि बताउनुभयो। सभामा विज्ञान तथा प्रविधि राज्यमन्त्री विराज विष्टले वामपन्थीहरूको राजनीतिक धुव्रीकरण खुला अर्थतन्त्रमा संकुचन हुन सक्ने आशंका पैदा गर्नुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले राजनीतिक दलहरूले आश्वासन अनुरूप संविधान निर्माण र स्थानीय तहको चुनावपछि पनि देश आर्थिक समृद्धिको दिशामा नबढेको धारणा राख्नुभयो।

अध्यक्ष राणाले मुलुकमा लगानीमैत्री वातावरणको अभाव, उद्योगी व्यवसायी प्रताडित हुनुपरेको, आर्थिक विकासको दिशामा अघि नबढेको बताउँदै यसमा सरकार गम्भीर हुन आग्रह गर्नुभयो।



सबिन श्रेष्ठ



कृष्णलाल महर्जन

ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष सविन श्रेष्ठले संघको उपस्थिति बलियो हुँदै गएको उल्लेख हरेक कार्यले व्यावसायिक वातावरण राम्रो बनाएको दाबी गर्नुभयो।

अध्यक्ष श्रेष्ठले संघको स्वीकार्यता बढाउन, जिल्लाको आर्थिक सम्भावना र सामर्थ्यलाई प्रयोग गर्न दतचित्त भएर लागेको पनि बताउनुभयो। उहाँले ललितपुर जिल्लालाई हस्तकला र पर्यटकीय जिल्लाको रूपमा विकास गर्न सकिने बताउँदै यसमा कार्यमा सबैको सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

सासंद मदनबहादुर अमात्य, संघका वरिष्ठ उपाध्यक्ष रवीन्द्रराज ताम्रकार, महासचिव भरतलाल जोशीले आर्थिक विकासमा निजी क्षेत्रलाई महत्त्वपूर्ण हिस्साका रूपमा सरकारले लिनुपर्नेमा केन्द्रित गर्दै आ-आफ्ना धारणा राख्नुभयो।

**श्रेष्ठको प्यालनमा**

**वरिष्ठ उपाध्यक्षमा**
रवीन्द्रराज ताम्रकार
**उपाध्यक्ष उद्योगमा**
बालकृष्ण श्रेष्ठ
**उपाध्यक्ष वाणिज्यमा**
रूपकुमार शाक्य
**संस्थागत उपाध्यक्षमा**
वीरेन्द्रलाल श्रेष्ठ
**महासचिवमा**
मनोजबहादुर न्याछ्यों
**कोषाध्यक्षमा**
सचेन्द्रराज जोशी
**उद्योगतर्फ सदस्यमा**
कृष्ण श्रेष्ठ
भूषणनार्थ शर्मा
मिलन शाक्य
श्रीजेशलाल शिल्पकार
सजन श्रेष्ठ
सुनील शाक्य हान्ताई
**वाणिज्यतर्फ सदस्यमा**
उसन बज्राचार्य
कृष्णप्रसाद सापकोटा
भूमिनन्दन कर्माचार्य
रूपेन्द्रराज शाक्य
लजना श्रेष्ठ
सविनलाल प्रधान
**एशोसिएटतर्फबाट सदस्यमा**
राकेशभक्त मूल्मी

**महर्जनको प्यानलमा**

**वरिष्ठ उपाध्यक्षमा**
गजेन्द्रलाल जोशी
**उपाध्यक्ष उद्योगमा**
विश्व बज्राचार्य
**उपाध्यक्ष वाणिज्यमा**
बालकाजी महर्जन
**संस्थागत उपाध्यक्षमा**
श्याम तण्डुकार
**महासचिवमा**
दीपेन्द्र शाक्य
**कोषाध्यक्षमा**
नारायणगोपाल श्रेष्ठ
**उद्योगतर्फको सदस्यमा**
रमेशसिंह महर्जन
सुरेन्द्र अवाले
सुसन महर्जन
हरिसिन्चुरी बि.क
**वाणिज्यतर्फ सदस्यमा**
महेश श्रेष्ठ
राजेन्द्र तण्डुकार
रूपकमान महर्जन
**वस्तुगत समूहबाट**
राजेन्द्रकुमार श्रेष्ठ (र्निविरोध)
नवीनलाल श्रेष्ठ

**महासचिव भरतलाल जोशीले एक व्यक्ति एक पटक मात्र एउटा पदमा बस्नुपर्ने भन्दै वरिष्ठ उपाध्यक्षका लागि स्वतन्त्र उम्मेदवारी दिनुभएको छ।**

**राष्ट्रिय उत्पादकत्व अवार्ड प्रदान**

यसैबीच संघले एभरेस्ट फेसनलाई राष्ट्रिय उत्पादकत्व अवार्ड प्रदान गरेको छ। उद्योगमन्त्री सुनीलबहादुर थापाले सो अवार्ड प्रदान गरेको हो। संघले स्वर्ण जयन्तीको अवसरमा राष्ट्रियस्तरको सो अवार्ड दिने निर्णय गरेको थियो। उद्योगी व्यावसायीलाई प्रोत्साहित गर्न सो अवार्ड स्थापना गरिएको संघले जनाएको छ। अवार्ड दिनका सर्वोत्कृष्ट तीनमध्ये छनोटमा परेको मानुषी प्रालि नख्खु, नेपाल फर्मास्युटिकल्स प्रालि वीरगन्जलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

सो अवसरमा संघका सर्वोत्कृष्ट कर्मचारी घोषित हुनुभएका प्रशासकीय अधिकृत पुरुषोत्तम श्रेष्ठ, सहायक अधिकृत अष्टलक्ष्मी महर्जन र कार्यालय सहयोगीतर्फ सानु महर्जनलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरियो।

**निर्वाचन आज**

संघको अबको नेतृत्वका लागि आज जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा निर्वाचन हुने छ। संघका अनुसार निर्वाचनको अवधि बिहान ८ देखि २ बजेसम्म तोकिएको छ। नेतृत्वका लागि सविन श्रेष्ठ र कृष्णलाल महर्जनबीच कडा प्रतिस्पर्धा भएको छ। श्रेष्ठ र महर्जनले आ-आफ्नो प्यानलसहित उम्मेदवारी दिनुभएको हो।

अधिकाशं पूर्व अध्यक्ष र पूर्व पदाधिकारी श्रेष्ठको निरन्तरताको पक्षमा छन् संघलाई नयाँ शिराबाट अघि बढाउन नयाँ नेतृत्व आउनुपर्ने भन्दै युवा तथा नयाँ उद्यमी व्यावसायी महर्जनको पक्षमा रहेका छन्।

त्यसै गरी चार वर्षअघि अध्यक्षमा पराजित हुनुभएका महर्जनलाई उनका सहयोगीले एकचोटि भए पनि निर्वाचित गराउनुपर्ने भन्दै सहानुभूति मत तान्ने प्रयास गर्दै आएका छन् भने श्रेष्ठले आफ्नो कार्यकालमा भएका राम्रा कामको निरन्तरता र स्वर्ण जयन्तीको कार्यक्रमलाई निरन्तरता दिन आफू निर्वाचित हुनुपर्ने दाबी गरेका छन्।

**ग्लोबल आइएमई बैंक लि.**

शाखा कार्यालय, थानकोटको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **श्री पञ्च कुमार उदास**को मिति २०७४/०५/२१ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतककी श्रीमती नानी मैया उदासले यस बैंकको शाखा कार्यालयमा मिति २०७४/०६/०८ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय थानकोटमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियम अनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# 48 Years of Excellence

**Stardards make citizens smarter**

## World Standard Day

नेपाल गुणस्तर तथा नापतौल विभागको ४८ औं वार्षिकोत्सव तथा विश्व गुणस्तर दिवश २०१७ को हार्दिक मंगलमय शुभकामना



माननीय सुनिल वहादुर थापा
मन्त्री
उद्योग मन्त्रालय

## विश्व गुणस्तर दिवश, २०१७ को अवसरमा दिईएको सन्देश

### "Standards Make Cities Smarter"

मुलुकको विकाससँगै तिब्र रुपमा शहरीकरण भईरहेको छ । नेपाल सरकारले विभिन्न स्थानहरुमा स्मार्ट शहरहरु निर्मांण गर्ने नीति लिएको छ । नागरिकको गुणस्तरीय जिवनयापनको लागी पर्याप्त स्वच्छ पानी, स्वच्छ उर्जामा पहूँच, प्रभावकारी यातायात व्यवस्था, सुरक्षाको प्रत्याभूती, फोहर व्यवस्थापन तथा स्वच्छ वातावरण आदिको व्यवस्थापन गर्दै शहरीकरण गर्नु आजको आवश्यकता रहेको छ । यी विषयहरुको गुणस्तर निर्धारण भई कार्यान्वयन भएमा मात्र स्मार्ट शहरको परिकल्पनालाई साकार पार्नमा मद्दत पुग्दछ । यो वर्ष १४ अक्टोबर, २०१७ मा "Standards Make Cities Smarter" भन्ने नाराका साथ विश्व गुणस्तर दिवश विश्वभरी मनाईंदै छ । आधुनिक तथा सुव्यवस्थीत शहरीकरण आफैमा एक जटिल कार्य रहेको तथा हरेक शहरको आफ्नै चुनौतीहरु हुने हुँदा सो को समाधानको लागि विशेष प्रविधी एवं ज्ञानको जरुरी रहन्छ । नेपाल गुणस्तर तथा नापतौल विभाग नेपालको एकमात्र राष्ट्रिय गुणस्तर सम्वन्धी निकायको रुपमा कार्यरत रही आएको छ र यसले वस्तु तथा सेवाको गुणस्तर निर्धारण र कार्यान्वयनको माध्यमबाट जनसाधारणको गुणस्तरीय वस्तु तथा सेवाको पहुँचमा सुनश्चित गराउन योगदान पुऱ्याउँदै आएको छ ।

नेपाल सन् २०१४ देखी अन्तराष्ट्रिय गुणस्तर निकाय International Organization for Standardization (ISO) को पूर्ण सदस्य भएको र यसै हैसियतमा आज नेपालले पनि विश्व गुणस्तर दिवश २०१७ मनाईरहेको छ । यो विशेष अवसरमा सम्पूर्ण सरोकारवाला तथा नेपाली जनतालाई गुणस्तरीय वस्तुको उत्पादन तथा सेवा प्रदान गरी प्रतिस्पर्धी हुन, त्यस्ता वस्तु तथा सेवा उपयोग गरी सुरक्षित रहन, र विश्व गुणस्तर दिवशको नारालाई आत्मसाथ गर्दै देशको आधुनिकीकरणमा योगदान पुऱ्याउन अनुरोध गर्दै विश्व गुणस्तर दिवश २०१७ को शुभकामना व्यक्त गर्दछु ।

माननीय सुनिल वहादुर थापा
मन्त्री
उद्योग मन्त्रालय

Saakha Steels Industries Pvt. Ltd. Saakha House, Tinkune, Kathmandu
अशोक स्टील ईन्डस्ट्रिज प्रा.ली. Bagmati Chambers, Teku, Kathmandu
रिलायन्स सिमेन्ट — हाम्रो भविष्य हाम्रो रिलायन्स
रिलायन्स सुपरटेक सिमेन्ट
सिद्धार्थ सिमेन्ट — मजबुतिको अर्को नाम
SR Steel
विशाल सिमेन्ट इन्डस्ट्रिज प्रा. लि.
Advance Group — एडभान्स सिमेन्ट OPC
Asian Thai Foods Pvt. Ltd. Thapathali, Kathmandu
घोराहि सिमेन्ट इण्डष्ट्रि प्रा. लि.
Rijalco Polytank Industries Pvt. Ltd. Itahari, Sunsari
Aarati Strips (P) Ltd. Biratnagar — SOLID COMMITMENT
Nepal Bitumen & Barrel Udyog Ltd. Pulchowk, Lalitpur
इस्टर्न कसमस सिमेन्टस् प्रा.लि. Lazimpat, Kathmandu
GOENKA GOLD TMT BAR — Goenka Steels (P) Ltd. Rupandehi, Nepal
हिमाल स्टील
अम्बे सिमेन्ट
AMBE STEELS (P.) LTD.
वृज सिमेन्ट — वृज सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.
Hama Iron & Steels Industries Pvt. Ltd. Kamaladi, Kathmandu — hamasteel steel for life
लक्ष्मी स्टील — Pure Prime Billet
Nepal Cylinders (P.) Ltd. Pulchowk, Lalitpur
Nepal Gas Udhyog Pvt. Ltd — नेपाल ग्यास उद्योग प्रा. लि. — RELIABLE, SAFE, RESPONSIVE — Balaju, Kathmandu
AC Industries — अग्नि सिमेन्ट
Hillcake
www.mediaalliance.com.np
Sushil Vanaspati Pvt. Ltd. Sherpa Mall, Durbarmarg, Kathmandu, Nepal
KEPY CEMENT — SOLID निर्माण
जनता केबुल — Since 1977 — Post Box No: 3318, Tahagalli, Sundhara Kathmandu, Nepal
JAGDAMBA ENTERPRISES PVT. LTD. Birgunj, Nepal
Nepatop — सब ठिक ठाक !!
NEEK — Nepal Ekarat Engineering Co. Pvt. Ltd. Thapathali, Kathmandu
TRANSWELD TRANSFORMER — Transweld Nepal P. Ltd. Dhapasi, Tokharoad, Kathmandu
जगदम्बा सिमेन्ट
JAGDAMBA STEEL — देशको मेरुदण्ड
पायनियर केबुल
नेपाल अम्बुजा सिमेन्ट
Ambuja Cement
Pink Rose Advertising

> उत्पादनमा गुणस्तर प्रमाण चिन्ह आईएसओ अंकित गराउने काम ऐच्छिक हुनु र कुनै पनि उद्योगले गुणस्तरहीन सामान उत्पादन वा आयात गरेमा हुने कारबाही प्रक्रिया कमजोर भएको उपभोक्ता अधिकार कर्मीलगायतका सरोकारवालाको गुनासो छ।




# गुणस्तर र प्रविधिलाई ध्यानमा राखेर स्मार्ट सिटी निर्माण जटिल : विश्वबाबु पुडासैनी



गुणस्तरका सवालमा विश्वव्यापी रूपमा हेर्दा हामी पछाडि नै छौं। गुणस्तरको परिभाषा पनि परिवर्तन हुँदै गएको छ। विगतमा केही सुस्ताए पनि पछिल्लो समयमा हामीले यसलाई तिव्रताका साथ अगाडि बढाएका छौं।

अहिले विभिन्न २० वटा क्षेत्रमा गुणस्तर तर्जुमा गर्न विभिन्न प्राविधिकसहितको टोली गठन भएर काम पनि भइरहेको छ। वस्तु, सेवा, प्रक्रियालगायतका विषयमा राष्ट्रिय गुणस्तर तर्जुमा हुन्छन्। आर्थिक रूपमा बचाबट, प्राविधिक रूपमा सुरक्षिंत हुने र मानवीय स्वास्थ्यका हिसाबले सुहाउँदो प्रविधिलाई हामीले प्रवर्द्धनात्मक कार्यमार्फत् सबै क्षैंत्रमा पुर्‍याउने प्रयास गरिरहेका छौं। त्यो लगायत अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न पूर्वाधार विकास गर्नुपर्ने विषय चुनौतीपूर्ण छ।

हामीले मुख्य गरेर दुई वटा काम गरिरहेका छौं। पहिलो भनेको आन्तरिक बजारमा वस्तुको गुणस्तर सुनिश्चितता गर्ने र गुणस्तरीय वस्तु उत्पादनका लागि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गराउनका लागि प्राविधिक सीपमा सहयोग गर्ने काम गरिरहेका छौं। अर्को भनेको विश्वव्यापी मान्यताप्रँप्त गुणस्तरलाई नै आधार मानेर हामीले विभिन्न क्षेत्रमा गुणस्तर निर्धारण गरी विभिन्न वस्तु तथा सेवालाई विश्व बजारमा लैजान पहल गरिरहेका छौं। अन्तर्राष्ट्रिय रूपमा व्यापार अभिवृद्धिका लागि प्राविधिक कठिनाईहरू कम गर्ने र नेपाली वस्तु तथा सेवालाई अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच दिलाउने हाम्रो अर्को प्रयास हो। सम्बन्धित मुलुकसँग वस्तुको बजार विस्तारका लागि उनीहरूको गुणस्तर अनुरूपको वस्तु उत्पादनमा पनि हामीले सहयोग गरिरहेका छौं।

गुणस्तर र प्रविधिलाई ध्यानमा राखेर स्मार्ट सिटी निर्माण जटिल छ र यसका लागि हामीसँग धेरै नै चुनौतीहरू रहेका छन्। ती चुनौती सामना गर्नका लागि विभिन्न खालका रणनीतिहरू अवलम्बन गर्नुपर्ने अवस्था छ। यस वर्षको अन्तर्राष्ट्रिय गुणस्तर दिवसमा हामीले विषेश गरेर शहरीकरण गर्दा सुव्यवस्थित शहरीकरणका लागि चाहिने मापदण्डलाई प्राथमिकतामा राखिएको छ। भवन, सडकलगायत अन्य पूर्वाधार निर्माणका मापदण्डलाई आधार मानी एउटा उन्नत शहर बनाउन तथा व्यवस्थित शहरको विकासका लागि मापदण्डहरूको अन्यन्तै महत्त्वपूर्ण भूमिका रहन्छ। विकसित शहरले यी विषयमा गरेको प्रगति र उत्कृष्ट प्रयोग ल्याएका छन्।

स्मार्ट शहर निर्माणका लागि दीर्घकालीन योजनाहरू निर्माण, मापदण्ड कार्यान्वयन र तर्जुमा गर्ने विषयमा प्रँविधिक सहयोगको विषयलाई ध्यानमा राखेर बढीभन्दा बढी क्षैंत्र समट्ने गरेर कार्यक्रम ल्याउनुपर्ने आवश्यकता छ। अहिलेको संरचनमा भन्दा केही फरक ढंगले जानुपर्ने अवस्था पनि छ। त्यो किन भने क्षमता विकास र सहभागिकताको माध्यमबाट मात्र सबै क्षेत्रलाई समेटेर गुणस्तरीयताको संस्कृति विकासमा जोड दिन सकिन्छ। उत्कृष्ट शहर निर्माणमा मात्र नभई हरेक क्षेत्रमा गुणस्तरको विकासमा बढीभन्दा जानकारी दिने तथा उनीहरूको वस्तु तथा सेवाको विश्वव्यापी पहुँचका लागि गुणस्तरका विषयमा सचेत गराउने काम विभागको नै हो। त्यसका लागि क्षमता विकासका कार्यक्रम, स्टेक होल्डरको सहभागिता बढाउने र विभिन्न निकायहरूबीच एक आपसमा समन्वयात्मक ढंगले काम गरी विश्वव्यापी मापदण्डलाई कार्यान्वयनमा ल्याउने पहल हामी गर्नेछौं।

*(गुणस्तर तथा नापतौल विभागका महानिर्देशक पुडासैनीसँग कुराकानीमा आधारित)*

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

# उपभोक्ता आफैं होसियार हुन जरुरी छ : प्रेमलाल महर्जन



संयुक्त राष्ट्रसंघले मनाउने गरेको विश्व गुणस्तर दिवसको नेपालले पनि मनाउँदै आएको छ। नेपालमा भने सरकारले दिवस मनाउने मात्र काम गर्दै आएको छ, मापदण्ड अनुसार र उपभोक्तालाई गुणस्तरीय सेवा सुविधा नपाएको अवस्था छ। सरकारको उचित नियगमन र बलियो कानुन नहुँदा व्यवसायीबाट हरेक पाइलामा उपभोक्ता ठगिन बाध्य भएका छन्।

उपभोक्ता आफैं पनि वस्तु तथा सामान खरिद गर्दा सजग र होसियार हुन जरुरी छ। राष्ट्रिय उपभोक्ता मञ्च नेपालले पनि सरकारलाई नियमन गर्न र व्यवसायीलाई उचित मापदण्डमा ल्याउनको लागि ध्यान आर्कषण गराउँदै आएको छ।

सरकारले तोकेको मापदण्ड पूरा गरेको अवस्थामा कम्पनीले सोही अनुसार उपभोक्तालाई सेवा सुविधा दिएको खण्डमा मात्र विश्व गुणस्तर दिवसको साक्षरता पूरा हुने छ। वस्तु तथा सेवाको परिमाणमा समेत सरकारले उचित नियमगन भएको छैन।

उपभोक्तालाई सचेतनाको लागि देशभरनै वस्तु तथा परिणामको बारेमा उपत्यकाका तीन जिल्लामा र मोफसलको ६७ जिल्लामा मञ्चले कार्यालय स्थापना गरी काम गरिरहेको छ। समय अनुसार सरकारले साधन स्रोत ,जनशक्ति र प्रविधिमैत्री बनाएर वैज्ञानिक ढंगले सधैं नै बजारमा अनुगमन हुनुपर्छ।

सरकारले बजार अनुगमनको नाममा नाम मात्रको अनुगमन मात्र गरेको देखिएको छ। यसलाई अझ प्रभावकारी बनाउन जरुरी रहेको छ। समय समयमा रुटिन बनाएर अनुगमन हुनु पर्‍यो। गुणस्तर भनेको समय अनुसार परिर्मजन हुँदै जाने भएकाले यसलाई परिस्कृत गर्न समेत सरकारको ध्यान जान जरुरी छ। पुरानो प्रविधिभन्दा नयाँ प्रविधिमैत्री वस्तु तथा सेवाको मापदण्ड निर्धारणको लागि सरकारले प्रभावकारी कदम चाल्ने समय आईसकेको छ।

*(राष्ट्रिय उपोभोक्ता मञ्च नेपालका अध्यक्षसँगको कुराकानीमा आधारित)*

# अनुगमन तथा मूल्यांकन प्रभावकारी भएन

काठमाडौं, (नेस)

विभिन्न वस्तु तथा सेवाको गुणस्तरमा वृद्धि, गुणस्तरीय सामानको उत्पादन र वितरण तथा उपभोक्ता सचेतनालगायतका विषयमा विभिन्न कार्यक्रम हुने गर्छन्। तर, विदेशमा प्रसिद्धि कमाएका र तुलनात्मक लाभका नेपाली वस्तुहरू पनि गुणस्तरको विषयमा भने त्यो प्रसिद्धि कायम राख्न सकेका छैनन्। अपवादका रूपमा चिया, अलैंची, पश्मिना, हाते कागज, जुट जस्ता उत्पादन भने उत्पादन कम मात्रामा भए पनि गुणस्तरको मामलामा उत्कृष्ट छन्।

नेपालबाट विदेशमा निर्यात गरिने वस्तुमा ठूलो हिस्सा ओगटेको भए पनि हस्तकला, काष्ठकला लगायतका उत्पादनलाई विश्व गुणस्तरमा मात्र नभई नेपाल गुणस्तरको मापदण्डमा पनि समेट्न सकिएको छैन। साना तथा घरेलु उद्योगको उत्पादनमा मात्र नभई ठूला औद्योगिक उत्पादनको गुणस्तर निर्धारण गर्ने तथा प्रमाणपत्र पाउन नसकेको गुनासो सुनिँदै आएको छ। वस्तु तथा सेवाको प्रभावकारी मूल्यांकन र अनुगमन हुन नसक्दा स्वेच्छाकारी रूपमा गुणस्तर प्रमाण चिन्ह राख्ने गरेका कारण पनि अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको गुणस्तरलाई खस्काएको छ। उद्योगले गुणस्तरहीन सामान उत्पादन गरेर बजारमा पठाउँदा पनि गुणस्तर तथा नापतौल विभागले कारबाही गर्न नसक्ने भएकाले नेपालको गुणस्तर कानुन निकै कमजोर भएको सरोकारवालाहरूले बताउँदै आएका छन्।

हाल नेपालमा गुणस्तर कायम गर्न नाप तौल ऐन २०२५, नेपाल गुणस्तर ऐन २०३७, नेपाल गुणस्तर नियमावली २०४०, र नाप र तौल नियमहरू २०२७ कार्यान्वयनमा रहेकाछन्। तर पनि गुणस्तरहीन र मिसावटयुक्त उपभोग्य वस्तुको उत्पादन र वितरण गर्ने उत्पादनकर्तामाथि उपयुक्त कारबाही गर्न समस्या देखिने गरेको छ।

# ‘शहरको समृद्धिको आधार स्तरीय गुणस्तर’




नेपाल समाचारपत्र

काठमाडौं

हरेक वर्ष अक्टोबर १४ ताारिखका दिन विश्वभर अन्तर्राष्ट्रिय गुणस्तर दिवस मनाइँदै आएको छ। यस वर्ष ‘शहरको समृद्धिको आधार स्तरीय गुणस्तर’ भन्ने नाराका साथ विश्व गुणस्तर दिवस मनाउने कार्यक्रम रहेको छ।

इन्टरनेसनल स्टान्डर्ड अर्गनाइजेसन (आईओएस), र इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन (आईटीयु) का सदस्य राष्ट्रले विश्वभर मनाउने गरेका छन्। सन् १९४६ मा लण्डनमा भएको एक अन्तर्राष्ट्रिय भेलाले गुणस्तरको विकास गर्ने अन्तर्राष्ट्रिय संस्थाको निर्माण गर्ने निर्णय गरेको दिनको सम्झनामा सन् १९७० देखि हरेक वर्षको अक्टोबर १४ मा यो दिवस मनाउने गरिएको छ।

यस वर्षको विश्व गुणस्तर दिवसका लागि आफ्ना सदस्य राष्ट्लाई आईओएसले कसरी समृद्ध र समन्नुत शहरको निर्माण गर्न सकिन्छ र त्यसका आधारहरू के हुन सक्छन् भन्ने विषयमा जानकारी गराएको छ। आईओएसले आफ्ना सदस्य राष्ट्रहरूलाई सम्प्रेषण गरेको सन्देशमा भनिएको छ-‘समृद्ध शहर बनाउनु त्यति सजिलो छैन र त्यसका लागि हरेक शहरले आ-आफ्नै किसिमको चुनौती सामना गर्नुपर्ने अवस्था छ। समस्या र आवश्यकता अनुसारको समाधान पनि हुनु आवश्यक छ। तर पनि एउटा कुरा यसमा समान रहेको छ। जसमा उच्च ज्ञान अनि उत्कृष्ट अभ्यास को जरुरी छ। पर्याप्त शुद्ध खानेपानी, स्वच्छ ऊर्जामा अन्तर्राष्ट्रिय पहुँच, एक स्थानदेखि अर्को स्थानसम्म सजिलै पुग्न सक्ने यातायात व्यवस्था, सुरक्षाको प्रत्याभूति र पहुँच लगायतका सुविधा जनताले पाउनुपर्ने र प्रतिस्पर्धाको अवस्था गर्नुपर्ने।

गुणस्तरले मानिसलाई वस्तु तथा सेवाको छनोटमा पनि सहयोग गर्ने र प्रतिस्पर्धी बजारको असीमित ढोका खोल्छ। सबै सहरहरूमा समान खालको गुणस्तरले पनि एकरूपता ल्याउने छ। सूचना, प्रविधि, विद्युत्, यातायातलगायत पूर्वाधार सेवामा मात्र होइन तिनीहरूको उचित व्यवस्थापन, सञ्चालन तथा पुस्ता हस्तान्तरणका लागि पनि एकरूपताको खाँचो छ।



# नेपाल हङकङसँग पराजित

## विश्वकप छनोट खेल्न कठिन

- यो नेपालको च्याम्पियनसिपमा सातौं हार
- नेपालले केवल चार खेल जितेको
- नेपालका कोही पनि खेलाडीले ३० रन कटाउन नसकेको
- पारस खड्काले सर्वाधिक २६ रन जोडेको



**नेपाल समाचारपत्र**

काठमाडौं

विश्व क्रिकेट लिग च्याम्पियनसिप अन्तर्गतको छैटौं चरणको हङकङविरुद्धको पहिलो खेलमा नेपाल पराजित भएको छ।

शुक्रबार हङकङमा भएको अवे खेलमा नेपाल ८३ रनको फराकिलो अन्तरले हारेको हो। जबकि नेपालले घरेलु टोलीबाट १ सय ९५ रनको लक्ष्य मात्रै पाएको थियो। यो हारले नेपालको आगामी सन् २०१९ विश्वकपअन्तर्गत छनोट चरणमा सहभागि हुन ज्यादै कठिन बन्न पुगेको छ। नेपालका लागि हङकङलाई पन्छाउनुपर्ने नै थियो। तर हङकङका बलरले नेपालका ब्याटसम्यानलाई अंकुश लगाइदिँदा नेपाल ३४ दशमलव ५ ओभरमा अलआउट हुँदै १ सय ११ रनमै सीमित भयो।

यो नतिजापछि नेपाल ११ खेलबाट ८ अंकसहित छैटौं स्थानमा रहन बाध्य भएको छ। हङकङ भने यो जितबाट ११ खेलबाट १३ अंक जोडेर चौथो स्थानमा उक्लेको छ। केन्या १२ अंकसहित पाँचौं स्थानमा झरेको छ भने शीर्ष तीनमा क्रमश: नेदरल्यान्डस् (१८ अंक), पपुआ न्युगिनी (१६ अंक) र स्कटल्यान्ड (१५ अंक) छन्। नेपालले अब आइतबार हङकङसँग दोस्रो खेल खेल्दै छ। जुन खेलमा हारेमा नेपालको शीर्ष चारमा आउने सम्भावना पनि समाप्त हुनेछ।

नेपालको ब्याटिङ चल्न नसकेपछि नै पराजय हुन पुगेको थियो। नेपालका लागि ओपनिङ साझेदारी सधैं फ्लप हुने गर्छ। यहाँ पनि ओपनिङ चलेन। सागर पुन मात्र ३ रन बनाएर पाँचौं ओभरमा आउट भएका थिए। त्यसपछि कप्तान पारस खड्का र उपकप्तान ज्ञानेन्द्र मल्लले सोचेसरह राम्रो ब्याटिङ गरे। उनीहरूले दोस्रो विकेटका लागि ३६ रनको साझेदारी गरेका थिए। तर ज्ञानेन्द्रको विकेट झरेपछि नेपालको दुर्दशा शुरू भएको थियो। उनी २१ रनमा आउट हुँदा नेपाल १३ ओभरमा २ विकेटको क्षतिमा ४७ रनमा थियो।

दीपेन्द्र सिंह ऐरीको ब्याटबाट केवल तीन रन बन्यो। उनको स्थानमा आएका आरिफ शेख आक्रामक देखिएका थिए। उनको ब्याट चल्दै थियो तर अर्को इन्डमा रहेका कप्तान पारस २६ रन बनाएर आउट भएपछि नेपालको झिनो आशा समाप्त भइसकेको थियो। पारस बोल्ड भएपछि आरिफ पनि २३ रनमै पवेलियन फर्किएका थिए। विकेटकिपर ब्याटसम्यान विनोद भण्डारीले १८ रनको योगदान दिए भने सोमपाल कामीले ११ रन बनाएका थिए। हङकङका दायाँ हाते अफ ब्रेक बलर इशान खानले ५ विकेट लिए भने अजिज खानले ३ विकेट लिए।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको घरेलु टोलीले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै १ सय ९४ रन बनाएको थियो। ओपनर जेमी एटकिन्सनले हङकङका लागि सर्वाधिक ७६ रन बनाएका थिए। नेपालका लागि सन्दीप लामिछानेले ३ तथा करण केसी र वसन्त रेग्मीले समान २ विकेट लिए भने सुसन भारीले १ विकेट लिए।

## धरहरा

### भाषण कसले लेखेको ?



खै के खै के! हाम्रा प्रधानमन्त्री पनि कुन्नी के भाका हुन्, धरहराले बुझ्न सकेको छैन। कहिले जनताले दिएको ज्ञापनपत्रलाई भाषण भनेर पढ्ने, जनताले प्रश्न सोधे तपाईं को भन्ने जस्ता काम गर्दै आउनुभएका प्रधानमन्त्रीले बिहान बिहान नै के के खानुहुन्छ, धरहराले पत्ता लगाउन सकेको छैन।

शुक्रबार बिहान ६२औं प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन पुग्नुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले बोल्ने बेलामा माइकको अगाडि यसरी बोलिदिनुभयो सबै लज्जित भए। झन्डै एक घण्टासम्म चुपचाप बस्नुभएका देउवा जब स्टेजमा पुगे, पोडियममा राखेको फाइल पल्टाएर भने यो भाषण कसले लेखेको? माइक अन थियो कार्यक्रममा सहभागीहरूले सुन्ने गरी भाषण कसले लेखेको भनेर उनले भनेपछि सहभागी एकाएक मुखामुख गरेर हाँसेका थिए। हैट हाम्रा प्रधानमन्त्री सार्वजनिक ठाउँमा के बोल्नुपर्छ भन्ने पनि बुझ्दैनन् कि के हो कुन्नी ठाउँ न कु ठाउँ जथाभावी बोलेर विवादमा आउने गरेका छन्। धन्य प्रधानमन्त्री अब पनि के के बोल्ने हो बोल्दै जानुस् दुनियाँलाई हँसाउनुस् है।

# खनाल मलेसियामा सम्मानित



क्वालालम्पुर, (एजेन्सी)

नेपाल प्रहरीको महानगरीय अपराध महाशाखाका तत्कालीन प्रमुख डीआईजी सर्वेन्द्र खनाल शुक्रबार मलेसियास्थित एसियन फुटबल महासंघ (एएफसी)को हाउसमा सम्मान भएका छन्।

दुई वर्षअघि महानगरीय अपराध महाशाखाको प्रमुख रहँदा फुटबल म्याच फिक्सिङको क्षेत्रमा विशेष योगदान गरेको भन्दै एएफसीले सम्मान गरेको हो। खनाललाई एएफसीका महासचिव डाटो विन्डसोर जोनले सम्मान गरेका थिए। खनालसँगै प्रहरी नायब उपरीक्षक सुदीपराज पाठकसमेत सम्मान भएका छन्।

उनीहरूले म्याच फिक्सिङमा लागेका नेपालका चार फुटबलर र एक फुटबलका प्रशिक्षकलाई पक्राउ गरेर अनुसन्धान गरेको थियो। नेपाल प्रहरीको सोही प्रशंसनीय योगदानका लागि एएफसी हाउसमा नेपाल प्रहरी समानयोग्य भएको हो। म्याच फिक्सिङ सावित भएपछि एएफसीको अनुशासन तथा नैतिक कमिटीले सागर थापा, सन्दीप राई, रितेश थापा, विकास सिंह क्षत्री र अञ्जन केसीलाई दोषी ठहराउँदै सबै फुटबल गतिविधिबाट आजीवन प्रतिबन्धसमेत गरेका हुन्।

# नेपाललाई दुई कांस्य

काठमाडौं, (नेस)

नेपालले प्रथम दक्षिण एसियाली जोरखाने तथा कुस्ती पेहलवानी प्रतियोगिताअन्तर्गत जोरखानेमा शुक्रबार दुई कांस्य जितेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको प्रतियोगिताको कबाडेहमा नेपालका राजु महर्जनले कांस्य जिते। बंगलादेश पहिलो र अफगानिस्तान दोस्रो भए। नेपाल जोरखाने खेलकुद संघद्वारा आयोजित प्रतियोगिताको चर्खा चामिनीमा रोजित महर्जनले नेपाललाई अर्को कांस्य दिलाए। अफ्गानिस्तानले स्वर्ण र बंगलादेशले रजत हात पारे।

प्रतियोगिताको उपराष्ट्रपति नन्दबहादुर पुनले एक कार्यक्रमबीच उद्घाटन गरे। उक्त अवसरमा अन्तर्राष्ट्रिय जोरखाने खेलकुद महासंघका अध्यक्ष एवं इरानका पूर्व उपराष्ट्रपति मोहसेन मिरालाडिभेज, राखेप सदस्य-सचिव केशवकुमार विष्ट, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठलगायतको उपस्थिति रहेको थियो। दुईदिने प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, श्रीलंका, भुटान, माल्दिभ्स, पाकिस्तान र अफगानिस्तान गरी ८ राष्ट्रका ५६ खेलाडीले विभिन्न १२ स्पर्धामा प्रतिस्पर्धा गरिरहेको आयोजक जोरखाने संघका महासचिव रवि घिमिरेले जनाएका छन्।

# विश्व जुनियर जुडोमा नेपाल

काठमाडौं, (नेस)

क्रोएसियाको जाग्रेबमा हुने विश्व जुनियर जुडो च्याम्पियनसिपमा नेपालबाट दुई खेलाडी सहभागी हुने भएका छन्। अक्टोबर १४ देखि २४ तारिखसम्म सञ्चालन हुने प्रतियोगिताको पुरुष ६६ केजीमुनि इन्द्रबहादुर श्रेष्ठ र महिला ५७ केजीमुनि मनीता श्रेष्ठ प्रधानले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। टिम व्यवस्थापकमा बाबुराजा महर्जन तथा प्रशिक्षकमा दलबहादुर गुरुङ छन्।

# राणा दिदीबहिनीलाई उपाधि

**नेपाल समाचारपत्र**

काठमाडौं

दोस्रो ललितपुर जिल्ला राष्ट्रिय खुला लन टेनिस प्रतियोगिताअन्तर्गत महिला डबल्स स्पर्धाको उपाधि माहिका राणा र मायंका राणाको जोडीले जितेको छ। ललितपुरको सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा शुक्रबार भएको महिला डबल्स स्पर्धा फाइनलमा अभिलाषा विष्ट र गंगा शर्माको जोडीलाई ६-३, ७-५ सेटमा हराउँदै राणा दिदीबहिनीले उपाधि जितेका हुन्।

त्यस्तै पुरुष एकलतर्फको सेमिफाइनल खेल जित्दै कमल भण्डारी र सन्तोष खत्रीले पनि फाइनलमा स्थान पक्का गरेका छन्। कमलले प्रणव खनाल रिटायर्ड हर्ट भएपछि सोझै फाइनलमा पुगेका हुन्। उक्त खेलमा कमल ७-६, ४-१ को अग्रतामा थिए। अर्को सेमिफाइनलमा सन्तोष खत्रीले प्रदीप खड्कालाई ६-३, ६-३ ले हराउँदै फाइनलको यात्रा तय गरे। यसअघि बिहीबार भएको महिला सिंगल्सको सेमिफाइनल खेल जित्दै मायंका राणा र प्रेरणा कोइरालाले उपाधि भिडन्त तय गरिसकेका छन्।

प्रतियोगिताको पुरुष डब्लसको सेमिफाइनलमा भने सन्तोष खत्री र आत्माराम कार्कीको जोडी र कमल भण्डारी र महेश श्रेष्ठको जोडी विजयी हुँदै उपाधि भिडन्त पक्का गरेका छन्। सन्तोष र आत्मारामको जोडीले मानबहादुर कटवाल र जीवन घिमिरेको जोडीलाई ६-४, ६-४ को सेटमा हराउँदा कमल र महेशको जोडीले पनि श्रीराम मगर र प्रणव खनालको जोडीलाई ७-५, ६-२ को सेटमा पराजित गर्दै फाइनल प्रवेश गरेका हुन्।

प्रतियोगिताअन्तर्गत शनिबार पुरुष सिंगल्स र डबल्स तथा महिला सिंगल्स स्पर्धाका फाइनल खेलहरू हुनेछन्। प्रतियोगिताको सिंगल्सतर्फ प्रथम हुने खेलाडीले नगद २५ हजार पुरस्कार प्राप्त गर्नेछ भने दोस्रो र तेस्रो हुनेले क्रमश: १५ हजार र सात हजार पाउनेछ। यसैगरी डबल्सतर्फ प्रथम हुनेले २० हजार र दोस्रो र तेस्रो हुनेले क्रमश: १० हजार र पाँच हजार प्राप्त गर्नेछन्।



राणा दिदीबहिनी फाइनलमा प्रतिस्पर्धा गर्दै । तस्वीर : उज्जोल डंगोल/काठमाडौं

# टेनिस टोली सिंगापुर जाँदै

काठमाडौं, (नेस)

फ्युचर स्टार (डब्लुटीए) रेस टु सिंगापुरमा सहभागी हुन २ खेलाडीसहित ३ सदस्यीय नेपाली टोली आइतबार सिंगापुर जाँदै छ। अक्टोबर १६ देखि २३ तारिखमा हुने प्रतियोगितामा एनी माथेमा र प्रेरणा कोइरालाले प्रतिस्पर्धा गर्नेछन्। प्रशिक्षकमा रेणुदेवी कोण्डा छिन्।

आन्तरिक राजस्व बिभागको

आ.व. २०७३/७४ को आय विवरण र सो अनुसार लाग्ने कर रकम दाखिला गर्ने सम्बन्धी सूचना

आय कर ऐन २०५८ को दफा ९६ बमोजिम प्रत्येक ब्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्रमा दफा ९७, ९८ र १०० को अधिनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नुपर्ने ब्यवस्था रहेकाले आ.व. २०७३/७४ को आय विवरण र सो अनुसार लाग्ने कर २०७४ असोज मसान्त सम्ममा ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र कर दाता सेवा कार्यालयहरुमा दाखिला गर्नुहुन अनुरोध छ ।



नेपाल समाचारपत्र कामना साधना

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९, एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ